सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१९ मंसिर २०८०, मंगलबार (5 Dec 2023, Tuesday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक २२५ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

अध्ययनपछि मात्रै एनसेलको सेयर बिक्रीबारे सरकारले निर्णय लिने

कानुन पालना भए-नभएको अध्ययन गर्न प्रधानमन्त्रीको निर्देशन

क्रेता र बिक्रेता कम्पनीको मात्रै कुरा मिलेर हुँदैन । हाम्रा कानुन छन्, दूरसञ्चारसहितका नियामक निकायहरूको पनि चासो छ । मैले आज मात्रै मुख्यसचिवलाई यस विषयमा विस्तृत अध्ययन गर्न भनेको छु । अध्ययनको निष्कर्षअनुसार गरिन्छ । कम्पनीले भन्दैमा हुँदैन ।

नयाँ पत्रिका

एनसेलको सेयर खरिद-बिक्रीमा कानुनी प्रावधान पालना भए-नभएको विषयमा सरकारले अध्ययन गर्ने भएको छ । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले नियामक निकायहरूलाई त्यसका लागि निर्देशन दिइसकेको र अध्ययनको निष्कर्षका आधारमा मात्रै निर्णय लिइने बताएका छन् ।

सरकार आर्थिक संकट समाधानमा केन्द्रित

मलेसियन टेलिकम कम्पनी आजियाटा ग्रुपले एनसेलमा रहेको आफ्नो स्वामित्वको ८० प्रतिशत सेयर बेलायतमा दर्ता भएको स्पेक्ट्रलाइट कम्पनीलाई बिक्री गरेको सार्वजनिक गरिसकेको छ । शंकास्पद रूपमा सेयर बिक्री भएको भन्दै संसद्को सार्वजनिक लेखा समितिले पनि नियामक निकायहरूसँग जवाफ मागेको छ ।

» पृष्ठ ११ मा क्रमशः



टिकटकको प्रतिबन्ध हटाउने संकेत

प्रधानमन्त्री प्रचण्डले टिकटकमाथि लगाइएको प्रतिबन्ध हटाउने संकेत गरेका छन् । सरकारले सामाजिक सञ्जालसम्बन्धी विधेयक ल्याउने तयारी गरिरहेको र त्यसमा टिकटकमाथि नियमनको प्रावधान राख्न सकिने उनको भनाइ छ । 'विधेयक आउँदै छ । त्यसमा नियमन गर्ने प्रावधान राख्न सकिन्छ,' प्रधानमन्त्रीको भनाइ छ । टिकटक सर्घैंका लागि बन्द गर्ने आफ्नो र सरकारको नियत नभएको उनको प्रस्टीकरण छ ।

प्रमुख प्रतिपक्षी एमालेका अध्यक्षदेखि सत्तागठबन्धनका नेताहरूले पटक-पटक टिकटक बन्द गर्न सुझाएको प्रधानमन्त्री प्रचण्डको भनाइ छ । 'दलहरूको बैठक बस्यो कि नेताहरूले यो बन्द गरौं भन्ने । एमाले अध्यक्षले त यो टिकटकले देश बर्बाद गर्न थालिसक्यो भन्नुभयो,' उनले भने, 'सुरुमा त मैले विवाद हुन्छ भनेर दुई-तीन महिना पर नै सारेको हो । तर, पछि आफूलाई पनि साँच्चिकै विचलन ल्यायो कि भन्ने लाग्यो । त्यसैले हाललाई बन्द गरौं भन्ने भएर गरिएको हो ।' विधेयकमा के-कस्ता नियमनकारी प्रावधान राख्न सकिन्छ भनेर सुझाव दिन पनि उनले आग्रह गरे ।

रुसी सेनामा रहेका ६ नेपालीको मृत्यु पुष्टि

नेपालीलाई रुसी सेनामा भर्ना नलिन र भर्ना भएकाहरूलाई नेपाल फर्काउन सरकारको पत्राचार

रुसमा मृत्यु भएकाहरू

१. सन्दीप थपलिया (गोरखा) । २. रूपक कार्की (वाणगंगा- १, कपिलवस्तु) । ३. देवान राई (पोखरा, कास्की) । ४. पितम कार्की (पुतलीबजार- ५, स्याङ्जा) । ५. राजकुमार रोका (मेलुङ- ६, दोलखा) । र, ६. गंगाराज मोक्तान (इलाम- ५, इलाम)



● **डा. मिलनराज तुलाधर**, रुसका लागि नेपाली राजदूत

उहाँहरूको आइडी कार्ड र पासपोर्ट नम्बरका आधारमा नेपाली हुन् भन्ने भएपछि हामीलाई रुसी सेनाले जानकारी दिएको छ । उहाँहरू रुसी सैनिकमा भर्ती भएर युक्रेनसँगको युद्धका क्रममा मारिनुभएको जानकारी आएको छ । तर, मृतकको शवको अवस्थाबारे पनि हामीलाई जानकारी छैन, हामीले रुससँग विस्तृत जानकारी मागेका छौं ।

पर्शुराम काफ्ले/नयाँ पत्रिका

रुस-युक्रेन युद्धमा अहिलेसम्म रुसी सेनामा कार्यरत ६ नेपाली नागरिकको मृत्यु भएको पुष्टि भएको छ । युद्धका क्रममा ६ नेपालीको मृत्यु भएको र एकजनालाई युक्रेनी सेनाले बन्दी बनाएको परराष्ट्र मन्त्रालयले जनाएको छ । करिब दुई सय नेपाली रुसी सेनामा कार्यरत रहेको अनुमान छ ।

रुसी सेनाले मस्कोस्थित नेपाली राजदूतावासमार्फत नेपाल सरकारलाई जानकारी दिएपछि परराष्ट्र मन्त्रालयले मृत्यु र बन्धक नागरिकबारे सोमबार विवरण सार्वजनिक गरेको हो । परराष्ट्र मन्त्रालयका

» पृष्ठ ११ मा क्रमशः



रुसी सेनामा भर्ना नहुन सरकारको पुनः आग्रह

नेपाल सरकारले नेपाली नागरिकलाई रुसी सेनामा भर्ना नगर्न पनि रुस सरकारलाई आग्रह गरेको छ । 'कुनै नेपाली नागरिकलाई भर्ना गरेको भए त्यस्ता नागरिकलाई तत्काल नेपाल फर्काउनसमेत नेपाल सरकारले रुसी सरकारलाई अनुरोध गरेको छ,' परराष्ट्रले विज्ञप्तिमा भनेको छ । परराष्ट्र मन्त्रालयले कसैको प्रलोभनमा परी वा गलत सूचनाको आधारमा युद्धग्रस्त मुलुकहरूको सेनामा भर्ना नहुन अनुरोध गरेको छ ।

रुस जान नेपालीलाई सरकारको एड्भाइजरी

सरकारी कामकाज, रुसी सरकारको छात्रवृत्ति तथा पेसा-व्यवसायमा संलग्न भएकालाई बाहेक अन्य सर्वसाधारण नागरिकलाई रुस यात्रा गर्नुपरे जानकारी दिएर मात्र यात्रा गर्न अनुरोध गरेको छ । 'परराष्ट्र मन्त्रालयअन्तर्गतको कन्सुलर सेवा विभाग, त्रिपुरेश्वरबाट जारी गरिने नो अब्जेक्सन सर्टिफिकेट (एनओसी) लिएर मात्र यात्रा गर्नुहुन सर्वसाधारण सबैमा यस मन्त्रालय हार्दिक अपिल गर्दछ,' मन्त्रालयको विज्ञप्तिमा छ ।

युक्रेनमा विवेक खत्री बन्धक, छुटाउन पत्राचार



● **रामकाजी खड्का**, युक्रेनसमेत हेर्ने जर्मनीका लागि नेपाली राजदूत

युक्रेन युद्धमा भएका कारण सोचेजसरी कुराकानी हुन पाएको छैन । तर, हामीले पत्र पठाएर चासो राखेका छौं, सम्बन्धित निकायमा नेपालको चासो पुऱ्याउँछौं भन्ने जानकारी आएको छ । योबाहेक केही पनि जानकारी छैन ।

काठमाडौं/ परराष्ट्रले रुसी सेनामा भर्ना भएका विवेक खत्री हाल युक्रेनमा बन्दी अवस्थामा रहेको पुष्टि गरेको छ । बर्दियाका खत्री रुसी सेनामा भर्ती भएपछि युक्रेनसँगको युद्धका क्रममा असोज अन्तिम सातादेखि रुसी सेनाको नियन्त्रणमा छन् । उनलाई नेपाल फिर्ता गर्ने सम्बन्धमा समेत कूटनीतिक पहल भइरहेको परराष्ट्रले जनाएको छ ।

युक्रेनसमेत हेर्ने जर्मनीका लागि नेपाली राजदूत रामकाजी खड्काले खत्रीको रिहाइका लागि राजदूतावासले युक्रेन सरकारलाई पत्र पठाएको बताए । 'युक्रेन युद्धमा भएका कारण सोचेजसरी कुराकानी हुन पाएको छैन । तर, हामीले पत्र पठाएर चासो राखेका छौं, सम्बन्धित निकायमा नेपालको चासो पुऱ्याउँछौं भन्ने जानकारी आएको छ । योबाहेक केही पनि जानकारी छैन,' राजदूत खड्काले जर्मनीबाट टेलिफोनमा भने ।

नेपालले युक्रेनमाथि रुसी हमलाको विरोध गरेको थियो । यो सन्दर्भसमेत उल्लेख गर्दै नेपाल सरकारका तर्फबाट युक्रेनलाई खत्रीको रिहाइका लागि चिठी लेखिएको छ ।

युक्रेनको गृह मन्त्रालयका सल्लाहकार एन्टोन गेरासचेन्कोले २ कात्तिकमा ट्विटरमा खत्री युक्रेनी सुरक्षा फौजको नियन्त्रणमा रहेको भन्दै उनको भिडियो सार्वजनिक गरेका थिए । उक्त भिडियोमा खत्रीले घरको आर्थिक अवस्थाका कारण रुसी सेनामा भर्ती भएको बयान दिएका छन् । साथीका कारण रुसी सेनामा भर्ती भएको, तर अब घर फर्किन चाहेको पनि उनले बताएका छन् ।

सरकारी अस्पतालका प्रमुखहरू धमाधम हटाइँदै

वीर अस्पतालदेखि बिमा बोर्डसम्म निमित्तको भरमा

(विस्तृत पृष्ठ ३)

कर्नर किक

● रवि मिश्र



■ सम्पत्ति शुद्धीकरणमा नेपालको मूल्यांकन

कानुनीलगायतका सुधार नगरे 'ग्रे लिस्ट'मा राख्ने चेतावनी

सुवास भट्ट/नयाँ पत्रिका

सम्पत्ति शुद्धीकरण मामिला हेर्ने अन्तर्राष्ट्रिय केन्द्रीय संस्था वित्तीय कारबाही कार्यदल (एफएटिएफ)ले कानुनी पक्षमा आवश्यक सुधार नगरे नेपाललाई सम्पत्ति शुद्धीकरणको 'ग्रे लिस्ट'मा राख्ने चेतावनी दिएको छ । एफएटिएफले गत कात्तिकमा नेपाललाई औपचारिक पत्र लेखेर शीघ्र कानुनीलगायतका सुधार गर्न भनेको थियो । यसका लागि आगामी अक्टोबर (भदौ-असोज)सम्मको समयसीमा तोकेको छ ।

गत २४-२९ असारमा क्यानडामा भएको सम्पत्ति शुद्धीकरण मामिलामा एसिया प्रशान्त क्षेत्र हेर्ने समूह (एपिजी अन मनी लाउन्डरिङ)को वार्षिक साधारणसभाले नेपाललाई निगरानीमा राख्ने जानकारी गराइसकेको छ । तर, त्यसको औपचारिक जानकारी नेपाललाई दिइएको थिएन । अहिले भने एफएटिएफले पत्र पठाएर सुधारका लागि समयसीमासहितको अवसर दिएको कानुन मन्त्रालय स्रोतले बताएको । एफएटिएफले पत्रमा मूलतः कानुनी सुधारको विषयलाई जोड दिएको छ ।

एफएटिएफले सम्पत्ति शुद्धीकरणको मूल्यांकनमा प्रभावकारिता र प्राविधिक परिपालना (टेक्निकल कम्प्लायन्स)लाई अलग-अलग हेरेर अन्तमा त्यसको समग्रतामा अन्तिम मूल्यांकन गर्छ । समग्र मूल्यांकनमा नेपालको रेटिङ कमजोर देखिन्छ । सम्पत्ति शुद्धीकरणको प्रभावकारिताको मूल्यांकन गर्दा ११ वटा सूचकलाई आधार मानिन्छ । यसमा अवस्था हेरेर उच्च, पर्याप्त, मध्यम र न्यून रेटिङ गरिन्छ । उच्चमा लगभग सबै 'रिक्वायर्मेन्ट' पुगेको, पर्याप्तमा सामान्य सुधार आवश्यक भएको, मध्यममा प्रमुख सुधार आवश्यक भएको र न्यूनमा मूलभूत सुधार नै आवश्यक भएको अवस्था हुनुपर्ने तोकिएको छ ।

निगरानी वा कालोसूचीमा पर्ने विभिन्न प्रक्रिया छन् । ११ मध्ये चार वा चारभन्दा

» पृष्ठ ११ मा क्रमशः

कालोसूचीको आधार

सम्पत्ति शुद्धीकरणको प्रभावकारिताको मूल्यांकन गर्दा ११ वटा सूचकलाई आधार मानिन्छ । यसमा अवस्था हेरेर उच्च, पर्याप्त, मध्यम र न्यून रेटिङ गरिन्छ । चार वा चारभन्दा बढीको न्यून भए र सात वा सातभन्दा बढी मध्यम वा न्यून भए त्यो निगरानी वा कालोसूचीमा जान्छ । नेपालको हालको अवस्था चारवटा सूचकमा मध्यम र बाँकी सातमा न्यून छ ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

लुम्बिनीमा चार महिनामा ३६७ दुर्घटना, ११५ को मृत्यु

बुटवलमा **विष्णु घिमिरे**

लुम्बिनी प्रदेशमा विगत चार महिनामा एक सय १५ जनाले दुर्घटनामा ज्यान गुमाएका छन् । चालू आर्थिक वर्षको साउनदेखि कात्तिक मसान्तसम्ममा तीन सय ६७ दुर्घटना हुँदा २७ चौपायाको समेत ज्यान गएको छ । दुर्घटनामा परी तीन सय ४७ जना गम्भीर घाइते भएका छन् भने सामान्य घाइतेको संख्या दुई सय ३४ रहेको छ ।

» पृष्ठ ११ मा क्रमशः

MetLife

तपाईंसँगै जीवनमा अघि बढ्दै

बोनसदर निर्धारण भएको
सूचना

अमेरिकन लाईफ इन्स्योरेन्स कम्पनीको आ.व. २०७९/८० (१७ जुलाई २०२२ देखि १६ जुलाई २०२३) सम्मको बीमाङ्कीय मूल्यांकन अनुसार मुनाफामा सरिक हुने सम्पूर्ण जीवन बीमालेखहरुको लागि उक्त अवधिको प्रति वर्ष प्रति हजार बीमाङ्कमा निम्नानुसार बोनसदर निर्धारण भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध गर्दछौं ।

बीमा योजना	बीमा योजना (वर्ष)	बोनस (प्रति हजार)	बीमालेख संख्या
शिक्षा संरक्षण बीमा (Education Protection Plan)	१-१५	रू ६०/-	१४,९३७
	१६-२०	रू ७०/-	१६,५३४
	२१ वा सो भन्दा माथि	रू ८०/-	५,२८४
सावधिक जीवन बीमा (Endowment Plan)	१-१५	रू ६०/-	३,१५३
	१६-२०	रू ७०/-	५,५६८
	२१ वा सो भन्दा माथि	रू ८०/-	१,८२६
अग्रिम भुक्तानी योजना (Three Payment Plan)	१-१५	रू ४५/-	१०,२८६
	१६-२०	रू ५५/-	३,६०७
	२१ वा सो भन्दा माथि	रू ६५/-	४,६८९

उपरोक्त अनुसारको बोनसदर मृत्यु दावी, समर्पण मूल्य दावी, चुक्ता मूल्य दावी, अवधि भुक्तानी दावी र चालू बीमालेखहरुमा लागू हुनेछ । साथै अर्को बीमाङ्कीय मूल्यांकन अनुसार नेपाल बीमा प्राधिकरणबाट अर्को व्यवस्था गर्न स्वीकृति नभएसम्म उल्लेखित दावीहरुमा समेत सोही बोनसदर लागू हुनेछ ।

अमेरिकन लाईफ इन्स्योरेन्स कम्पनी
नारायणी कम्प्लेक्स, पुल्चोक, पो. ब. नं. ११५९०, फोन नं. ९७७-१-५९७०१६६
ईमेलः service-nepal@metlife.com.np, वेबः www.metlife.com.np

लेकतिर : हिउँ फुरुरू, किसान फुरुंग

हुम्लामा **नरजन तामाङ**
मुगुमा **अच्युतराज भण्डारी**

कर्णाली र गण्डकी प्रदेशका हिमाली तथा उच्च पहाडी क्षेत्रमा हिउँ परेपछि किसान खुसी भएका छन् । हिउँदे बालीका लागि यतिवेलाको हिउँ राम्रो मानिन्छ ।

हुम्ला, मुगु, मनाङ र बागलुङको ढोरपाटन क्षेत्रमा सोमबार हिमपात भएको हो । चिसोका कणमिश्रित पश्चिमी वायु पहाडी तथा हिमाली क्षेत्रमा बहँदा मुगुको रारा, हुम्लाको सिमकोटलगायत क्षेत्रमा एक फिटसम्म हिमपात भएको मौसम पूर्वानुमान महाशाखाका मौसमविद् सञ्जीव अधिकारीले बताए । 'उच्च हिमाली क्षेत्रमा यसअघि पनि (यस सिजनको) हल्का हिमपात भएको थियो, तर सोमबार भने क्षेत्रगत र परिमाणका हिसाबले पहिलो हिमपात हो,' मौसमविद् अधिकारीले भने ।

यसपालि वेलैमा हिमपात भएपछि हुम्लाको सर्केगाड गाउँपालिका- ३ की २८ वर्षीया शोभा फडेरा बाली राम्रो हुने भन्दै खुसी छिन् । उनले गहुँ, जौ र ऊवा लगाएकी छिन् । समयमै हिउँ परेपछि मंसिरमा छरेर जेठमा भित्र्याउने बाली राम्रो हुने संकेत देखिएकाले किसान हर्षित छन् । मंसिर-पुसमा बाक्लो हिमपात भएमा चैत-वैशाखमा लगाइने कोदो, फापर, चिनो, मार्से लट्टे, भटमास, सिमी, काग्रुनो, आलुको उत्पादन बढ्छ ।

हुम्ला सदरमुकाम सिमकोट, उत्तरी नाम्खा गाउँपालिकाका

» पृष्ठ ११ मा क्रमशः



सोमबार हिमपातपछिको हुम्ला सदरमुकाम सिमकोट । यहाँ एक फिटसम्म हिउँ परेको थियो ।

महानगरका कर्मचारीलाई सिपिआरको प्रयोगात्मक कक्षा

काठमाडौं/ काठमाडौं महानगरपालिकाका कर्मचारीहरूले कार्डिपल्मोनरी रिस्सिटेसन (सिपिआर)को आधारभूत तालिम लिएका छन् । विपत् क्षति न्यूनीकरणका लागि पूर्वतयारी, विपत्का समयको प्रतिकार्य र त्यसपछिको पुनर्स्थापनामा वडाले निर्वाह गर्नुपर्ने भूमिका, यसका लागि जान्नुपर्ने आधारभूत ज्ञान र व्यवस्थापनका लागि हुनैपर्ने सीप विकासका लागि सिपिआर तालिम दिइएको हो । तीनदिने तालिम (१५, १६ र १७ मंसिर)को अन्तिम दिन यसको प्रयोगात्मक अभ्यास गरिएको हो । विपत् व्यवस्थापन विभागले आयोजना गरेको तालिममा वडासचिव, इन्जिनियर र विपत्का समयमा सक्रिय हुनुपर्ने विभागहरू (प्रशासन, लेखा)का अधिकारीहरू सहभागी थिए । सिपिआर जीवनको अन्तिम अवस्थामा पुगेका व्यक्तिको फोक्सो र मुटुको गतिलाई पुनर्स्थापना गर्ने प्रक्रिया हो । व्यक्ति जुनसुकै समयमा पनि यो अवस्थामा पुग्न सक्छ । त्यसवेला स्वास्थ्यकर्मी नहुन सक्छन् । यस अवस्थामा सिपिआर बुझेका व्यक्तिले सिपिआर गरेर अवस्थालाई सामान्य बनाउने प्रयास गर्न सक्छन् ।

Department of Roads

Road Division, Biratnagar

Invitation of Bid

Tender Notice Number: T6/2080/81

First Date of Publication:- 2080-08-19 (2023-12-05)

1. **The Road Division, Biratnagar invites online bids from duly registered eligible national bidders for the following works under National Competitive Bidding.**

S. N	Contract ID	Description and Location of work	Average Annual Construction Turn Over (Nrs)	Estimated Amount (without VAT) (NRs)	Bid Document Fee (NRs)	Bid Security Amount (NRs)	BidValidity Period / Bid Security Validity Period
1.	RDBRT/ 337310113/ 2080/81-26	Pavement works on Pathari Dekhi Kirtipur Sadak, Pathari Shanischare, Morang	34.00 Million		5,000.00	6,50,000.00	90 days / 120 days
2.	RDBRT/ 337310113/ 2080/81-27	Pavement works along Baklauri panchayat bata dharan 8 ko haryali jodne sadak dhran , Sunsari	-	42,73,124.04	3,000.00	1,28,000.00	90 days / 120 days
3.	RDBRT/ 337310113/ 2080/81-28	Pavement works along Milan chowk Paschim Uttar Bhimal Tole jane Sadak, Urlabari 01, Morang	-	42,72,849.46	3,000.00	1,28,000.00	90 days / 120 days
4.	RDBRT/ 337310113/ 2080/81-29	Pavement works along Guwabari Gyanu Chowk Kaliko Ghar smaa Hudai Dadah Tole Ghumti Sadak Letang Na Pa 6,Morang	-	42,72,743.74	3,000.00	1,28,000.00	90 days / 120 days
5.	RDBRT/ 337310113/ 2080/81-30	Pavement works along Hamro Chowk dekhi Madan gram jane sadak blacktop, Ratuwamai ward no 9 and 10, Itahara, Morang	-	25,63,528.65	3,000.00	76,000.00	90 days / 120 days

2. ***Information to deposit the cost of bidding document and bid bond in bank:***

Office Name	*Ko.Le.Ni.Ka.*	***Last date of Submission***	***2080-09-19 (4th Jan 2024) Time:- 12:00 hrs***
Name of Bank	*Agriculture Development Bank Ltd, Biratnagar*	***Opening***	***2080-09-19 (4th Jan 2024) Time:- 13:00 hrs***
Rajaswa khata no.	*0100201277009016 (for bid document fee)*	***Pre-bid meeting***	***2080-09-06 (22th Dec 2023) Time:- 11:30 hrs***
Rajaswa shirshak no.:	*14229*	***Office Code no.:-***	*337011301*
Deposit Account No.	*0601601014070045*		

3. ***Bidder can only bid electronically through e-procurement section of PPMO's website http://www.bolpatra.gov.np/egp. For details please see in the bid document uploaded in the web site.***

DIVISION CHIEF

Karnali Province Government

Ministry of Physical Infrastructure and Urban Development

Infrastructure Development Directorate

Infrastructure Development Office (IDO)

Salyan, Nepal

Invitation for Bids

IFB No: 02/IDO/SLN/W/NCB/2080/081

Date of First Publication: 2080/08/19 (2023/12/05 A.D.)

1. Infrastructure Development Office (IDO), Salyan Invites Open Competitive Bidding from the Eligible Bidders for the Construction Works given in table below under National Competitive Bidding Procedures.

S.N.	Contract Id/ Description of Project	Estimated Amount, NRs (Excluding VAT & Contingency)	Bid Security Amount (NRs)	Bid Document Fee (NRs.)	Bid Validity and Bid Security Period	Last Date and Mode of Bid Submission
1	IDO/SLN/W/NCB/11/2080/081 **Construction and Upgrading of Sarada Nadi Barala Dekhi Thadadhunga Dharkhani Sadak, Sarada, Salyan**	41,21,455.48	1,20,000	3,000	Bid validity and Bid security validity period shall be **90** and **120 days** from last Date of Bid Submission.	Electronic bids must be submitted to Infrastructure Development Office, Salyan through PPMO website www.bolpatra.gov.np/egp. On or before 12:00 Noon. On 2080/09/19 (January 04, 2024).
2	IDO/SLN/W/NCB/12/2080/081 **Construction and Upgrading of Siure Motorbato Nirman Sarada Nagarpalika 9, Salyan**	25,60,373.25	70,000	3,000		
3	IDO/SLN/W/NCB/13/2080/081 **Construction and Upgrading of Khara Syal Maineli Lakhar Sadak Starnnoti Bangadkupinde 5, Salyan**	25,31,834.83	75,000	3,000		
4	IDO/SLN/W/NCB/14/2080/081 **Construction of Salyan Jilla Sarada Nagarpalika Ward no. 14 ko Bhattachaur hudaii Dharkhani Lekhapokhara Paidal Marg Tatha Railing Nirman, Salyan**	42,19,617.10	1,25,000	3,000		
5	IDO/SLN/W/NCB/15/2080/081 **Construction and Upgrading of Salli Bazar Tatke Karakot Uchalne Kalalekh Kumakh Rarechaur Sadak, Salyan**	30,74,456.77	90,000	3,000		
6	IDO/SLN/W/NCB/16/2080/081 **Construction and Upgrading of Chisapani Balledanda Nigalkhola Chaurjahari Jodne Sadak, Salyan**	42,22,257.44	1,25,000	3,000		
7	IDO/SLN/W/NCB/17/2080/081 **Construction and Upgrading of Nigalkhola Taalchhari Balledanda, Kumakh 5, Salyan**	25,18,326.50	75,000	3,000		
8	IDO/SLN/W/NCB/18/2080/081 **Upgrading of Tharmare Swotagor Khali Nuwagaun Sadak Sttarunnati Bagchaur, Salyan**	42,23,402.52	1,25,000	3,000		
9	IDO/SLN/W/NCB/19/2080/081 **Construction of Slab Culvert Along Pedikhola Laise Pirawaikhola Road Chhatreshowari 3& 4, Salyan**	33,28,009.43	1,00,000	3,000		

Bank Details to deposit the fee for Bidding document and Bid security

Name of Office: **Infrastructure Development Office, Salyan** Name of the Bank: **Nepal Bank Limited, Salyan**	Revenue Account Number (For Bidding Documents): **27502000001001000001**	Rajaswo Shirshak (revenue) Number: **14229**	Account Number for Bid Security: **07402000002003000001**	Office Code Number: **3370160016**

2. Eligible Bidders may obtain further information from Infrastructure Development Office, Salyan Telephone No:- 088-520132 **or may visit PPMO e-GP System www.bolpatra.gov.np/egp.**

Office Chief

■ विवादमा हनुमानढोका प्रहरी कार्यालयको पुरानो भवन

म्युजियम बनाउनुपर्ने प्रहरीको भनाइ, पुरातत्त्व विभाग भन्छ– भत्काएर खाली गर्नुपर्छ



हनुमानढोकास्थित तत्कालीन प्रहरी परिसर काठमाडौंको भवन । तस्बिर : नयाँ पत्रिका

शिवहरि घिमिरे/नयाँ पत्रिका

हनुमानढोकास्थित कालभैरव मूर्तिसँगै रहेको तत्कालीन जिल्ला प्रहरी परिसर काठमाडौंको भवन भत्काएर खाली गर्नुपर्ने माग स्थानीय र पुरातत्त्व विभागले गरे पनि नेपाल प्रहरीले असहमति जनाउँदै आएको छ । विश्व सम्पदा क्षेत्रभित्र पुरानो र जीर्ण प्रहरी भवन राख्दा सम्पदा क्षेत्र कुरूप तथा जोखिमपूर्ण देखिएको भन्दै स्थानीयले हटाउन माग गरेका हुन् । उनीहरूले पुरातत्त्व विभागसँग उक्त भवन हटाउन आग्रह गरेका हुन् । तर, प्रहरीले साढे दुई रोपनी क्षेत्रफलमा रहेको उक्त भवनमा वसन्तपुरको ऐतिहासिकतासँग मिल्ने गरी प्रहरीकै म्युजियम बनाउने योजना अघि सार्ने तयारी गरेको छ । साथै, उक्त भवन भएको जग्गा नेपाल प्रहरीकै नाममा रहेकाले त्यसलाई प्रहरीकै प्रयोजनमा ल्याउन नेपाल प्रहरीको अडान छ । यसबारे जिल्ला प्रहरी परिसर टेकुमा छलफल भइरहेको प्रहरीको भनाइ छ ।

हाल जिल्ला प्रहरी परिसर काठमाडौं टेकुमा सरिसकेको छ । ०१२ देखि ०७२ सम्म परिसरको कार्यालय हनुमानढोकामै थियो । ०७२ सालको भूकम्पका कारण हनुमानढोकास्थित कार्यालयमा क्षति पुगेपछि टेकुमा सरेको थियो । भूकम्पले चर्किएको यस भवनमा अहिले भने सुरक्षार्थ केही प्रहरी मात्रै बस्दै आएका छन् ।

तत्कालीन संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री जीवनराम श्रेष्ठका पालामा उक्त भवन भत्काएर खुला गर्न टिप्पणी उठाइएको थियो । त्यसमा काठमाडौं महानगर, स्थानीयवासी, पुरातत्त्व विभागले हस्ताक्षर गरेका थिए । तर, सम्पदा क्षेत्रको प्रहरी भवन हटाउनेबारे हालसम्म कुनै तयारी भने नगरेको सम्पदाप्रेमी यादवलाल कायस्थले जानकारी दिए । उनका अनुसार टिप्पणी पर्यटन मन्त्रालयमै अड्किएको छ । 'विश्वसम्पदा क्षेत्रलाई खुला गर्नुपर्छ, यो पुरानो प्रहरी भवन भत्काएर खुला राख्नुपर्छ,' कायस्थले भने, 'अहिले प्रहरी कार्यालय भएको क्षेत्र कुरूप देखिएको छ, यो हटाउँदा सम्पदा क्षेत्र व्यवस्थित र सुन्दर देखिन्छ ।' वसन्तपुरका स्थानीय गौतम शाक्यले पनि उक्त प्रहरी भवन हटाएर त्यस ठाउँलाई खाली राख्नुपर्ने वा म्युजियम बनाउनुपर्ने बताए ।

भवन जीर्ण तथा जोखिमपूर्ण भए पनि यहाँ आठ-नौ जना प्रहरी बस्छन् । काठमाडौं महानगरपालिकाले नगर प्रहरी खटाए पनि प्रभावकारी नदेखिएपछि दिउँसोको समयमा पनि वसन्तपुरवरिपरि नेपाल प्रहरीले नै सुरक्षा दिँदै आइरहेको छ । वसन्तपुरनजिकै जुद्ध सालिकसँगै जनसेवा प्रहरी वृत्त छ । नजिकै प्रहरी वृत्त रहेकाले यस क्षेत्रको सुरक्षाका लागि पुरानो भवनमा प्रहरी बस्नुनपर्ने स्थानीयको दाबी छ । तर, स्थानीयको मागप्रति नेपाल प्रहरी सहमत छैन ।

जिल्ला प्रहरी परिसर काठमाडौंका डिएसपी अनिल अधिकारीले तत्कालीन जिल्ला प्रहरी परिसर रहेको हनुमानढोका स्थानीयका लागि खुला गर्न नसकिने जानकारी दिए । 'हनुमानढोका प्रहरी भवन रहेको जग्गाको लालपुर्जा हाम्रो नाममा छ, यसलाई प्रहरी म्युजियम बनाउने कुरा उठिरहेको छ,' उनले भने, 'प्रहरीसँग सम्बन्धित सामग्री राख्नलाई यो ठाउँ उपयुक्त हुन्छ, हाल प्रहरी हेडक्वार्टरमा रहेको प्रहरी म्युजियम सबैका लागि सहज छैन, तर वसन्तपुरमा म्युजियम सारियो भने विश्वभरका मानिसले अवलोकन गर्न सक्छन् ।' उनका अनुसार यो ठाउँमा प्रहरी म्युजियम बनाएर नेपाल प्रहरीको उत्पति, इतिहासबारेका दस्ताबेज र हतियारबारे प्रदर्शनीहरू राख्न सकिन्छ । 'यो ठाउँमा प्रहरी बसेन भने लुटपाटका घटना पनि हुन्छन्, त्यसैले हामीले त्यो जग्गा प्रहरीकै हुनुपर्छ भनेका छौं,' डिएसपी अधिकारीले भने, 'अहिले पनि रातितिर घुम्न गयो भने अव्यवस्थित देखिन्छ, यो क्षेत्रमा हुने घटना रोक्न यहींको प्रहरी परिचालन गर्न सहज हुन्छ ।' तर, प्रहरी भवन भत्काउन स्थानीयले जबर्जस्ती गर्न खोजेको उनको आरोप छ । यसअघि काष्ठमण्डप पुनर्निर्माण गर्दा यहींभित्र बसेर पुनर्निर्माणसम्बन्धी काम गरिएको थियो ।



● **डिएसपी अनिल अधिकारी**, जिल्ला प्रहरी परिसर काठमाडौं



● **सौभाग्य प्रधानांग**, महानिर्देशक, पुरातत्त्व विभाग

पुरातत्त्व विभागकी महानिर्देशक सौभाग्य प्रधानांगले पुरातत्त्व विभाग पनि उक्त भवन हटाउनुपर्ने पक्षमा रहेको बताइन् । 'यो भवन पुरातात्त्विक होइन, यसलाई हामीले पनि भत्काउनुपर्छ भन्ने धारणा राख्दै आएका छौं,' उनले भनिन्, 'यसअघि पनि भत्काउनुपर्छ भन्ने निर्णय भएको रहेछ ।'

हनुमानढोका दरबार संग्रहालय विकास समितिका कार्यकारी निर्देशक सन्दीप खनाललेे यो भवन पुरातत्त्वको मातहतमा ल्याउन यसअघि जीवनराम श्रेष्ठ पर्यटनमन्त्री हुँदादेखि नै प्रयासहरू भइरहेको बताए । 'यो भवन आफैंमा बस्नयोग्य छैन, तर केही प्रहरी जोखिम मोलेर बसिरहेका छन्,' उनले भने, 'स्थानीयको माग पनि त्यही छ, यसलाई हटाउन मिल्छ, यो पुरातात्त्विक भवन होइन ।'

नाबालिकालाई यौनधन्दामा लगाउने महिला पक्राउ

काठमाडौं/ उपत्यकाका विभिन्न स्पा, मसाज सेन्टर तथा गेस्टहाउसमा नाबालिकालाई जबर्जस्ती यौनधन्दामा लगाउने गरेको पाइएपछि प्रहरीले निगरानी बढाएको छ । यसक्रममा प्रहरीले एक स्पा सेन्टर र गेस्टहाउसमा छापा मारेको छ । मानव बेचबिखन अनुसन्धान ब्युरोबाट खटिएका प्रहरीले स्पा र गेस्टहाउसबाट पाँचजना नाबालिकाको उद्धार गरेको छ । ब्युरोले आइतबार गोंगबुस्थित गेस्टहाउसबाट तीन नाबालिकाको उद्धार पनि गरेको छ । घटनामा संलग्न तनहुँ भिमाद नपा-२ की २५ वर्षीया सपना तामाङ भनिने पूजा रानालाई प्रहरीले पक्राउ गरेको छ ।

प्रहरीका अनुसार उनले विभिन्न प्रलोभनमा फसाई नाबालिकालाई ग्रामीण क्षेत्रबाट जम्मा गर्थिन् र जबर्जस्ती यौनधन्दामा लगाउँथिन् । नाबालिकालाई लुकाएर राख्न उनले कोठा नै भडामा लिएकी थिइन् । सोही कोठाबाट उनले सम्पर्कमा आएका ग्राहककहाँ नाबालिका पठाउँथिन् । उनले १० महिनादेखि यसरी नै यौनधन्दामा लगाउँदै आएको प्रहरीको अनुसन्धानबाट खुलेको छ । ब्युरोले गत ११ असोजमा रातोपुलस्थित नुवाकोट ब्युटिपार्लर एन्ड स्पा सेन्टरमा छापा मारेको थियो । सेन्टरबाट प्रहरीले दुई नाबालिकाको उद्धार गरेको थियो । घटनामा संलग्न सेन्टरका सञ्चालक संखुवासभा चिचिला गापा-१ का ४३ वर्षीय दिनेश पौडेललाई प्रहरीले पक्राउ गरेको थियो ।

संक्षेपमा उपत्यका

लाजिम्पाट : सामाजिक सञ्जालमार्फत यौनधन्दा सञ्चालन गरेको अभियोगमा प्रहरीले सातजनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा काभ्रेपलाञ्चोक भुम्लुका २७ वर्षीय सुरेशकुमार श्रेष्ठ, कलंकीका २७ वर्षीय सुरज खड्का, रामेछाप दोरम्बाका २७ वर्षीय छत्रबहादुर रोक्का, ओखलढुंगा लिखुका ३३ वर्षीय गोपाल थापा, सिन्धुली सुनकोसीका ४४ वर्षीय सेते कार्की, सल्यान कपुरकोटका २५ वर्षीय शिवराज परियार र नुवाकोट विदुरका ३० वर्षीय अमृत रोक्का रहेका छन् । उनीहरूलाई प्रहरीले लाजिम्पाट, दरबारमार्ग, नयाँ बसपार्क, तिलिगेटार, बानेश्वरलगायतका ठाउँबाट पक्राउ गरिएको हो ।

गौचरण : त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट चार सय ७२ ग्राम सुनसहित भारतीय नागरिक ३९ वर्षीय सेहजाद खानलाई आइतबार साँझ प्रहरीले पक्राउ गरेको छ । बुद्ध एयरको उडानद्वारा नेपालगन्ज जान लागेका उनलाई जाँच गर्ने क्रममा कार्डबोर्ड पेपरभित्र तीन सय नौ ग्राम र लगेजको पांग्राभित्र फल्स बटम बनाई लेपन लगाई एक सय ६३ ग्राम गरी उक्त परिमाणको सुन लैजान लागेको अवस्थामा फेला पारी पक्राउ गरेको हो । उनलाई आवश्यक अनुसन्धान तथा कारबाहीका लागि विमानस्थल भन्सार कार्यालय गौचरमा पठाइएको छ ।

सानेपा : ललितपुर मनपा-२, सानेपा डेरा गरी बस्ने खोटाडकी ३४ वर्षीया सुप्रिया राईको कोठाबाट करिब २४ लाख १६ हजार रुपैयाँ मूल्यबराबरको सुन तथा चाँदीका गहना आइतबार बिहान चोरी भएको छ । घरमा कोही नभएको अवस्थामा मूलगेटको ढोका फोडी करिब २० तोला सुनका गहना र ६३ तोला चाँदीका गहना गरी उक्त रुपैयाँबराबरको धनमाल चोरी भएको छ । प्रहरीले चोरीमा संलग्न व्यक्तिको खोजी गर्नुका साथै यस सम्बन्धमा थप अनुसन्धान गरिरहेको छ ।

विमानस्थल : त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट अवैध रूपमा लुकाइछिपाइ बाह्य मुलुकतर्फ लैजान लागेको अमेरिकी डलरसहित पोल्यान्डकी एक महिलालाई प्रहरीले पक्राउ गरी सार्वजनिक गरेको छ । पक्राउ पर्नेमा रिपब्लिक अफ पोल्यान्डकी नागरिक ३७ वर्षीया पाउलिना गाब्रेला माडेज रहेकी केन्द्रीय प्रहरी प्रवक्ता तथा प्रहरी नायब महानिरीक्षक कुबेर कडायतले जानकारी दिए । उनका अनुसार फ्लाई दुबईको उडानद्वारा दुबई हुँदै पोल्यान्ड जान लागेकी महिला विमानस्थलमा जाँच गर्ने क्रममा एक सय दरका एक सय १३ थान, ५० दरका ३८ थान र २० दरका १५ थान गरी जम्मा १३ हजार पाँच सय अमेरिकी डलरसहित फेला पारी आइतबार पक्राउ गरिएको हो । उनलाई आवश्यक अनुसन्धान तथा कारबाहीका लागि राजस्व अनुसन्धान विभाग हरिहरभवन पुल्चोक ललितपुर पठाइएको प्रवक्ता तथा प्रहरी नायब महानिरीक्षक कडायतले बताए ।

सरकारी अस्पतालका प्रमुखहरू धमाधम हटाइँदै

वीर अस्पतालदेखि बिमा बोर्डसम्म निमित्तको भरमा

शिवहरि घिमिरे/नयाँ पत्रिका

डा. सन्तोष पौडेलले वीर अस्पतालको नेतृत्व सम्हालेको नौ महिना मात्रै पुगेको थियो । वीरमा केही सुधारका अभ्याससमेत गरेका कार्यकारी निर्देशक पौडेललाई शुक्रबार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट अचानक पत्र काटियो । पत्रमा उनलाई अस्पतालको जिम्मेवारी छाडेर मन्त्रालयमा हाजिर हुन भनियो । उनीमाथि राष्ट्रिय सतर्कता केन्द्र र निर्वाचन आयोगले प्रश्न उठाएपछि अनुसन्धानका लागि मन्त्रालयमा हाजिर गरेको उल्लेख गरिएको छ । तर, त्यसबारे मन्त्रालयले पौडेललाई स्पष्टीकरण भने सोधेन । उनको ठाउँमा आइतबार कामचलाउका लागि डा. श्रवणकुमार थापा नियुक्त भएका छन् । मन्त्रालयले पौडेलमाथि छानबिन हुन्जेल निमित्त निर्देशकमा थापालाई पठाएको छ ।

१५ महिना कार्यकाल बाँकी छँदै विनाकारण सरकारी अस्पतालको कार्यकारी निर्देशक पदबाट सरुवा गरेपछि पौडेलले असन्तुष्टि जनाए । 'यो अधिनायकवाद शैली हो, काम गर्दागर्दै र सुधार गर्न खोज्दा पत्र आयो,' उनले भने, 'मैले कुनै विवादित काम गरेको थिइनँ, पार्टीगत रूपमा आफ्नो मान्छे ल्याउन मलाई हटाइएको हो ।' बिहीबार अस्पतालको कार्यकारी निर्देशक हटाउनेबारे स्वास्थ्यमन्त्री मोहनबहादुर बस्नेतसहितको मन्त्रीस्तरीय बैठक बसेको थियो । सोही बैठकले पौडेललाई हटाउने निर्णय गरेको थियो ।

गत २ कात्तिकमा नरदेवीमा रहेको आयुर्वेद अस्पतालमा कार्यरत डा. प्रदीप केसीलाई पनि यसैगरी हटाइयो । स्वास्थ्यमन्त्री बस्नेतकै स्वार्थअनुसार केसीलाई सिंहदबारको वैद्यखानामा काम गर्ने गरी हटाइयो । तर, दरबन्दी नरदेवीमै राखेर आफूभन्दा तल्लो दर्शौं तहकोलाई सो अस्पतालको जिम्मेवारी दिएपछि केसी रुष्ट छन् । केसी ११ तहका थिए भने उनको ठाउँमा हाल १०औं तहका श्यामबाबु यादवलाई पठाइएको छ । 'मेरो दरबन्दी त्यहीं रहने गरी मलाई वैद्यखानामा काम गर्न पठाइएको छ, आफूभन्दा जुनियरको अन्डरमा बसेर काम गर्नु लजमर्दो कुरा हो,' उनले भने, 'रक्षक नै भक्षक भएपछि कसरी बन्छ स्वास्थ्य क्षेत्र ?' केसी चार वर्षदेखि अस्पतालमा कार्यरत थिए । तर, आफूले टाट पल्टने अवस्थामा पुगेको आयुर्वेदिक अस्पताललाई सुधार गरे पनि स्वास्थ्यमन्त्री बस्नेतले जस नदिएको र उल्टै सजाय दिएको केसीले गुनासो गरे ।

स्वास्थ्यमन्त्री बस्नेतले गत २९ असोजमा स्वास्थ्य विमा बोर्डका कार्यकारी निर्देशक डा. दामोदर बसौलालाई निलम्बन गरेर निमित्त कार्यकारीको जिम्मेवारी डा. मदन उपाध्यायलाई दिएका थिए । मन्त्रीले आफ्ना व्यक्ति ल्याउन तथा प्रतिशोध राखेर कार्यकारी निर्देशक हटाएको भन्दै अन्य पाँच सदस्यले सामूहिक राजीनामा दिएका थिए । स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले हटाउनुको कारण आफूलाई थाहा नभएको बताउँदै अझै ६ महिना बिमा बोर्ड प्रमुखविहीन हुने बताए । 'कार्यकारी निर्देशक लोकसेवाले पठाउने हो, अझै ६ महिना प्रमुख पठाउँदैन होला,' उनले भने, 'त्यसका लागि निमित्त कार्यकारी तोकेका छौं ।' सरकारले १३ मंसिरमा बोर्डको अध्यक्षमा डा. गुणराज लोहनीलाई नियुक्त गरेको छ ।

■ अदालत पुगे डा. पौडेल

आफूलाई बिनाकारण पदका हटाइएको भन्दै डा. पौडेल कानुनी उपचारको लागि सर्वोच्च अदालत पुगेका छन् । उनले सोमबार सर्वोच्च अदालतमा रिट दायर गर्दै पुरा कार्यकाल काम गर्न पाउनुपर्ने माग राखेका छन् । स्वास्थ्य मन्त्रालयले कार्यकाल पुरा नहुँदै र बिनाकारण हटाएको प्रति डा. पौडेलको आपत्ती जनाए । 'मलाई अनावश्यक कारण देखाएर हटाइएको छ, मैले आफ्नो न्यायको लागि अदालत पुगेको छु,' उनले भने, 'अब अदालतकै भरोसामा छु ।' उनको पेसी २० मंसीरको लागि तोकिएको छ ।





विभिन्न स्वार्थ समूहको प्रभावमा परी स्वास्थ्यमन्त्री मोहनबहादुर बस्नेतले सरकारी अस्पतालका योग्य र सक्षम प्रमुखहरू धमाधम हटाएको आरोप

■ कान्ति अस्पतालको घटनामा भएन कारबाही

गत १८ भदौमा उपचारका लागि कान्ति बाल अस्पताल पुऱ्याइएकी एक बालिकाको मृत्युबारे छानबिन गर्न समिति गठन भएर प्रतिवेदन तयार भए पनि हालसम्म पनि स्वास्थ्य मन्त्रालयले त्यसबारे कुनै कारबाही गरेको छैन । अस्पताल प्रशासन तथा छानबिन समितिले छानबिन प्रतिवेदन २९ भदौमै बुझाएको थियो । स्वास्थ्यमन्त्री बस्नेतले सो प्रतिवेदन सार्वजनिकसमेत गरेका छैनन् ।

१८ भदौमा कान्ति पुऱ्याइएकी मकवानपुरकी पाँच वर्षीया रेजिशाले इमर्जेन्सीबाहिर दुई घन्टासम्म पालो कुर्दा पनि उपचार नपाएपछि हजुरबुबाको काखमै प्राण त्यागेकी थिइन् । २० भदौमा नयाँ पत्रिकामा समाचार प्रकाशित भएसँगै चौतर्फी दबाब परेपछि स्वास्थ्यमन्त्री बस्नेतको निर्देशनमा अस्पताल प्रशासनले २३ भदौमा छानबिन समिति गठन गरेको थियो । अस्पतालका डा. प्रकाश जोशी संयोजक तथा नर्सिङ अधिकृत अजिता सिलवाल र शाखा अधिकृत डम्बरु दाहाल सदस्य रहेको समितिले छानबिन प्रतिवेदन तयारी गरी तीन दिनमै स्वास्थ्य मन्त्रालयमा पेस गरेको थियो । प्रतिवेदन कार्यान्वयन गर्न मन्त्री बस्नेत उदासीन देखिएका छन् । प्रतिवेदनमा अस्पताल व्यवस्थापन, चिकित्सक, सेक्युरिटी गार्ड र बालिकाका आफन्तको समेत कमजोरी रहेको निष्कर्ष निकालिएको छ । त्यस्तै, कान्ति बाल अस्पतालमा पुगेका बिरामीलाई सेटिङमा निजी अस्पतालमा पठाउनेमाथि पनि कारबाही अघि बढाइएको छैन ।

वीरबाट हटाइएका डा. सन्तोष पौडेल भन्छन्-



यो अधिनायकवाद शैली हो, काम गर्दागर्दै र सुधार गर्न खोज्दा पत्र आयो । मैले कुनै विवादित काम गरेको थिइनँ, पार्टीगत रूपमा आफ्नो मान्छे ल्याउन मलाई हटाइएको हो ।

आयुर्वेद अस्पतालबाट हटाइएका डा. प्रदीप केसी भन्छन्-



मेरो दरबन्दी त्यहीं रहने गरी मलाई वैद्यखानामा काम गर्न पठाइएको छ, आफूभन्दा जुनियरको अन्डरमा बसेर काम गर्नु लाजमर्दो कुरा हो । रक्षक नै भक्षक भएपछि कसरी बन्छ स्वास्थ्य क्षेत्र ?'

■ ठूला सरकारी अस्पताललाई कमजोर बनाउन खोजेको आरोप

स्वास्थ्यमन्त्री बस्नेतले आफ्नो स्वार्थका व्यक्ति नियुक्ति गर्न स्वास्थ्य संस्थामा धमाधम प्रमुखहरू व्यापक हेरफेर गर्न थालेका छन् । स्वास्थ्यमन्त्री भएलगत्तै आफूनिकटका व्यक्तिलाई नियुक्त गर्न सुरु गरेका मन्त्री बस्नेतले ठूला सरकारी अस्पताललाई नै कमजोर बनाउने गरी काम गरेको गुनासो बढिरहेको छ । मन्त्री बस्नेतकै स्वार्थअनुसार वीर अस्पतालमा करारका पुराना कर्मचारी हटाएर नयाँ कर्मचारी राखिँदै छ भने शुल्कसमेत वृद्धि गरिँदै छ ।

शुक्रराज टूपिकल तथा सरुवारोग अस्पताल प्रमख डा. मनीषा रावललाई हटाइएको छ । गत आइतबार उनलाई हटाएर क्षयरोग केन्द्रमा पठाइएको छ । त्यस्तै, कान्ति बाल अस्पतालमा कार्यरत वरिष्ठ नर्स रोशनी टुइटुईलाई सरुवा गरी शुक्रराज टूपिकलमा पठाइएको छ । स्वास्थ्य मन्त्रालयको नीति योजना महाशाखामा कार्यरत डा. गुण शर्मालाई स्वास्थ्य सेवा विभाग पठाइएको छ । तीन महिनाअघि विभाग पठाइएका उनलाई कुनै पनि ठोस जिम्मेवारी दिइएको छैन भने विभागमा हाल डा. संगीता मिश्रालाई महानिर्देशकको जिम्मेवारी दिइएको छ । आफूलाई अचानक सरुवा गरिएकोप्रति डा. शर्मा पनि असन्तुष्ट छन् । 'मन्त्रीज्यूसँग कुरा गर्न खोजेको थिएँ, तर सचिवालयका व्यक्तिहरूले भेट गर्न नै दिएनन्,' उनले भने, 'कतिपय कुरा मन्त्रीसँग राख्न मन लाग्छ, तर उहाँको सचिवालयले भेट्न नै दिँदैन ।'

स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा. बुढाथोकीले भने सरकारी अस्पतालका प्रमुखहरू फेरिनु सामान्य प्रक्रिया रहेको बताए । 'वीर अस्पतालका निर्देशक एमालेको सक्रिय सदस्य भएको भनेर निर्वाचन आयोगमा उजुरी परेको रहेछ । सतर्कता केन्द्रमा पनि अनियमितताबारे उजुरी परेको पाइयो, सोही कारण अनुसन्धानका लागि हटाइएको हो,' उनले भने, 'नरदेवी, टेकुलगायत अस्पतालमा नियमसंगत नै गरिएको छ ।' उनले स्वास्थ्यमन्त्री बस्नेतले ५-६ महिनाको अन्तरालमा अस्पताल प्रमुखहरूलाई हटाउनु स्वाभाविक रहेको बताए ।

■ नक्कली भुटानी शरणार्थी प्रकरण

केसी, महर्जन, आशिष र मियाँ तारेखमा छुटे

शिल्पा कर्ण/नयाँ पत्रिका

नक्कली भुटानी शरणार्थी प्रकरणका चार प्रतिवादीलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगले तारेखमा छाडेको छ । तारेखमा छुट्नेमा नरेन्द्र केसी, हरिभक्त महर्जन, आशिष बुढाथोकी र शमशेर मियाँ छन् ।

उनीहरूविरुद्ध सम्पत्ति शुद्धीकरण अनुसन्धान आयोग र अख्तियारले छुट्टाछुट्टै अभियोगमा अनुसन्धान गरिरहेका छन् । उनीहरूलाई सुन्धारास्थित केन्द्रीय कारागारले सोमबार सम्पत्ति शुद्धीकरणमा पेस गरेको थियो । त्यसलगत्तै, उनीहरूलाई कार्यालयले अख्तियार लगेको थियो । अख्तियारले उनीहरूविरुद्ध सामान्य बयान लिएर सोमबार साँझ छाडेको हो । कारागार प्रमुख ललितकुमार बस्नेतले चार प्रतिवादीलाई अख्तियार लगेर बुझाएको बताए । 'अदालतको आदेशपछि चार प्रतिवादीले आइतबार नै धरौटी रकम बुझाएका थिए । उनीहरूलाई हामीले सोमबार बिहान सम्पत्ति शुद्धीकरण विभागमा पेस गर्‍यौं,' उनले भने, 'त्यसलगत्तै अख्तियारमा लगेर पेस गर्‍यौं । उनीहरूलाई थुनामा राख्ने कि छाड्ने अधिकार अख्तियारलाई नै छ ।'

उनीहरूलाई गत १५ मंसिरमा उच्च अदालत पाटनले धरौटीमा हिरासतमुक्त गर्ने आदेश गरेको थियो । आदेशपछि उनीहरूलाई जिल्ला अदालत काठमाडौंले धरौटी रकम पेस गर्न भन्दै आइतबार पत्र काटेको थियो । पत्रअनुसार अदालतमा उपस्थित भएर उनीहरूले आइतबार नै धरौटी रकम बुझाएका थिए । तर, उनीहरूलाई तत्काल थुनामुक्त नगर्न सम्पत्ति शुद्धीकरण र अख्तियारको पत्र आएपछि कारागारले थुनामै राखेको थियो ।

नौ दिनसम्म लगातारको सुनुवाइपछि उच्च अदालत पाटनले बहुचर्चित नक्कली भुटानी शरणार्थी प्रकरणमा १० प्रतिवादीलाई धरौटी तथा साधारण तारेखमा रिहा गर्ने आदेश गरेको थियो । जसमध्ये केसीलाई १० लाख, महर्जनलाई १५ लाख, मियाँलाई १० लाख, सन्दीप रायमाझीलाई ३० लाख, टेकनाथ रिजाल र रामशरण केसीलाई १५-१५ लाख धरौटी रकम बुझाउन भनेको थियो । बाँकी लक्ष्मी महर्जन, टंक गुरुङ, आशिष बुढाथोकी र केशव तुलाधरलाई भने साधारण तारेखमा छाड्ने भनेको थियो ।

तर, जिल्ला अदालत काठमाडौंले केसी, महर्जन र मियाँलाई आइतबार धरौटी रकम बुझाउन भन्दै पत्र लेखेको थियो । बाँकी प्रतिवादीको हकमा भने अदालतले सोमबार धरौटी रकम बुझाउन पत्र लेखेको थियो । उनीहरूले धरौटी रकम पेस गरे पनि थुनामुक्त भने भएका छैनन् । उनीहरूलाई पनि सम्पत्ति शुद्धीकरण र अख्तियारमा पेस गर्नुपर्ने भएको हुँदा थुनामुक्त नगरिएको कारागार प्रमुख बस्नेतले बताए । 'चारजनालाई सोमबार अख्तियारमा पेस गर्‍यौं । बाँकीमध्ये केहीले धरौटी रकम बुझाएका छन् । तर, उनीहरूलाई पनि सम्पत्ति शुद्धीकरण र अख्तियारमा पेस गर्नुपर्ने भएको हुँदा कसैलाई पनि थुनामुक्त गरिएको छैन,' उनले भने ।

गत १५ मंसिरमा भएको आदेशमा पूर्वमन्त्री तथा एमाले नेता टोपबहादुर रायमाझी, तत्कालीन गृहसचिव टेकनारायण पाण्डेसहितका 'हाई प्रोफाइल' नौजनालाई भने थुनामै राख्ने भनिएको छ । पूर्वगृहमन्त्री तथा कांग्रेस नेता बालकृष्ण खाणको हकमा न्यायाधीशद्वय जनक पाण्डे र प्रकाश खरेलकै मत बाझिएको थियो । निर्णयका लागि तेस्रो न्यायाधीश मत आवश्यक पर्ने आदेशमा भनिएको थियो । भुटानी शरणार्थीका नाममा नेपाली नागरिकलाई अमेरिका पुऱ्याइदिने प्रलोभनमा करोडौं रकम ठगी गरेको खुलेपछि मुद्दा दर्ता भएको थियो । प्रहरीले ठगी, लिखत किर्ते, राज्यविरुद्धको कसुर तथा संगठित अपराधसम्बन्धी कसुरमा कुल ३० जनामाथि मुद्दा चलाएकोमा २० जनालाई अदालतमा उपस्थित गराएको थियो । उच्च अदालत पाटनमा ५ मंसिरदेखि सुनुवाइ प्रारम्भ भएकोमा गत १५ मंसिरमा संयुक्त इजलासले आदेश गरेको थियो । जसअनुसार पूर्वमन्त्री रायमाझी र तत्कालीन गृहसचिव पाण्डेसँगै डा. इन्द्रजित राई, केशवप्रसाद दुलाल, सानु भण्डारी, सागर राई, गोविन्दकुमार चौधरी, सन्देश शर्मा र पूर्वसांसद आङटावा शेर्पा पुर्पक्षका लागि थुनामै रहनेछन् ।

सीमास्तम्भ मर्मत गरिने

झापा/ नेपाल-भारत सीमामा रहेका सीमास्तम्भको मर्मत सुरु भएको छ । कोशी प्रदेशका तीन जिल्ला झापा, मोरङ र सुनसरीमा सीमास्तम्भ मर्मत सुरु भएको हो । १९ साउन ०७७ मा सरकारले सीमास्तम्भ मर्मत गर्ने जिम्मा सशस्त्र प्रहरीलाई दिएको थियो । सरकारको निर्णयअनुसार सोमबारबाट कोशी प्रदेशका तीन जिल्लामा रहेका सीमास्तम्भ मर्मतको काम सशस्त्र प्रहरी बलले सुरु गरेको सशस्त्र प्रहरीको नम्बर १ बाहिनीले जनाएको छ ।

झापाको मेचीनगर- ७ मा रहेको नेपाल-भारत छुट्याउने ९१-१ पिपी-५५ नम्बरको पिल्लरको रङरोगन गरेर मर्मत सुरु गरिएको बाहिनीका प्रवक्ता सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक रविनराज कर्णजितले जानकारी दिए । सीमास्तम्भमा सशस्त्र प्रहरी बल नम्बर १ बाहिनी कोशीका बाहिनीपति सशस्त्र प्रहरी नायब महानिरीक्षक अञ्जनीकुमार पोखरेल, प्रदेश प्रहरी कार्यालय कोशीका प्रमुख प्रहरी नायब महानिरीक्षक राजेशनाथ बास्तोला, भारतीय सीमा सुरक्षा बलका अधिकृतहरूले रङरोगन गरेर अभियान सुरु गरेका थिए ।

कोशी प्रदेशको अन्तर्राष्ट्रिय सीमामा रहेका ४८४ वटा सीमास्तम्भ मर्मत-सम्भार गर्न लागिएको उनले जानकारी दिए । मर्मत गर्नुपर्ने सीमास्तम्भमध्ये झापामा ३१७, मोरङमा ३४ र सुनसरीमा १३३ वटा सीमास्तम्भ मर्मत गरिने उनले जानकारी दिए । जसअनुसार १९९ वटामा रङरोगन, २२१ वटा सीमास्तम्भको सामान्य मर्मत, ५९ वटा सीमास्तम्भको मध्यमस्तरको मर्मत र पाँचवटाको पूर्ण मर्मत गरिने प्रवक्ता कर्णजितले जानकारी दिए । सन् २०१८ मा सम्पन्न नेपाल-भारत बाउन्ड्री वर्किङ ग्रुपको बैठकअनुसार सन् २०१४ पछि मर्मत तथा निर्माण भएकामध्ये जोर नम्बरको सीमास्तम्भ भारतीय सशस्त्र सीमाबल बिजोर नम्बरको सीमास्तम्भ सशस्त्र प्रहरीले मर्मत गर्ने निर्णय भएको थियो ।

कारागारबाट छुटेकै दिन महिलाको हत्या

हत्यामा संलग्न चारजना फरार प्रतिवादी पक्राउ

धादिङमा अर्जुन श्रेष्ठ

प्रहरीले हत्यामा संलग्न चारजना फरार प्रतिवादीलाई पक्राउ गरेको छ । फरक-फरक दुई घटनामा संलग्न रहेका उनीहरूलाई पक्राउ गरी जिल्ला प्रहरी कार्यालय धादिङले सोमबार सार्वजनिक गरेको हो ।

त्रिपुरासुन्दरी गाउँपालिका- ६ गोलाङका ४० वर्षीय शिवबहादुर बस्याल कारागारबाट छुटेकै दिन वृद्धाको हत्या गरेको अभियोगमा पक्राउ परेका छन् । उनी चोरीको मुद्दामा २० महिना कैद सजाय भोगी कारागार कार्यालय धादिङबाट छुटेका हुन् । त्रिपुरासुन्दरी गाउँपालिका- ६ गोलाङकी ६२ वर्षीया मनकुमारी सार्कीको हत्या गरेको अभियोगमा १५ मंसिरमा ४० वर्षीय बस्याललाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय धादिङका प्रहरी उपरीक्षक गौतम मिश्रले बताए ।

'मृतकको अनुहारमा कोतरिएको, घाँटीमा नीलडाम देखिएको, घटनास्थलमा चुराका टुक्रा र पोतेका दानाहरू छरपष्ट भएको अवस्थामा १४ मंसिर राति आफ्नै घरमा उनको शव भेटिएको थियो,' एसपी मिश्रले भने, 'सूक्ष्म अनुसन्धानबाट मनकुमारीको घाँटी थिची हत्या गरिएको खुलेको हो । हत्यामा संलग्न बस्यालसँगै सोही स्थानका टोपबहादुर सार्की र सुनिल नेपाली पनि पक्राउ परेका छन् । आर्थिक प्रलोभन देखाई बस्यालमार्फत महिलाको हत्या गरेको अभियोगमा दुईजनालाई पक्राउ गरिएको हो ।'

■ धारिलो हतियार प्रयोग गरी श्रीमतीको हत्या

धारिलो हतियार प्रयोग गरी श्रीमती हत्या गरेको अभियोगमा प्रहरीले धुनीबेंसी नगरपालिका- ४ जीवनपुरका २७ वर्षीय रामचन्द्र बयलकोटीलाई पक्राउ गरेको छ । उनले २० वर्षीया श्रीमती पवित्रा बयलकोटीलाई धारिलो हतियार प्रयोग गरी आइतबार हत्या गरेका थिए । हत्या गरी फरार रहेका बयलकोटीलाई सोही दिन राति पक्राउ गरेको एसपी मिश्रले बताए ।

'घोप्टो अवस्थामा रहेकी पवित्राको घाँटीलगायत शरीरका विभिन्न भागमा चोटपटक र रगताम्मे अवस्थामा भेटिएको थियो । शव र घटनाको प्रकृति हेर्दा निर्ममतापूर्वक हत्या गरिएको देखिन्छ,' मिश्रले भने । प्रतिवादी रामचन्द्र र पवित्राबीच करिब ६ वर्षअघि विवाह भएको थियो । विवाहपछि लामो समय वैदेशिक रोजगारीमा रहेका बयलकोटीदम्पतीबीच त्यतिवेलैदेखि मनमुटाव रहेको प्रारम्भिक अध्ययनबाट खुलेको छ ।

युएसआइडीका सहायक प्रशासक नेपालमा

कृषि र स्वास्थ्य कार्यक्रममा तीन अर्ब ८९ करोड सहयोग

नयाँ पत्रिका

अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी)ले पञ्चवर्षीय कृषि कार्यक्रममा तीन अर्ब र तीन वर्षीय स्वास्थ्य कार्यक्रमका लागि ८९ करोड रुपैयाँ सहयोग गर्ने भएको छ । नेपाल भ्रमणमा रहेका युएसएआइडीका एसिया ब्युरोका सहायक प्रशासक माइकल सिफरले यसबारे जानकारी दिएका हुन् । कृषि र स्वास्थ्य मन्त्रालयमार्फत कार्यक्रम सञ्चालन हुनेछन् ।

सहायक प्रशासक सिफर १३ मंसिरमा नेपाल भ्रमणमा आएका हुन् । उनले अर्थमन्त्री डा. प्रकाशशरण महत, परराष्ट्रमन्त्री एनपी साउदलगायतसँग भेटवार्ता गरिसकेका छन् । 'फिड द फ्युचर नेपाल युएसएआइडी कृषि सामग्री' नामक नयाँ कार्यक्रमअन्तर्गत करिब सवा तीन अर्ब रुपैयाँको कोष उपलब्ध हुनेछ । युएसएआइडीका अनुसार कार्यक्रमले कृषि सामग्रीसम्मको पहुँचलाई व्यवस्थित बनाउन र नेपालको समग्र कृषि विकासमा योगदान पुऱ्याउने युएसएआइडीले विश्वास लिएको छ ।

सिफरले बिउ, मल, सिँचाइ र कृषि यान्त्रीकरणमा सहयोगकेन्द्रित हुने बताएका छन् । कृषिअन्तर्गत सुदूरपश्चिम, कर्णाली, लुम्बिनी, बागमती र मधेश प्रदेशका १६ जिल्लामा पञ्चवर्षीय कार्यक्रम सञ्चालन हुनेछन् । 'आर्थिक वृद्धि र समृद्धिको पथमा युएसएआइडी लामो समयदेखिको साझेदार हो र वैश्विक खाद्य सुरक्षा रणनीतिअन्तर्गतको 'फिड द फ्युचर' पहलमा नेपाल हाम्रो प्राथमिकताप्राप्त मुलुकमा परेको छ,' सिफरले भने, 'यसको लक्ष्य उत्पादकत्व वृद्धि गर्नु मात्र होइन, यो त साना किसानलाई सबल बनाउन, गरिबी घटाउन र ग्रामीण आय बढाउन हो । नेपाली जनतालाई लाभ पुऱ्याउने समावेशी विकास मोडेलको सिर्जना गर्न हो । साथै, रोजगारी सिर्जना गर्न, आर्थिक विकासलाई उत्प्रेरित गर्न र स्थानीय समुदायका जीवनमा सार्थक परिवर्तन ल्याउन हो ।'

कार्यक्रमले आधुनिक कृषि सामग्री तथा प्रविधिमा पहुँच अभिवृद्धि गराई दुई लाखभन्दा बढी किसान र उनीहरूका परिवारलाई लाभान्वित गर्ने अपेक्षा राखिएको छ । यसले उत्पादकत्व र आयवृद्धि गरी नेपालमा गरिबी न्यूनीकरण र खाद्य सुरक्षामा सुधार गर्ने युएसएआइडीले जनाएको छ ।

स्वास्थ्यमा ८९ करोडको कार्यक्रम घोषणा

युएसएआइडी र स्वास्थ्य मन्त्रालयले अमेरिकी सहयोगमा विश्व स्वास्थ्य सुरक्षा कार्यक्रम सुरु गरेका छन् । नयाँ संक्रामक रोग रोकथाम गर्ने, पत्ता लगाउने र तीविरुद्ध द्रुत रूपमा प्रतिकार्य गर्ने नेपाल सरकारको क्षमतालाई सुदृढ बनाउन अमेरिकी सहयोग आएको युएसएआइडीले जनाएको छ । यसका लागि युएसएआइडीमार्फत अमेरिकाले तीन वर्षमा करिब ८९ करोड रकम उपलब्ध गराउने भएको छ । 'यो कार्यक्रम नेपालीको स्वास्थ्य तथा सुरक्षा सुनिश्चित गर्ने दिशामा एउटा महत्त्वपूर्ण अग्रगामी कदम हो । यसले विश्व स्वास्थ्य तथा महामारीको पूर्वतयारीप्रति युएसएआइडीको जारी प्रतिबद्धतालाई प्रतिबिम्बित गर्दछ,' युएसएआइडीका एसिया ब्युरो हेर्ने सहायक प्रशासक माइकल सिफरले भने ।

कार्यक्रमको कार्यान्वयन पारिस्थितिक प्रणाली, वन्यजन्तु तथा घरपालुवा जनावर र मानिसको स्वास्थ्यमा अन्तर्निर्भरता स्वीकार गर्ने सहकार्यात्मक तथा अन्तरविधागत विधि 'वान हेल्थ'मार्फत गरिने युएसएआइडीले जनाएको छ । 'स्वास्थ्य सुरक्षा र महामारीको पूर्वतयारीलाई विश्वव्यापी रूपमै सुदृढ पार्ने बाइडेन प्रशासनको लक्ष्यको एक हिस्सास्वरूप यस साझेदारीले सन् २०२५ सम्म ५० देशको प्राविधिक क्षमता अभिवृद्धि गर्ने अमेरिकी प्रयासहरूलाई अघि बढाउनेछ,' युएसएआइडीद्वारा जारी विज्ञप्तिमा भनिएको छ ।



गठबन्धन सरकारले आस देखाउन सकेन : ओली



आर्थिक उत्पादन वृद्धि भएको छैन । देशको अवस्था नाजुक छ । गठबन्धनमा भएका पार्टीहरू देशप्रति गम्भीर भएको देखिँदैन । जनता निराश भएर दैनिक विदेश पलायन भइरहेका छन् ।



सुर्खेतमा **रमेश रावल**

एमाले अध्यक्ष केपी ओलीले गठबन्धन सरकारले जनतामा आस देखाउन नसकेको बताएका छन् । एमालेले सञ्चालन गरेको मध्यपहाडी राजमार्गलक्षित 'समृद्धिका लागि संकल्प यात्रा'का क्रममा सोमबार सुर्खेतको वीरेन्द्रनगरमा आयोजित कार्यक्रममा उनले अहिलेको सरकारका कारणले जनतामा निराशा बढेको बताए ।

वर्तमान सरकारका कारण निराशा बढेकाले युवाहरू पलायन भइरहेको ओलीले दाबी गरे । 'आर्थिक उत्पादन वृद्धि भएको छैन । देशको अवस्था नाजुक छ । गठबन्धनमा भएका पार्टीहरू देशप्रति गम्भीर भएको देखिँदैन,' उनले भने, 'जनता निराश भएर दैनिक रूपमा विदेश पलायन भइरहेका छन् ।'

गठबन्धन सरकारले जनता अलमल्याउने र भ्रममा पार्ने काम गरेको उनले आरोप लगाए । 'एमालेले साढे तीन वर्ष सरकार चलाउँदा देशमा सुशासन कायम थियो । आशा जगाएको थियो । विकासको मूल फुटाएको थियो,' उनले भने, 'विद्युत् उत्पादन वृद्धि भएको थियो । आकाशमा स्याटेलाइट राख्ने तयारी थियो ।'

ओलीलाई राउटेले दिए कोसी उपहार

एमाले अध्यक्ष केपी ओली सोमबार दैलेखको गुराँस गाउँपालिकामा बस्दै आएका लोपोन्मुख राउटे बस्ती पुगेका थिए । उनलाई राउटे मुखिया सूर्यप्रकाश शाहीले कोसी उपहार दिए । राउटे समुदायको अस्तित्व बचाउँदै जीविकोपार्जनमा सहजता ल्याउन, शिक्षा र स्वास्थ्यमा पहुँच पुऱ्याउन नीतिगत र कार्यक्रमका हिसाबले सहयोग गर्न एमाले तयार रहेको ओलीले बताए ।

कांग्रेस लुम्बिनीले स्थानीय र प्रदेश सरकारको अनुगमन गर्ने

बुटवलमा **विष्णु धिमिरे**

कांग्रेस लुम्बिनी प्रदेश सम्मेलनले प्रदेश सरकार र स्थानीय सरकार अनुगमन गर्ने भएको छ । बुटवलमा आइतबार सम्पन्न सम्मेलनले प्रदेश सरकार र १०९ स्थानीय सरकारको अनुगमन गर्न अनुगमन समिति बनाउने प्रस्ताव पारित गरेको छ । सम्मेलनले पारित गरेका प्रस्तावबारे जानकारी दिन सोमबार बुटवलमा आयोजित पत्रकार सम्मेलनमा प्रदेश सभापति अमरसिंह पुनले संघीय र प्रदेश सरकारका मन्त्रिमण्डल सानो, मितव्ययी र प्रभावकारी बनाउनुपर्ने, संघीय सरकार र प्रदेश सरकारमा जाने व्यक्तिको चयन ड्रिम प्रोजेक्टका आधारमा तय गर्नुपर्ने बताए । मन्त्रालय बढी हुँदा राज्यलाई ठूलो आर्थिक भार पर्ने भएकाले प्रदेशमा कुल सांसदको २० प्रतिशतसम्म मन्त्री बनाउने संवैधानिक व्यवस्था परिवर्तन गर्नुपर्ने आवश्यकता देखिएको उनको भनाइ छ ।

कांग्रेस सम्मेलनले आगामी निर्वाचनमा अन्य दलसँग गठबन्धन गर्न नहुने प्रस्ताव पनि पारित गरेको छ । पार्टी संगठनलाई व्यवस्थित गर्न अनुशासनलाई विधिगत आधारमा चुस्त गराउने, सबै समिति एवं पदाधिकारीका कार्यप्रगति प्रविधिसम्पन्न शैलीमा उपलब्ध गर्ने-गराउने, कार्यक्षमताका आधारमा प्रतिनिधित्व एवं नेतृत्व चयन र मूल्यांकन गर्ने प्रस्ताव पनि पारित गरेको छ ।

प्रदेश प्रतिनिधिहरूमध्येबाट महाधिवेशन प्रतिनिधि एवं महासमिति सदस्यसमेत निर्वाचित हुने व्यवस्था गर्ने, वार्ड तहलाई बलियो बनाउन संगठनात्मक आधार वडालाई व्यावहारिक रूपमा कार्यान्वयन गर्ने र सात सय ५३ वटै पालिकाका सभापतिहरू पदेन महाधिवेशन प्रतिनिधि हुने व्यवस्था गर्ने, कुनै पनि तहका पद वा प्रतिनिधित्व स्वतः हुने व्यवस्था खारेज गर्ने प्रस्ताव सम्मेलनले पारित गरेको छ । यसले अब केन्द्रीय पदाधिकारी एवं सदस्य स्वतः महाधिवेशन प्रतिनिधि र संघीय सांसद स्वतः क्षेत्रीय प्रतिनिधि हुने, प्रदेश सभा सदस्य स्वतः प्रदेश अधिवेशन प्रतिनिधि हुने व्यवस्था अन्त्य गर्नेछ ।

पार्टी लेबी जुन तहले उठाउनुपर्ने हो, सो तहमा ५० प्रतिशत उपलब्ध गराउने व्यवस्था गर्नुपर्ने, एउटै तहको कार्यसमितिमा बढीमा दुईपटकसम्म मात्र मनोनीत गर्न पाउने, मनोनीतसँगै निर्वाचित आरक्षित सिटका लागि पनि यसैबमोजिम परिमार्जन गर्ने प्रस्ताव सम्मेलनले पारित गरेको छ ।

हालको बहुपदीय प्रणालीमा कांग्रेसका आठवटा तहमध्ये प्रत्येक बहुपद हुने ठाउँमा एकजना निर्वाचित र अन्य पदाधिकारी मनोनीत हुने व्यवस्था गर्ने, कोषाध्यक्ष पद निर्वाचित हुने व्यवस्था गर्नुपर्ने प्रस्ताव सम्मेलनले पारित गरेको छ । समानुपातिक र लाभको पदलाई सो व्यक्तिको जीवनकालका लागि एकपटक मात्र हुने व्यवस्था गर्ने, तर समावेशिताको आधारभूत सिद्धान्तबमोजिम हुने गरी मात्र अवसर दिनुपर्ने, आरक्षित सिटका लागि पनि यसैबमोजिम परिमार्जन गर्ने प्रस्ताव सम्मेलनले पारित गरेको छ ।

कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८० साल मसिर महिना १९ गते मंगलवार)

यस विकास बैंक लि.को तपसिलका शाखा कार्यालयहरुबाट उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शिर्षक अर्न्तगत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चाँसो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ । उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा धितो सुरक्षणमा तपाईले लेखिदिएको सम्पूर्ण चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी वा सो बाट समेत संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा प्रचलित कानून अनुसार कारवाही गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्नुका साथै तपाई ऋणी तथा व्यक्तिगत धनजमानीकर्ता समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपशिल

१. शाखा कार्यालय : बेगनासताल शाखा — **कर्जा शिर्षक : मोर्टगेज आवधिक कर्जा**

ऋणीको विवरण	व्यक्तिगत धनजमानीकर्ताको विवरण
नाम : **रामदेवी परियार** बाबुको नाम : रनध्वज नेपाली पतिको नाम : पदम बहादुर परियार ससुराको नाम : बम बहादुर परियार स्थायी ठेगाना : तनहुँ जिल्ला खैरेनीटार गा.वि.स. वडा नं. ३ हालको ठेगाना : कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. ८ ना.प्र.नं. : ४३३०३५/३०० जारी मिति र जिल्ला : २०६३/१०/२३, तनहुँ	१. नाम : **पवित्रा परियार** बाबुको नाम : रनध्वज परियार पतिको नाम : रमेश दर्जी ससुराको नाम : विर बहादुर दर्जी स्थायी ठेगाना : कास्की जिल्ला सिद्ध गा.वि.स. वडा नं. ८ हालको ठेगाना : कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. ८ ना.प्र.नं. : ४६१०२९/३२३ जारी मिति र जिल्ला : २०६५/१२/२५, कास्की
व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण	
२. नाम : **राजु परियार** बाबुको नाम : लक्ष्मण दमै बाजेको नाम : स्थायी ठेगाना : स्याङ्जा जिल्ला फेदीखोला गा.पा. वडा नं. २ हालको ठेगाना : कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. ८ ना.प्र.नं. : ४२-०१-६९-०१७९३ जारी मिति र जिल्ला : २०६९/०७/२२, स्याङ्जा	३. नाम : **बिबेक तिम्त्री** बाबुको नाम : रमेश दर्जी बाजेको नाम : विर बहादुर दर्जी स्थायी ठेगाना : कास्की जिल्ला रुपा गा.पा. वडा नं. ३ हालको ठेगाना : कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. ८ ना.प्र.नं. : ४६-०२-७५-०१०६३ जारी मिति र जिल्ला : २०७५/०४/०९, कास्की

२. शाखा कार्यालय : बेगनासताल शाखा — **कर्जा शिर्षक : मोर्टगेज आवधिक कर्जा**

ऋणीको विवरण
नाम : **मन कुमारी राना मगर** बाबुको नाम : आइत बहादुर राना मगर पतिको नाम : विष्णु बहादुर राना मगर ससुराको नाम : चित्र बहादुर राना मगर ठेगाना : कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. ३१ ना.प्र.नं : ४६३००२/१४११ जारी मिति र जिल्ला : २०६३/११/०६, कास्की
व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

१. नाम : **विष्णु बहादुर राना मगर** बाबुको नाम : चित्र बहादुर राना मगर बाजेको नाम : तिल विक्रम राना मगर स्थायी ठेगाना : कास्की जिल्ला लेखनाथ न.पा. वडा नं. ९ हालको ठेगाना : कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. ३१ ना.प्र.नं : ७८७०३ जारी मिति र जिल्ला : २०५५/०९/२३, कास्की	२. नाम : **मनोज राना मगर** बाबुको नाम : विष्णु बहादुर राना मगर बाजेको नाम : चित्र बहादुर राना मगर स्थायी ठेगाना : कास्की जिल्ला लेखनाथ न.पा. वडा नं. ९ हालको ठेगाना : कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. ३१ ना.प्र.नं. : ४६-०१-७३-००६७६ जारी मिति र जिल्ला : २०७३/०१/२२, कास्की
३. नाम : **मौशमी रानामगर** बाबुको नाम : विष्णु बहादुर राना मगर बाजेको नाम : चित्र बहादुर राना मगर ठेगाना : कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. ३१ ना.प्र.नं. : ४६-०२-७६-००६९१ जारी मिति र जिल्ला : २०७६/०२/३१, कास्की	४. नाम : **चित्र बहादुर राना मगर** बाबुको नाम : तिल विक्रम राना मगर बाजेको नाम : सन्तबिर राना मगर स्थायी ठेगाना : कास्की जिल्ला वेगनास गा.वि.स. वडा नं. १ हालको ठेगाना : कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. ३१ ना.प्र.नं. : ३८८ जारी मिति र जिल्ला : २०४५/०९/०४, कास्की

३. शाखा कार्यालय : पर्सा शाखा — **कर्जा शिर्षक : व्यवसायिक अधिविकर्ष कर्जा**

ऋणीको विवरण	व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण
नाम : **श्रीया रोयल सप्लायर्स** प्रोप्राइटरको नाम : विर बहादुर शाही दर्ता नं. : ७३०/०७४/०७५ दर्ता मिति : २०७४/०७/२७ जारी गर्ने कार्यालय : भरतपुर महानगरपालिका, महानगर कार्यपालिकाको कार्यालय उद्योग विकास शाखा भरतपुर, चितवन स्थायी लेखा नं. : ६०७१५५१९२ रजिष्टर्ड ठेगाना : चितवन जिल्ला भरतपुर म.न.पा. वडा नं. १०	१. नाम : **विर बहादुर शाही** बाबुको नाम : खडक बहादुर शाही बाजेको नाम : चन्द्र बहादुर शाही स्थायी ठेगाना : दैलेख जिल्ला तोली गा.वि.स. वडा नं. ४ हालको ठेगाना : चितवन जिल्ला खैरहनी न.पा. वडा नं. १ ना.प्र.नं. : ११५६८/३१ (दैलेख) जारी मिति र जिल्ला : २०६१/०५/२८, बाँके
व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण	
२. नाम : **अजिता डल्लाकोटी (शाही)** बाबुको नाम : श्याम कुमार डल्लाकोटी पतिको नाम : विर बहादुर शाही ससुरोको नाम : खडक बहादुर शाही स्थायी ठेगाना : बाँके जिल्ला कोहलपुर गा.वि.स. वडा नं. ५ हालको ठेगाना : चितवन जिल्ला खैरहनी न.पा. वडा नं. १ ना.प्र.नं. : ६६-०१-७२-०५३४२ जारी मिति र जिल्ला : २०७२/०८/२३, बाँके	३. नाम : **कान्ती डल्लाकोटी** बाबुको नाम : रत्न बहादुर कार्की पतिको नाम : श्याम कुमार डल्लाकोटी ससुरोको नाम : सिद्धिलाल डल्लाकोटी स्थायी ठेगाना : चितवन जिल्ला चैनपुर गा.वि.स. वडा नं. २ हालको ठेगाना : चितवन जिल्ला खैरहनी न.पा. वडा नं. १ ना.प्र.नं. : ३५-१४७४-०४४ जारी मिति र जिल्ला : २०५७/०२/२२, चितवन

४. शाखा कार्यालय : हेम्जा शाखा — **कर्जा शिर्षक : मोर्डगेज आवाधिक कर्जा**

ऋणीको विवरण	व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण
नाम : **ज्ञानेन्द्र प्रसाद चापागाई** बाबुको नाम : कोषराज चापागाई बाजेको नाम : जागेश्वर चापागाई स्थायी ठेगाना : नवलपरासी जिल्ला शिवमन्दीर गा.वि.स. वडा नं. ३ हालको ठेगाना : नवलपरासी जिल्ला कावासोती न.पा. वडा नं. २ ना.प्र.नं. : ३६/१४५३ जारी मिति र जिल्ला : २०४३/१०/२६ (चितवन), नवलपरासी	१. नाम : **इश्वरी कुमारी वस्याल** बाबुको नाम : टिकाराम वस्याल पतिको नाम : ज्ञानेन्द्र प्रसाद चापागाई ससुराको नाम : कोषराज चापागाई स्थायी ठेगाना : नवलपरासी जिल्ला रजहर गा.वि.स. वडा नं. १ हालको ठेगाना : नवलपरासी जिल्ला कावासोती न.पा. वडा नं. २ ना.प्र.नं. : ९५२५ जारी मिति र जिल्ला : २०४२/११/१०, नवलपरासी
व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण	
२. नाम : **ईशान चापागाई** बाबुको नाम : ज्ञानेन्द्र प्रसाद चापागाई बाजेको नाम : कोषराज चापागाई स्थायी ठेगाना : नवलपरासी जिल्ला शिवमन्दीर गा.वि.स. वडा नं. ३ हालको ठेगाना : नवलपरासी जिल्ला कावासोती न.पा. वडा नं. २ ना.प्र.नं. : ३६२०१८/३९५६ जारी मिति र जिल्ला : २०६८/१२/१६, नवलपरासी	३. नाम : **आदित्य चापागाई** बाबुको नाम : ज्ञानेन्द्र प्रसाद चापागाई बाजेको नाम : कोषराज चापागाई स्थायी ठेगाना : नवलपरासी जिल्ला शिवमन्दीर गा.वि.स. वडा नं. ३ हालको ठेगाना : नवलपरासी जिल्ला कावासोती न.पा. वडा नं. २ ना.प्र.नं. : ३६२०१८/४९२९ जारी मिति र जिल्ला : २०७०/०७/०७, नवलपरासी

५. शाखा कार्यालय : बत्तिसपुतली शाखा — **कर्जा शिर्षक : व्यक्तिगत आवधिक कर्जा**

ऋणीको विवरण	व्यक्तिगत धनजमानीकर्ताको विवरण
नाम : **सीतला बुढाथोकी** बाबुको नाम : पंचलाल बुढाथोकी पतिको नाम : नारायण बुढाथोकी ससुराको नाम : विष्ण बुढाथोकी स्थायी ठेगाना : सल्यान जिल्ला वाभकांडा गा.वि.स. वडा नं. ५ हालको ठेगाना : दोलखा जिल्ला भीमेश्वर न.पा. वडा नं. १० ना.प्र.नं. : ८८३५ जारी मिति र जिल्ला : २०५७/०१/२६, सल्यान	नाम : **मनोज कार्की** बाबुको नाम : कल्यान बहादुर कार्की बाजेको नाम : रन बहादुर कार्की स्थायी ठेगाना : दोलखा जिल्ला फस्कु गा.वि.स. वडा नं. ३ हालको ठेगाना : दोलखा जिल्ला फस्कु गा.पा. वडा नं. ३ ना.प्र.नं. : २२१००७/२६२ जारी मिति र जिल्ला : २०६५/१०/०२, दोलखा

६. शाखा कार्यालय : पर्सा शाखा — **कर्जा शिर्षक : व्यवसायिक अधिविकर्ष कर्जा**

ऋणीको विवरण	व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण
नाम : **योञ्जन सप्लायर्स** प्रोप्राइटरको नाम : गोपाल तमाङ दर्ता नं. : १३४२/२०७७/२०७८ दर्ता मिति : २०७७/१०/२२ दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय वाग्मती प्रदेश, भरतपुर चितवन स्थायी लेखा नं. : ६१४६४५१०१ रजिष्टर्ड ठेगाना : चितवन जिल्ला कालिका न.पा. वडा नं. १	१. नाम : **गोपाल तमाङ** बाबुको नाम : राम बहादुर तमाङ बाजेको नाम : मन बहादुर तमाङ स्थायी ठेगाना : चितवन जिल्ला जुटपानी गा.वि.स. वडा नं. ८ हालको ठेगाना : चितवन जिल्ला कालिका न.पा. वडा नं. १ ना.प्र.नं. : ४१०१/०५८ जारी मिति र जिल्ला : २०५८/१२/०४, चितवन
व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण	
२. नाम : **कमला तमाङ** बाबुको नाम : हर्क बहादुर गुरुङ पतिको नाम : गोपाल तमाङ ससुराको नाम : राम बहादुर तमाङ स्थायी ठेगाना : चितवन जिल्ला जुटपानी गा.वि.स. वडा नं. ८ हालको ठेगाना : चितवन जिल्ला कालिका न.पा. वडा नं. १ ना.प्र.नं. : ०४०४९३ जारी मिति र जिल्ला : २०६५/०४/२८, चितवन	३. नाम : **कान्छी माया तमाङ** बाबुको नाम : राम बहादुर बमजन पतिको नाम : राम बहादुर तमाङ ससुराको नाम : मन बहादुर तमाङ स्थायी ठेगाना : चितवन जिल्ला जुटपानी गा.वि.स. वडा नं. ८ हालको ठेगाना : चितवन जिल्ला कालिका न.पा. वडा नं. १ ना.प्र.नं. : ३५३०१६/४८९ जारी मिति र जिल्ला : २०६३/११/१२, चितवन

७. शाखा कार्यालय : दमक शाखा — **कर्जा शिर्षक : हायरपर्चेज कर्जा**

ऋणीको विवरण
नाम : **शुभम भूजेल** बाबुको नाम : इन्द्र बहादुर भुजेल बाजेको नाम : बल बहादुर भुजेल स्थायी ठेगाना : मोरङ जिल्ला बिराटनगर उ.म न.पा. वडा नं. १ हालको ठेगाना : मोरङ जिल्ला बिराटनगर म न.पा. वडा नं. १ ना.प्र.नं. : ०५-०१-७०-२२९६१ जारी मिति र जिल्ला : २०७०/११/२५, मोरङ
व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

१. नाम : **कल्पना भुजेल** बाबुको नाम : रामकुमार भुजेल पतिको नाम : सनीप कुमार भुजेल ससुराको नाम : इन्द्र बहादुर भुजेल स्थायी ठेगाना : उदयपुर जिल्ला बसाहा न.पा. वडा नं. ९ हालको ठेगाना : मोरङ जिल्ला बिराटनगर म न.पा. वडा नं. १ ना.प्र.नं. : ७६३४६ जारी मिति र जिल्ला : २०६२/०८/२०, उदयपुर	२. नाम : **देवी माया मगर** बाबुको नाम : टेक ब. पुलामी मगर पतिको नाम : इन्द्र बहादुर भुजेल ससुराको नाम : बल बहादुर भुजेल स्थायी ठेगाना : झापा जिल्ला महेशपुर गाउँ पञ्चायत वडा नं. ३ हालको ठेगाना : मोरङ जिल्ला बिराटनगर म न.पा. वडा नं. १ ना.प्र.नं. : ५७८१३०४० जारी मिति र जिल्ला : २०४६/०१/३०, झापा

८. शाखा कार्यालय : दमक शाखा — **कर्जा शिर्षक : व्याक्तिगत कर्जा**

ऋणीको विवरण
नाम : **बानिरा गुरुङ मावो** बाबुको नाम : बला काजी गुरुङ पतिको नाम : फिपराज मावो ससुराको नाम : देउ प्रसाद मावु लिम्बू स्थायी ठेगाना : झापा जिल्ला सतासीधाम गा.वि.स. वडा नं. ९ हालको ठेगाना : झापा जिल्ला शिवसताक्षी न.पा. वडा नं. ९ ना.प्र.नं. : ०४१०३२/१२८ जारी मिति र जिल्ला : २०६४/०२/३०, झापा
व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

१. नाम : **ईडला मावो** बाबुको नाम : देउ प्रसाद मावो बाजेको नाम : आश बहादुर मावो स्थायी ठेगाना : झापा जिल्ला सतासीधाम गा.वि.स. वडा नं. ७ हालको ठेगाना : झापा जिल्ला शिवसताक्षी न.पा. वडा नं. ९ ना.प्र.नं. : ०४३०३२/१०९३ जारी मिति र जिल्ला : २०६३/११/०६, झापा	२. नाम : **देउ प्रसाद मावु लिम्बू** बाबुको नाम : आशबहादुर मावो बाजेको नाम : राम नाथ मावो स्थायी ठेगाना : झापा जिल्ला सतासीधाम गा.वि.स. वडा नं. ७ हालको ठेगाना : झापा जिल्ला शिवसताक्षी न.पा. वडा नं. ९ ना.प्र.नं. : ८५२४३४३५ जारी मिति र जिल्ला : २०४६/०३/०२, झापा
३. नाम : **हर्कमती लिम्बू** बाबुको नाम : राम बहादुर सुब्बा पतिको नाम : देउ प्रसाद मावु लिम्बू ससुराको नाम : आश बहादुर मावा स्थायी ठेगाना : झापा जिल्ला शिवसताक्षी न.पा. वडा नं. ८ हालको ठेगाना : झापा जिल्ला शिवसताक्षी न.पा. वडा नं. ९ ना.प्र.नं. : ३२३५८८८ जारी मिति र जिल्ला : २०३५/१२/१७, झापा	४. नाम : **फिपराज मावो** बाबुको नाम : देउ प्रसाद मावु लिम्बू बाजेको नाम : आश बहादुर मावो स्थायी ठेगाना : झापा जिल्ला सतासीधाम गा.वि.स. वडा नं. ७ हालको ठेगाना : झापा जिल्ला शिवसताक्षी न.पा. वडा नं. ९ ना.प्र.नं. : ५८२४७२ जारी मिति र जिल्ला : २०६१/०१/२५, झापा

"नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

मुक्तिनाथ विकास बैंक लि.

MUKTINATH BIKAS BANK LTD.

Central Office: Hattisar, Kathmandu, Tel.: 01-4546136, 4537324
Toll Free No.: 16600149999, E-mail: info@muktinathbank.com.np
Web: www.muktinathbank.com.np

Member of Global Alliance for Banking on Values

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

संक्षेप

विप्लवविरुद्ध पक्राउ पुर्जी

काठमाडौं/ जिल्ला अदालत काठमाडौंले नेकपाका महासचिव नेत्रविक्रम चन्द विप्लवसहितका नेताहरूमाथि राज्यविरुद्धको कसुरमा ३५ दिनभित्र अदालतमा उपस्थित हुनु भनेको छ । अदालतमा राज्यविरुद्धको कसुरमा चार वर्षअधि दायर गरिएको मुद्दामा विप्लवसहित उक्त पार्टीका प्रवक्ता खड्गबहादुर विश्वकर्मा प्रकाण्ड, अखिल नेपाल किसान महासंघ क्रान्तिकारीका अध्यक्ष राजु कार्की, माइला लामाविरुद्ध उक्त पक्राउ पुर्जी जारी गर्दै अदालतमा उपस्थित हुन भनेको हो ।'यो पक्राउ पुर्जीको सूचना प्रकाशित भएका मितिले बाटोको म्यादबाहेक ३५ दिनभित्र आफूसँग भएको सबुद प्रमाणसहित तपाईं आफैं उपस्थित हुनुहोला,' उक्त पक्राउ पुर्जीमा भनिएको छ, 'तपाईंहरूले म्याद गुजारी बसेमा मुद्दा कानुनबमोजिम हुनेछ, पछि तपाईंको उजुरबाजुर लाग्नेछैन ।' अदालतको विसं २०८० मंसिर १० गतेको आदेशअनुसार मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को ५८ (१३) बमोजिम ३५ दिनको पक्राउ पुर्जी जारी गर्न दिएको आदेशअनुसार सूचना प्रकाशित गरिएको बताइएको छ । ९ असोज ०७६ मा उनीहरूमाथि राज्यविरुद्धको मुद्दा दायर भएको थियो । मुद्दामा संघीय एकाइबीच तथा विभिन्न जातजाति वा सम्प्रदायबीचको सम्बन्धमा खलल पारेर राज्यविरुद्ध कसुर गरेको अभियोग लगाइएको थियो । प्रहरीले उनीहरू फरार भएको भनेपछि अदालतले ३५ दिनभित्र पक्राउ पुर्जी जारी गर्न आदेश गरेको थियो । सोही आदेशअनुसार जिल्ला अदालत काठमाडौं प्रशासन शाखाले सोमबार उक्त सूचना जारी गरेको हो ।

एकीकृत समाजवादीको महाधिवेशन सर्ने

काठमाडौं/ एकीकृत समाजवादीको महाधिवेशनको मिति सार्न नेताहरू सहमत भएका छन् । पार्टी कार्यालय आलोकनगरमा सोमबार बसेको सचिवालय बैठकमा नेताहरू महाधिवेशनको मिति सार्न सहमत भएका हुन् । महाधिवेशनको मितिबारे निर्णय नभएको उपमहासचिव एवं प्रचार विभाग प्रमुख जगन्नाथ खतिवडाले बताए । 'आजको बैठकमा महाधिवेशनबारे छलफल भयो । थप निर्णय भोलि गर्छौं,' उनले भने । जाजरकोट भूकम्पपछि पुनर्निर्माणमा पार्टीपंक्ति खटिएको र माघमै राष्ट्रिय सभा निर्वाचन रहेकाले मिति सार्ने निष्कर्षमा एकीकृत समाजवादी पुगेको हो । अध्यक्ष माधवकुमार नेपाल र सम्मानित नेता झलनाथ खनालबीच राजनीतिक, वैचारिक रूपमा मतभेद रहँदै आएको छ । मतभेदका विषयमा महाधिवेशनमा छलफल गर्ने एकीकृत समाजवादीको तयारी छ । 'महाधिवेशन विचारको विमर्श गर्ने ठाउँ हो । राजनीतिक, वैचारिक, संगठनात्मक रूपमा पार्टीलाई अगाडि बढाउन महाधिवेशनमा छलफल हुन्छ,' बैठकपछि खतिवडाले भने । सम्मानित नेता खनालले राष्ट्रिय-अन्तर्राष्ट्रिय जटिलतालगायतका विषयमा छलफल भएको बताए । एकीकृत समाजवादीले आगामी माघमा महाधिवेशन गर्ने निर्णय गरेको थियो । तर, आवश्यक तयारी नभएको नेताहरूले बताएका छन् ।

लागुऔषधसहित दुई पक्राउ

धनगढी/ कैलालीको गोदावरी नगरपालिकामा लागुऔषधसहित दुई युवा पक्राउ परेका छन् । गोदावरी- १, बस्ने २९ वर्षीय भरबहादुर खत्री र २५ वर्षीय विकास कट्टेलालाई लागुऔषध खैरो हेरोइनसहित पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । लागुऔषध रहेको पूर्वसूचनाका आधारमा जिल्ला प्रहरी कार्यालयबाट सादा पोसाकमा खटिएको टोलीले उनीहरूलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक गणेश नाथले बताए । उनीहरूको साथबाट दुई सय ५० ग्राम खैरो हेरोइन बरामद गरिएको नाथले जानकारी दिए । प्रहरीका अनुसार उक्त लागुऔषध भारतबाट ल्याइएको खुलेको छ । यसबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । भारतबाट लुकिछिपी लागुऔषध ल्याइने भएकाले सीमावर्ती बजारमा लागुऔषधका प्रयोगकर्ता र कारोबार बढ्दै गएका प्रहरीको तथ्यांकले देखाएको छ ।

फरार अभियुक्त पक्राउ

संखुवासभा/ विभिन्न मुद्दामा प्रहरीको खोजीमा रहेका एक अभियुक्त लागुऔषध गाँजासहित पक्राउ परेका छन् । संखुवासभाको चिचिला गाउँपालिका- ३ ढोलबाजे टोल बस्ने ३५ वर्षीय विकास राईलाई प्रहरीले पक्राउ गरेको हो । जिल्ला प्रहरी कार्यालय संखुवासभाका प्रहरी निरीक्षक रामकुमार लामिछानेका अनुसार राईविरुद्ध ०६५ यता सार्वजनिक मुद्दा, ज्यान मार्ने उद्योग, लागुऔषध कारोबारलगायतका नौवटा मुद्दा दायर छन् । ०६७ मा उनले संखुवासभाका एक पत्रकारलाई मरणासन्न हुने गरी कुटपिटसमेत गरेका थिए । खाँदबारी, चिचिलालगायतका क्षेत्रमा प्रतिबन्धित गाँजा बिक्री-वितरण गर्ने गरेको सूचनाका आधारमा खोजतलास गर्दै जाँदा प्रहरीले सोमबार एक किलोग्राम ४५६ ग्राम गाँजासहित खाँदबारी नगरपालिका- ७ नमुना टोलबाट उनलाई पक्राउ गरेको हो । विभिन्न सार्वजनिक मुद्दा र अपराधमा संलग्न रहेका राईले पछिल्लो समयमा मानिसहरूलाई कुटपिट गर्ने, व्यक्तिगत सम्पत्तिहरू तोडफोड गर्ने र खाँदबारी, चिचिलालगायतका क्षेत्रमा प्रतिबन्धित गाँजा बिक्री वितरण गर्ने सूचना पाएपछि प्रहरीले खोजी गरेको थियो ।



सुटिङमा घाइते भए अजय

अजय देवगन अहिले 'सिंघम अगेन'को सुटिङमा व्यस्त छन् । सुटिङ सेटमा एक एक्सन सिन गर्ने क्रममा उनी घाइते भएका हुन् । भारतीय सञ्चारमाध्यमहरूका अनुसार अनुहारमा चोट लाग्नुका बाबजुद अजय मेडिकल हेल्प लिएर लगत्तै सुटिङमा जोडिए । सिंघम अगेनलाई रोहित सेट्टीले निर्देशन गर्दै छन् ।



'हाउसफुल ५' को रिलिज डेट सऱ्यो

अक्षयकुमार स्टारर फिल्म हाउसफुल ५ को रिलिज डेट सरेको छ । यसअघि यो फिल्म २०२४ मा प्रदर्शन गर्ने तयारी थियो । तर, अब मेकर्सले ६ जुन २०२५ मा प्रदर्शन गर्ने निर्णय लिएका छन् । अक्षयकुमारले सामाजिक सञ्जालमा लेखेका छन्, 'मनोरञ्जन अब पाँच गुणा ज्यादा हुनेछ । ६ जुन २०२५ मा सिनेमाघरमा भेटौं ।'

स्लिप एप्निया समस्या र समाधान



स्लिप एप्नियाले निदाउन समस्या हुने भएकाले दिउँसो निद्रा लाग्ने र राति निदाउँदा पनि घुर्नेजस्ता समस्या देखिन्छ, यस्तो समस्या भएका मानिसलाई जतिवेला पनि निद्रा लाग्न सक्छ



डा. विवेकप्रभात शाह
वरिष्ठ फिजिसियन
विजयपुर हस्पिटल
एन्ड रिसर्च, धरान

कोभिड- १९ महामारीपछि कतिपय मानिसमा दिउँसै सुत्ने, थकान, स्मरणशक्ति वा ध्यानशक्तिमा कमीलगायत समस्या देखिने गरेको छ । यी समस्या निद्राको कमीका कारण वा अब्स्ट्रक्टिभ स्लिप एप्नियाको लक्षण हुन सक्ने नयाँ अध्ययनले देखाएको छ । कतिपय मानिसमा क्रोनिक पेन, ब्रेन फग, स्वासप्रश्वासमा समस्या, छाती दुखाइ र अत्यधिक थकानजस्ता समस्या पनि देखिएका छन् ।

जर्मनीस्थित फिलिप्स युनिभर्सिटी मारवर्गअन्तर्गत न्युरोलोजी विभागकी केटजा मेन्जलरको नेतृत्वमा गरिएको अध्ययनको निष्कर्षमा भनिएको छ, 'दिउँसो सुत्ने, थकान र स्मरण तथा ध्यानमा कमीलगायत कोभिड- १९ पछिका लक्षण निद्राको कमी वा स्लिप एप्नियाका कारण (धेरै बिरामीमा) देखिएका छन् । उपचार गर्न सकिने यी लक्षणका कारणबारे पोस्टकोभिड सिन्ड्रोम भएका बिरामीले ध्यान दिनुपर्छ ।'

निद्राका लागि एकै समयमा सुत्ने र उठ्ने, कोठाको वातावरण शान्त राख्ने, अल्कोहल र धूम्रपानबाट टाढा रहने, नियमित व्यायाम गर्ने, सन्तुलित भोजन गर्नेलगायत विषयमा ध्यान दिनुपर्ने चिकित्सकहरू बताउँछन् । अब्स्ट्रक्टिभ स्लिप एप्नियाले निद्रालाई असर गरिरहेको हुन्छ । यो निदाउँदा हुने गम्भीर समस्या हो ।

स्लिप एप्नियाले निदाउन समस्या हुने भएकाले दिउँसो निद्रा लाग्ने र राति निदाउँदा पनि घुर्नेजस्ता समस्या देखिने वरिष्ठ फिजिसियन डा. विवेकप्रभात शाह बताउँछन् । यस्तो समस्या भएका मानिसलाई जतिवेला पनि निद्रा लाग्न सक्ने उनले बताए । 'स्लिप एप्निया विशेष गरी दुई प्रकारका हुन्छन् । अब्स्ट्रक्टिभ स्लिप एप्निया (नाकको मसल्स साँघुरिएर र सेन्ट्रल स्लिप एप्निया (ब्लक र ब्रेनबाट सिग्नल राम्ररी नगएर हुने एप्निया),' उनले भने ।

स्लिप एप्निया हुँदा निदाएका वेला सास फेर्न असजिलो हुने उनको भनाइ छ । डा. शाह थप्छन्, 'यो सुत्दा हुने सिरियस डिसअर्डर हो । स्लिप एप्निया हुँदा सास एक्कासि रोकिने र सुरु हुने प्रक्रिया बारम्बार हुन्छ । स्लिप एप्निया भएका मान्छेलाई थकान महसुस हुन्छ । सुत्दा ठूलो स्वरले घुर्नेजस्ता समस्या देखिन्छ ।'

लक्षण

- थकान महसुस हुने
- सुत्दा ठूलो स्वरले घुर्ने ।
- अत्यधिक निद्रा लागिरहने ।
- स्मरणशक्ति कम हुने
- सिकाइसम्बन्धी समस्या आउने
- सास फेर्न असहज हुने,
- पसिना आउने,
- बारम्बार पिसाब आउने

जोखिम

यस्ता रोगबाट पीडित व्यक्तिको मस्तिष्कमा अक्सिजनको कमी हुन्छ, जसका कारण अन्य धेरै स्वास्थ्य समस्याको जोखिम बढ्छ । रगतमा अक्सिजनको मात्रा कम हुन थाल्छ, जसले गर्दा रक्तचाप बढ्छ । रक्तचापको समस्यामा कारण यस्ता व्यक्तिलाई मुटुसम्बन्धी (हृदयाघात, स्ट्रोकलगायत) समस्या हुने जोखिम रहन्छ । यो रोग लागेको मान्छेमा मुटुको धड्कन असामान्य हुन सक्छ, जसले गर्दा कहिलेकाहीं 'ब्लडप्रेसर लो' पनि हुन सक्छ । यदि कसैलाई स्लिप एप्निया भएको छ र मुटुको रोग पनि छ भने अवस्था अझै जटिल हुन्छ ।

कारण

स्लिप एप्निया एउटै मात्रै कारणले हुँदैन । वंशाणुगत कारण, मोटोपना भएका मानिसमा पनि यस्तो समस्या देखिने गरेको पाइन्छ । अत्यधिक मदिरा सेवन तथा धूम्रपानले पनि यस्तो समस्या देखिएको हुन सक्छ । बुढेसकालले गर्दा पनि स्लिप एप्निया हुन्छ । हाई ब्लडप्रेसरको कारणले मुटु सुन्निने हुन्छ । जसले गर्दा सास फेर्न अप्ठ्यारो गराउँछ । मुटुको रोगी, ब्रेनको रोगी, नाकको सास फेर्ने नली साँघुरो हुनेलगायत कारणले पनि समस्या देखिन्छ । सुत्ने वेलामा श्वासनली खुला रहने मांसपेशीको कार्यमा परिवर्तन हुने भएकाले श्वासनली साँघुरो हुन सक्छ र सास फेर्न अवरोध हुन सक्छ ।

घाँटीको तन्तु र वरपर बोसो जम्मा हुँदा अक्सिजनको प्रवाह हुनबाट पनि रोक्छ । ठूलो जिब्रो, टन्सिल, बाहिर निस्केको चिन, ठूलो घाँटी र ओभरबाइटजस्ता अवस्था भएका मानिसहरूलाई यसप्रकारको निद्रा विकार संवेदनशील हुन्छ ।

उपचार

स्लिप एप्निया भएको कारण पत्ता लगाएपछि उपचार गर्दा निको हुन्छ । तर, स्लिप एप्निया उपचार गरेर निको हुन्छ भन्ने हुँदैन । विषेश गरी, जीवनशैली परिवर्तन गर्नुपर्छ । तौल नियन्त्रण गर्नुपर्छ ।

नाकमा मासु पलाएर नाक बन्द छ भने पनि उपचार गर्नुपर्छ । मुटुसम्बन्धी समस्या भए पनि जाँच गरेर उपचार गर्नुपर्छ । मधुमेह र उच्च रक्तचाप नियन्त्रण गर्नुपर्छ । कुनै समस्या वा लक्षण देखिएमा चिकित्सकसँग सम्पर्क राख्नुपर्छ ।

विद्यार्थीले कस्ता ल्यापटप छान्ने ?



- विद्यार्थीका लागि अति आवश्यक सामग्री हो, ल्यापटप । बजारमा धेरैखाले ल्यापटप उपलब्ध छन् । तर, तपाईंले आफ्नो आवश्यकता र बजेट सुहाउँदो ल्यापटप चयन गर्नुपर्छ ।
- अधिकांश विद्यार्थीले आफ्नो कलेजको प्रोजेक्ट वर्क वा अनलाइन क्लासमा यसको प्रयोग गरिरहेका हुन्छन् । त्यहीकारण, लामो समयसम्म ब्याट्री ब्याकअप दिने, राम्रो पर्फर्मेन्स भएको, पोर्टेबल र हल्काखाले ल्यापटप लिनु राम्रो हुन्छ । आफ्नो ल्यापटप किन्नुअघि यसको स्क्रिन साइज पनि ख्याल गर्नुपर्छ । कम्तीमा १४ इन्चका ल्यापटप किन्नु राम्रो हुन्छ । यसले तपाईंलाई राम्रो भिजुअल एक्सपेरिएन्स गराउँछ र आँखालाई पनि कम सास्ती हुन्छ ।



सुदिन राउत
कम्प्युटर इन्जिनियर
म्याक कम्प्युटर सर्भिस

- ल्यापटपमा अध्ययनको काम मात्रै गर्नुहुन्छ भने ४ जिबी च्याम भएको ल्यापटप प्रयोग गर्दा पनि हुन्छ । आवश्यकताअनुसार च्याम बढाउन पनि सकिन्छ ।
- मल्टिटास्किङ (भिजुअल इडिटिङ, संगीत सुन्ने, ब्याकग्राउन्डमा विभिन्न सफ्टवेयर तथा एप्लिकेसनहरू चलाउनेलगायत) काम गर्नुहुन्छ भने कम्तीमा आई फाइभ प्रोसेसर भएको, आठ जिबी च्याम र दुई सय ५६ जिबी एसएसडीयुक्त ल्यापटप आवश्यक पर्छ । आवश्यकता र इच्छाअनुसार विन्डोज, म्याक ओएस वा क्रोम ओएसलगायत अपरेटिङ सिस्टम भएका ल्यापटप लिन सकिन्छ ।
- युएसभी पोर्ट, एचडिएमआई पोर्ट, हेडफोन ज्याक, ब्लुटुथ, वाइफाइलगायत सुविधा भए-नभएको सुनिश्चित गर्नुपर्छ ।
- ल्यापटप छान्दा यसको वारेन्टीबारे पनि ख्याल गर्नुपर्छ । किनकि, ब्रान्डेड ल्यापटप पनि चाँडै बिग्रन सक्छ ।

बच्चामा आत्मविश्वास बढाउन...



बच्चालाई आत्मविश्वासी बनाउन अभिभावकले केही कुरामा ख्याल गर्नुपर्ने हुन्छ । जब अभिभावकले अति माया गर्छन्, तब बच्चामा पनि आत्मविश्वास विकास हुन्छ ।

बालबालिकाले के गर्दै छन् भन्नेबारे जानकार हुनु राम्रो हो । तर, उनीहरूलाई अति निगरानीमा राख्नु पनि राम्रो हुँदैन । उमेर बढ्दै गएपछि बिस्तारै उनीहरूलाई केही न केही काममा संलग्न गराउँदै लैजानुपर्छ । सानैदेखि ब्रस गर्ने, हात धुनेलगायत काम आफैं गर्न उत्प्रेरित गर्नुपर्छ ।

बच्चाले गरेका कामको प्रशंसा गर्न सक्नुपर्छ । बच्चाहरू धेरै जिज्ञासु हुन्छन् । उनीहरूले सोधेका कुराले कहिलेकाहीं अभिभावकलाई झर्को पनि लाग्न सक्छ । तर, त्यसरी झर्को लागेजस्तो व्यवहार देखाउनुहुँदैन । आवश्यक होस् वा अनावश्यक, बच्चाले राखेका हरेक जिज्ञासाको जवाफ दिने कोसिस गर्नुपर्छ । उनीहरूका कुरा नसुन्नु वा आफ्ना कुरा मात्रै सुनाउन खोज्नु राम्रो होइन । यसले बच्चाको भावना र आत्मविश्वास कम गराउन सक्छ ।

बच्चाको पहिलो शिक्षक नै अभिभावक हुन् । जीवनमा सफलता र असफलता चलिरहन्छ भनेर उनीहरूलाई सानैदेखि बुझाउन जरुरी छ । कुनै कुरा असफल भए पनि त्यसलाई सुधार्न र सम्हाल्न सकिन्छ भनेर बुझाउन जरुरी छ । उनीहरूलाई निरन्तर आफ्नो लक्ष्यमा लाग्नका लागि उत्प्रेरित गर्नुपर्छ । बालबालिकाको मनोविज्ञानबारे धेरै पुस्तक लेखिसकेका मनोविद् कार्ल पिकहार्ड्ट् भन्छन्, 'आत्मविश्वासी बच्चाहरू नयाँ प्रयोग गर्न वा चुनौती स्विकार्न चाहन्छन्, । तसर्थ उनीहरूलाई आत्मविश्वासी बनाउन अभिभावकले भूमिका खेल्नुपर्छ ।'

Ratnanagar Municipality
Office of Municipal Executive
Ratnanagar, Chitwan, Nepal

Notice for Invitation of Bid

First Date of publication: 2080-08-19 (5thDec, 2023)

Ratnanagar Municipality, Chitwan invites electronic bids from Nepalese eligible bidders for the Supply and installation of following projects of Ratnanagar Municipality under National Competitive Bidding procedures.

S N	Name of Project	IFB No:	Estimated Amount in NRs (Without VAT & PS)	Bid security amount in NRs.	Bid Document fee amount in NRs.	Remarks
1	Providing and laying Bituminous concrete/Asphalt concrete at dumkauli tharu gau to needs of ward no. 5 and at dorangi bramsthan of ward 6.	RAT/ CHITWAN/ works/NCB/ 17/2080-81	4751933.40	168000	3,000.00	
2	Construction of footpath with beautification work from Bakular chowk to Bairiya School.	RAT/ CHITWAN/ works/NCB/ 18/2080-81	8348627.73	278000	3,000.00	

Eligible Bidders may obtain further information and inspect the Bidding Documents at PPMO website http://www.bolpatra.gov.np/egp or may visit website **of Ratnanagar official website** (http://www.Ratnanagarmun.gov.np). The Last date of submission of bid is 4th Jan 2024 (2080-09-19) till 12:00 noon time.

Chief Administrative Officer

कागेश्वरी मनोहरा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
थली, काठमाडौं

कारवाही किन नगर्ने सम्बन्धी सूचना

सूचना प्रकाशित मिति २०८०।०८।१९

यस नगरपालिकाको कार्यालय अन्तर्गत तपसिलका योजनाहरुको कार्यान्वयनको लागि ठेक्का सम्झौता गरेको निर्माण व्यवसायीले सम्झौता बमोजिम कामको प्रगति नगरेको, लामो समयदेखि कार्य नगरी निर्माण कार्य अधुरो छोडेको, यस कार्यालय र फर्महरु बिच भएको बैठकमा गरेको लिखित प्रतिवद्धता अनुसार कार्य नभएको, पटक पटक मौखिक तथा लिखित सूचना गरी ताकेता गर्दा समेत निर्माण कार्यप्रति वेवास्ता गरी निर्माण स्थल अलपत्र पारेको र कार्य सम्पन्न गर्ने तर्फ कुनै पहल समेत नगरेको हुँदा सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ र ठेक्का सम्झौता शर्त बमोजिम कारवाही किन नगर्ने ? कारवाही नहुने कुनै मनासिव कारण भएमा यो सूचनाको मितिले ७ (सात) दिनभित्र विश्वसनीय स्पष्टिकरण र समयमै निर्माण सम्पन्न गर्ने भरपर्दो कार्यतालिका सहित उपस्थित हुन यो सूचना प्रकाशित गरिएको छ । समयमा उपस्थित भई स्पष्टिकरण पेश नगरेमा वा प्राप्त स्पष्टिकरण चित्त बुझ्दो नभएमा ठेक्का सम्झौता शर्त तथा सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम कानूनी कारवाही प्रक्रिया अगाडी बढाइने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

तपसिल

क्र.सं.	कार्य विवरण	निर्माण व्यवसायी	कैफियत
१.	शहिद आदर्श क्याम्पस भवन निर्माण (ठेक्का नं. Shahid Adarsha Campus/W/NCB/36/2077–078)	श्री डि.ए. जे.भि., कागेश्वरी मनोहरा-८, काठमाडौं	
२.	तेजविनायक गेट देखि निलबाराही मन्दिर जाने सडक निर्माण कार्य (ठेक्का नं. Tej Vinayak gate (Nilbarahi Road W/NCB/39/2076–077)	श्री पि.आर. महर्जन निर्माण सेवा जे.भि. मानभवन, ललितपुर	
३.	लाहुरेचोक देखि काँडाघारी प्रहरी चौकीसम्म सडक निर्माण कार्य (ठेक्का नं. Tej Vinayak gate - Nilbarahi Road/W/NCB/39/2076-077)	श्री पि.आर. महर्जन निर्माण सेवा जे.भि. मानभवन, ललितपुर	
४.	पिपलबोट देखि लक्ष्मी नारायण मन्दिर, पुर्णविनायक मार्ग, सोमतिर्थ गितादेवी मार्ग सडक निर्माण कार्य (ठेक्का नं. Pipalbot–Purnabinayak–Somtirtha Road/W/NCB/22/2078-079)	श्री प्रजिल कन्स्ट्रक्सन प्रा.लि., मानभवन, ललितपुर	

प्रमुख प्रशासकीय अधिकृत

प्रभु बैंक लिमिटेड शाखा कार्यालय मझगावा, रुपन्देही तपसिलमा उल्लिखित ऋणी तथा जमानतकर्तालाइ कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पती गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति २०८०/०८/१५ गते मंगलवार नयाँ पत्रिका राष्ट्रिय दैनिक)

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको कर्जा रकम चुक्ता भुक्तान गर्ने मिति समाप्त भईसक्दा पनि बैंक सँग गर्नुभएको सम्झौता बमोजिम कर्जा चुक्ता फछर्यौट नगर्नु भएको र यस बैंकबाट पटक-पटक मौखिक तथा लिखित तारताकेता गर्दा समेत सो को पूर्ण वेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता/फछर्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुँदा यो सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण रकम चुक्ता फछर्यौट गर्न गराउनहुन ऋणी, जमानतकर्ता तथा धितो सुरक्षणधनी लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ । यस सूचनाको समेत वेवास्ता गरी उल्लेखित समयावधि भित्र कर्जा चुक्ता फछर्यौट नगरेको खण्डमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सिफारिस गरीने व्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति मुल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन देखि ४२ औं दिन भित्र शिलबन्दी बोलपत्र बैंकको शाखा कार्यालय, मझगावा रुपन्देहीमा दाखिल गर्नु हुन ईच्छुक महानुभावहरु सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ४३ औं दिन अर्थात मिति २०८०/१०/०२ गते मंगलवार (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको शाखा कार्यालय, मझगावा रुपन्देहीमामा दिनको ठीक ३ : ०० (तीन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, इच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाइ स्वीकार वा अस्वीकार गर्न व्यहोरा समेत जानकारी गराईन्छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूलउपर नभएमा प्रचलित कानून बमोजिमअसुलउपर गरी लिईने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिल

क. ऋणी तथा जमानतकर्ताहरुको तिनपुस्ते विवरण :

जमानतकर्ता तथा ऋणी : सन्तोष कुमार यादव (ना.प्र.नः १८६६, जारी मिति २०५७/०७/२९ जारी गर्ने कार्यालय जि.प्र.का. रुपन्देही) । ठेगाना : रुपन्देही जिल्ला बैरघाट गा.वि.स. वडा नं.८ (कोटहीमाई गा.पा.वडा नं.४) । बाबु: देवेन्द्र नाथ यादव । बाजे: काशिराम यादव ।	**जमानतकर्ता : अभय कुमार यादव** (ना.प्र.नः ३७-०६-७८-००३८७ जारी मिति २०७८/०४/१२ जारी गर्ने कार्यालय जि.प्र.का.रुपन्देही) । ठेगाना : रुपन्देही जिल्ला कोटहीमाई गा.पा. वडा नं.४ । बाबु: सन्तोष कुमार यादव । बाजे: देवेन्द्र नाथ यादव ।
जमानतकर्ता : अमर कुमार यादव (ना.प्र.नः ३७-०६-७८-००३८८ जारी मिति २०७८/०४/१२ जारी गर्ने कार्यालय जि.प्र.का.रुपन्देही) । ठेगाना : रुपन्देही जिल्ला कोटहीमाई गा.पा.वडा नं.४ । बाबु: सन्तोष कुमार यादव । बाजे: देवेन्द्र नाथ यादव ।	**ख. लिलाम बिक्री हुने धितो सुरक्षणको बिवरण :** सन्तोष कुमार यादवको नाममा मालपोत कार्यालय मझवावा रुपन्देहीमा दर्ता श्रेष्ता कायम रहेको रुपन्देही जिल्ला बैरघाट गा.वि.स. वडा न.९ नक्सा सीट नं.९क स्थित कि.नं. ६९६ क्षेत्रफल ०-९-१३ (बिघा) को जग्गा र घर र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत १

पुनश्चः

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोल पत्रफारम बैंकको प्रधान **कार्यालय बबरमहल, काठमाण्डौ र शाखा कार्यालय** मझगावा रुपन्देहीबाट प्राप्त गर्न सकिनेछ ।

२. सम्पत्ति दाखेल खारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिमलाग्ने राजश्व लगायतका सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।

३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा **बैंकको प्रधान कार्यालय बबरमहल, काठमाण्डौ र शाखा कार्यालय मझगावा** रुपन्देहीमा सम्पर्क राख्न सकिनेछ ।

PRABHU BANK
प्रभु बैंक लिमिटेड
प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-५७१५०००

गणतन्त्रमा राजतन्त्रको मृगतृष्णा

गणतन्त्रमाथि मडारिएको चुनौतीप्रति अनावश्यक प्रतिक्रियात्मक हुनुभन्दा यस्तो अवस्था किन आयो भनेर परिवर्तन पक्षधरले सोच्नु जरुरी छ



● भुवन न्यौपाने

अग्रलेख

गणतन्त्र स्थापना भएको १५औँ वर्षमा आइपुग्दा यो व्यवस्थाप्रति प्रश्न गर्दै केही नागरिक सडकमा उत्रिए। ती नागरिक साँच्चै गणतन्त्रप्रतिको अनिच्छाले सडकमा उत्रिए अथवा कसैले प्रलोभन दिएको तथा वितृष्णा र समस्या देखाएका कारण सडकमा आए, यो समीक्षाकै क्रममा छ। गणतन्त्र ल्याउन भूमिका निर्वाह गरेका राजनीतिक दल गणतन्त्रको विकल्प नभएकोबारे जनतालाई विश्वस्त पार्न प्रयासरत छन्। अर्कातर्फ, राजतन्त्रप्रति आस्थावान्‌ले गणतन्त्रका कमी-कमजोरी देखाउँदै राजतन्त्रको वकालत गरिरहेका छन्।

किशोरावस्थामा प्रवेश गरेको गणतन्त्र र अवशेषमा पुगिसकेको राजतन्त्रबारे नेपालमा पेचिलो बहस सुरु भएको छ। यसबारे बहस गर्दा निम्न प्रश्नमा केन्द्रित हुनु आवश्यक देखिन्छ :

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था लागू भएदेखि जनताबाट निर्वाचित जनप्रतिनिधि कति जनउत्तरदायी भए ? त्यी पात्रले देखाउने प्रवृत्ति शासकको हो कि सेवकको ? व्यवस्थाको वकालत गर्दा वर्तमानमा भविष्यप्रतिको आशा र विगतको समीक्षा कस्तो छ ? विगतको सामन्ती र जहानियाँ शासन हटाएर जनताले निर्वाचित गरेका जनप्रतिनिधिले जनमुखी भएर काम गरेका छन् कि छैनन् ? सडकका आन्दोलनबाट व्यवस्था परिवर्तन भएपछि सरकार र सदनमा पुगेका जनप्रतिनिधिको कार्यशैली कस्तो छ ? कार्यसम्पादनमा पारदर्शिता कस्तो देखिन्छ ? शासन कति जनउत्तरदायी भयो ? जनसन्तुष्टिको सूचक कस्तो छ ? गणतन्त्र आफैँमा जनप्रिय शासन व्यवस्था हुँदाहुँदै पनि किन यसप्रति प्रश्न उठे ? यस्ता प्रश्नमा केन्द्रित हुनु जरुरी छ।

गणतन्त्रका गल्ती : पहिलो, राजनीतिक सामाजिकीकरणको मान्यताअनुसार राजनीतिले भविष्यप्रति आशा जगाउन सकेन भने समाजले विगततर्फ फर्किएर आत्मसमीक्षा गर्न थाल्छ। नेपालको नवस्थापित गणतन्त्रले अपेक्षाकृत डेलिभरी दिन नसक्दा जनतामा बढेको असन्तुष्टिलाई मौका सिर्जना गरी धमिलो पानीमा माछा मार्न प्रतिगमनका शक्ति लागिपरेका देखिन्छन्। त्यस्तै राजनीतिक दुश्चक्रमा परी शासकले गरेका गल्तीले समग्र व्यवस्थाप्रति नै जनताले मूल्यांकन गर्न थालेका छन्। हिजोको एकात्मक शासन विकेन्द्रीकृत भएपछि सबल र दुर्बल दुवै पक्षको विकेन्द्रीकरण भएको छ। केन्द्रको सिंहदरबार गाउँ पुगेसँगै त्यहाँ अधिकारसहित विकृति पनि पुगेका छन्। अनेक सकारात्मक प्रयास हुँदाहुँदै पनि विकृतिले वितृष्णा फैलाएका छन्।

दोस्रो, गणतन्त्रको घोषणा भएको १५ वर्ष, संविधान जारी भएको आठ वर्षलाई तुलनात्मक रूपमा अध्ययन गर्दा यो व्यवस्थाभित्रका कार्यसम्पादन, उपलब्धि र विकसित संस्थागत स्वरूपलाई औसत उपलब्धि मान्नुपर्छ। राज्यका तीन अंग व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका संरचनात्मक रूपमा संघीय विकेन्द्रीकरण भए पनि त्यी अंगको कार्यसम्पादन कस्तो छ ? गणतन्त्र स्थापना भए पनि अझै कतिपय विषय संस्थागत हुन सकिरहेका छैनन्। संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाको अभ्यास गर्दा अझै पनि संघ, प्रदेश र स्थानीय निकायको औचित्य पुष्टि गरी जनतासमक्ष यो व्यवस्थाको मार्गचित्र स्पष्ट रूपमा कायम हुन सकिरहेको छैन। राजनीतिक दबाबबाट राष्ट्रप्रमुखलाई आलंकारिक भूमिकाभन्दा राजनीतिक अभ्यासमा होमिने अभिशप्त समयको सिर्जना गरिँदै छ। सम्मानित संस्थाको मर्यादा बचाउनुभन्दा राजनीतिक घुम्टोले धमिलो बनाउँदै छ।

तेस्रो, गणतन्त्रमाथि हिलो छ्याप्न बाध्य पार्ने प्रवृत्ति कहाँबाट उत्पत्ति भइरहेको छ ? त्यसको मुहान कुन हो ? पछिल्लो समय राजनीतिमा व्यक्तिवादी स्वार्थ सौदाबाजीको चरम अवस्था सिर्जना भएको छ। कानुनी शासनको धज्जी उडाउँदै आपराधिक कसुरमा राष्ट्रपतिबाट आममाफी पाएका रिगल, राजनीतिक भागबन्डा र संरक्षणमा छुटेका रेशम चौधरी, राज्यशक्तिको दुरुपयोग गर्दै नक्कली शरणार्थी प्रकरणमा मुछिएका नेता, राष्ट्रिय सम्मानमा दुरुपयोग, सत्तापक्ष र राष्ट्र प्रमुखका टकराव, राजकीय सवारी, ललिता निवासको जग्गा हिनामिना गर्ने गिरोह, सबै राज्यका शासकीय भूमिकामा रहेकै व्यक्तिबाट शक्तिको दुरुपयोग गरी लाभ लिन उद्यत् देखिन्छन्। यस्ता प्रकरणले गणतन्त्रलाई गिज्याइरहेका छन्।

चौथो, गणतन्त्रलाई कानुनी शासन, राजनीतिक सिद्धान्त र समसामयिक दबाबका दृष्टिले भुलचुक गल्ती गर्ने छुट छैन। लोकतन्त्र र स्वतन्त्रता भएर नै आलोचना, समालोचना र प्रतिप्रश्नका समीक्षा गर्न पाइएको हो। तर, ती आलोचना र प्रतिप्रश्न कस्ता प्रकृति, प्रवृत्ति र प्रकारका सन्दर्भमा भइरहेका छन्, मिहिन समीक्षा गर्न सकिँदैन भने जतिसुकै नौलो व्यवस्था ल्याए पनि जनताले आत्मसात् गर्न सक्दैनन्। संविधानले संस्थागत गरेको गणतन्त्रलाई संविधानको पूर्णताका लागि यस अवधिमा कति कानुन बने ? व्यवस्थाप्रति प्रश्न गर्नेतिर फर्केर हेर्दा हामीले व्यवस्था लाएका र राज्यसत्ता चलाइरहेकातर्फ फर्केर यस्ता प्रश्न गर्न सकेनौँ।

गणतन्त्रको गहना : गणतन्त्रको सुनौलो गहना भनेकै सुधारिएको गणतन्त्र अथवा कानुनी शासनको सर्वोत्तम प्रयत्न हो। विश्वका समुन्नत मुलुकको विगतको लामो अभ्यासलाई क्रमिक रूपमा सुधार गर्दै उत्तम विकल्पको अभ्यास गर्नु हो। राजनीतिक उत्तरआधुनिक इतिहासमा



गणतन्त्रजत्तिको उत्तम विकल्प अन्य छैन, तर यसलाई कसरी सञ्चालन गर्ने र बढीभन्दा बढी स्वीकार्य बनाउने भन्ने जिम्मेवारी व्यवस्थाका हिमायतीहरूको काँधमा रहेको छ। मूलधारका राजनीतिक दल र यो व्यवस्थाले पहिलोपटक यस्तो चुनौती सामना गरिरहेका छन्। यस्तो अवस्थामा यी चुनौतीप्रति अनावश्यक प्रतिक्रियात्मक हुनुभन्दा पनि यस्तो अवस्था किन आयो भनेर परिवर्तन पक्षधर शक्तिले गम्भीर भएर सोच्नु आवश्यक छ।

> शासकीय भूमिकामा पुगेका नेतृत्वका कारण गणतन्त्रमाथि प्रश्न जरुर उठेको छ, तर एक व्यक्तिमा सार्वभौमसत्ता निहित भई व्यक्तिगत सर्वोच्चता कायम हुने राजतन्त्र आजको पुस्तालाई मान्य छैन

राजनीति र समाजको विकासक्रममलाई हेर्दा सम्भ्रान्त र भुइँतहको भिन्नभिन्न संघर्ष देखिन्छन्। सम्भ्रान्त वर्गलाई प्रतिष्ठाको र भुइँतहका लागि पहिचानको संघर्ष छ भने मध्यम वर्ग निकै उतारचढावमा छ। ०६२/६३ को जनआन्दोलनले नेपाली समाजमा रुपान्तरणको जग बसालेको छ। राजतन्त्रको गलत रबैया र जनतामा उत्पन्न गणतन्त्रप्रतिको चेतनाले व्यवस्थाको स्थापना भएको हो। गणतन्त्रले जनताको प्रतिनिधित्वलाई मुखरित गरिसकेको छ। समानुपातिक प्रतिनिधित्व, समावेशीकरण र आरक्षणले समाजमा सकारात्मक प्रभाव पारिसकेका छन्। सीमान्तकृत समाजबाट समतामूलक समुन्नत समाज निर्माणको परिकल्पना सहज हुँदै छन्। सामान्य परिवारमा जन्मिएको नागरिक राष्ट्रप्रमुख बन्न सक्ने सम्भावना व्यवस्थामा छ। राज्यका विभिन्न तहमा प्रतिनिधित्वको सुनिश्चितता कायम छ। संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थामा संघ, सात प्रदेश, ७७ जिल्ला र ७५३ स्थानीय तहका शासन व्यवस्थालाई तुलनात्मक रूपमा अध्ययन गर्दा जनप्रतिनिधिहरू जनअपेक्षाअनुरूप सेवकका रूपमा कार्यरत छन् कि शासकका रूपमा ? भन्ने विषयले महत्त्वपूर्ण अर्थ राख्छ। संघीयता आफैँमा राम्रो हुँदाहुँदै पनि यसले बहन गरिरहेको खर्च र प्राप्त प्रतिफललाई जनतासमक्ष देखिने गरी प्रवाह गर्न नसक्दा यसको अपरिहार्यता र औचित्य सिद्ध गर्न राजनीतिक दलले निकै ठूलो गृहकार्य गर्नुपर्ने देखिन्छ। गणतन्त्रलाई संघीयताका कमजोरीसँग र राजतन्त्रलाई हिन्दूधर्मसँग जोडेर भावनामा वितृष्णाको भाष्य सिर्जना गरिएको छ। सनातन हिन्दूधर्मलाई राजतन्त्रसँग जोडेर हेरिनु भ्रम मात्र हो। तर, सत्यचाहिँ के हो भने जनताले संघीयतामा सुधार चाहेका छन्। गणतन्त्र जनताको लामो संघर्ष, ठूलो बलिदान, धेरै त्याग, तपस्या र सामूहिक प्रयत्नबाट आएको हो। यो कसैको दया-मायाबाट आएको व्यवस्था होइन। यो व्यवस्था ल्याउन हजारौँको संख्यामा सहिद र बेपत्ता हुनेहरूको भूमिका छ। लाखौँ घाइते सच्चा योद्धाको योगदान छ। केही थान विवादित व्यक्ति र राजा बन्ने व्यक्तिगत स्वार्थको मनस्थितिले परिवर्तन हुनेवाला छैन। शासकीय भूमिकामा पुगेका नेतृत्वका कारण गणतन्त्रमाथि प्रश्न जरुर उठेको छ, तर एक व्यक्तिमा सार्वभौमसत्ता निहित भई व्यक्तिगत सर्वोच्चता कायम हुने राजतन्त्र आजको पुस्तालाई मान्य छैन। जसरी गणतन्त्रको विकल्प राजतन्त्र हुँदै होइन, त्यसरी नै उन्नत र सुदृढ गणतन्त्रको पनि विकल्प छैन।

राजतन्त्रको मृगतृष्णा : नेपालमा राजतन्त्र ऐतिहासिक रूपमा असफल, अलोकप्रिय र अनुदार प्रणाली साबित भइसकेको छ। राजतन्त्रको पुनरागमन अब यस मुलुकमा सम्भव छैन। त्यो मृगतृष्णा मात्र हो। बरु जनताले खोजेको गणतन्त्र सुधारिएको व्यवस्था हो। केही मान्छेले आफ्नो राजनीतिक सुरक्षा, व्यक्तिगत सान, प्रतिष्ठा, हिजोको मान, अभिमान गुम्दाको पीडा पोख्न वा अन्य कुनै दूषित मनसायले राज्यको अभिभावक चाहियो भन्दै राजाको वकालत गरिरहेका छन्। त्यो भनेको राजा र रैतीको मानसिकता हो। राजा-महाराजाका अगाडि बौद्धिक दासत्व स्वीकार गर्नु हो। अर्कातर्फ, गणतन्त्रको अस्त्र देखाएर राज्य दोहनको दुष्कार्यमा रुमल्लिएकाहरू पनि छन्। त्यस्ता, पात्र र प्रवृत्तिको पहिचान आवश्यक छ।

राजावादीहरू, जसले यो व्यवस्थाप्रति अलि चर्को बोल्छ, त्यसैका पछि लागिरहेका छन्। हिजो तुलसी गिरि, कमल थापा, पशुपति शमशेरले राजालाई दिएको साथ गणतन्त्रमा लगेर समाहित गरिसके। तर, त्यसपछिका ज्ञानेन्द्र शाही, रवीन्द्र मिश्र हुँदै विवादास्पद व्यापारी दुर्गा प्रसाईंसमेत राजतन्त्रको वकालतमा लागेका छन्। उनीहरू नारायणहिटीबाट नागार्जुन पुगेका पूर्वराजालाई पुनः राजगद्दीमा आरुढ गराउन पाए गणतन्त्रवादीलाई चक्मा दिएर मुलुकमा फेरि रजाइँ गर्ने काल्पनिक मृगतृष्णामा छन्। इतिहास भइसकेको राजतन्त्रलाई विवादित छविका जोसुकैले काँधमा बोकेर हिँडे पनि जनताले अब बुझिसकेका छन् कि सीमित दायराको पारिवारिक संरचनाबाट होइन, फराकिलो समावेशी भएको व्यवस्थाले भुइँमान्छेको पनि राष्ट्रप्रमुख बन्ने सम्भावनालाई नकार्न सकिँदैन। जनतामा राजनीतिक दल र तिनका नेताप्रतिको दृष्टिकोणमा नैराश्य र वितृष्णाको भाष्य सिर्जना हुनु गम्भीर विषय हो। गणतन्त्र ल्याउनेप्रति आमजनताको भावना के छ ? व्यवस्था परिवर्तनपश्चात् जनताको अवस्था परिवर्तनमा राजनीतिक दल किन गम्भीर भएनन् ? उल्टै भ्रष्टाचार र कुशासनका प्रकरणले राजनीतिक दलका नेता दैनन्दिन किन मुछिँदै गए ? बदलिँदो परिवेशबारे मूलधारका दलहरूमा राजनीतिक, आर्थिक र सामाजिक विषयमा गम्भीर बहस नहुनु ठूलो कमजोरी हो। राजनीतिक नेतृत्वले आफ्नो कमजोरी महसुस गर्नुपर्छ र सुधारका लागि तयार हुनुपर्छ। जनताले चाहेको नयाँ संघीय व्यवस्थामा नेता शासक या राजा होइन, सेवक तथा जनप्रतिनिधि हो।

गणतन्त्र पश्चगामी शक्तिहरूबाट भन्दा अग्रगामी शक्तिका प्रवृत्ति, मनपरी सोच, कार्यशैली वा व्यवहारबाटै चुनौतीमा छ। दलहरूले यथास्थिति, स्वार्थ, अपादर्शिता, जवाफदेहितविहीन हुँदै विधिको शासनलाई कुल्चिन थाले भने व्यवस्थाप्रति खतराको घन्टी नबज्ला भन्न सकिँदैन। अन्त्यमा, जसरी अब राजतन्त्रको सम्भावना छैन, त्यसरी नै गणतन्त्रका धेरै सम्भावना जीवितै छन्। सदृढ गणतन्त्रले नै यो व्यवस्थाका सम्भावनालाई बढाउँदै लैजाने हो। यही व्यवस्थालाई बलियो बनाउने खबरदारीलाई अवसरका रूपमा ग्रहण गरियो भने यो नै सर्वजन हितकारी छ। अन्यथा, पानीका फोका आउँछन् सकिन्छन्, हामी सुध्रिनेवाला छैनौँ भन्ने हो भने जनताले गणतन्त्रको जिम्मा लिन सक्दैनन्। यसर्थ, गणतन्त्र बहुमतको शासन मात्र होइन, प्रियजनको शासन बन्न चुक्नुहुँदैन।

---

३ प्रश्न

राष्ट्रिय स्वतन्त्र पार्टीका उपसभापति **डोलप्रसाद अर्याल**लाई



रास्वपा अहिले विदेश यात्रामा होमिएको छ। खासमा तपाईंहरूको प्रवास रणनीति के हो ?

हाम्रो पार्टीको विधानमै प्रवास नेपाली सम्पर्क विभाग रहने व्यवस्था छ। यसको नेतृत्व मैले नै गरिरहेको छु। विविध कारणले बिदेसिनुभएका नेपालीसँग सम्पर्क/समन्वय गरेर उहाँहरूको ज्ञान, सिप र पुँजी स्वदेश भित्र्याउनेबारे हामीले बहस चलाइरहेका छौँ। गएको निर्वाचनमा प्रवासी नेपालीको ठुलो सहयोग प्राप्त भएका कारण पार्टी सभापतिसहितका नेता उहाँहरूलाई धन्यवाद दिन र संगठन विस्तार गर्न विदेश यात्रामा हुनुहुन्छ।

तपाईंहरूको 'मिसन ०८४' अभियानलाई सफल बनाउन प्रवासका मतदाताको भूमिका कस्तो हुन सक्छ ?

हामीले हाम्रो वाचापत्रमै प्रवासमा रहेका नेपालीको मताधिकारको विषय उठाएका छौँ। पार्टी स्थापनादेखि नै विदेशमा रहेका नेपालीले मतदान गर्न पाउनुपर्छ भन्ने मुद्दा उठाउँदै आएका छौँ। अहिले निर्वाचन आयोगले पनि त्यसैअनुसार 'डकुमेन्टेसन' अगाडि बढाइरहेको छ। उहाँहरूको मताधिकार सुरक्षित भएपछि मिसन ८४ सफल बनाउन अहम् भूमिका हुने नै भयो।

रास्वपाले बिदेसिएका नेपालीलाई स्वदेश फर्काउने घोषणा गरेको थियो। त्यो अभियान कहाँ पुग्यो ?

अभियान जारी छ। हामीले नेपालमा रोजगारी दिन चाहने १० कम्पनीसँगको सहकार्यमा बिदेसिएका नेपालीका लागि 'भ्याकेन्सी' नै खुलाएका थियौँ। त्यसअनुसार आएका निवेदनलाई 'सर्टलिस्टिड' गर्ने काम भइरहेको छ। सभापतिको विदेश भ्रमण सकिनासाथ कति फर्किए र रोजगारीसँग जोडिए, त्यसको विवरण सार्वजनिक हुनेछ। रास्वपाले विदेशमा रहेका नेपालीलाई स्वदेशमै काम गर्ने माहोल सिर्जना गर्न समन्वय गरिरहेको छ।

प्रेरक प्रसंग

भिक्षु र प्राध्यापक

एक प्राध्यापक आफूलाई निकै विद्वान् ठान्थे। उनी हत्तपत्त अरूसित हार मान्दैनथे। आफू अनेक विषयको विज्ञ भएको अभिमान उनमा थियो। एकपटक कक्षामा एक छात्रले उनीसित बौद्ध दर्शनका बारेमा निकै गहन प्रश्न सोधे। उत्तर दिने क्रममा प्राध्यापक निकै अलमलिए र उनले विद्यार्थीको जिज्ञासा शान्त पार्न सकेनन्। परिणामतः उनले आफूले बौद्ध दर्शनबारे धेरै बुझ्न बाँकी नै रहेको अनुभव गरे। अर्को दिन उनी आफ्नो निवासबाट नजिकै रहेको एक गुम्बामा बस्ने बौद्ध भिक्षुलाई भेट्न गए। उनी पुग्दा भिक्षुले भर्खरै आफ्नो ध्यान पूरा गरेका थिए। प्राध्यापकले भिक्षुलाई आफ्नो समस्या सुनाए र आफूलाई बौद्ध दर्शनबारे ज्ञान दिन अनुरोध गरे। उनको समस्या बुझेर भिक्षुले उनलाई शान्त रहन आग्रह गर्दै सहयोगीबाट चिया मगाए। भिक्षुको आग्रहमा मौन रहनुको साटो प्राध्यापक आफ्ना बारेमा बढाइचढाइ गरेर भिक्षुलाई सुनाउन थाले।



भिक्षु शान्त भई उनका कुरा सुनिरहे। प्राध्यापक अनेक कुरा सुनाइरहे। केही बेरमा भिक्षुका सहयोगीले एक चियादानीमा चिया र दुई खाली कप ल्याइदिए। भिक्षु चियादानी लिएर कपमा चिया खन्याउन थाले। तर, कप भरिइरहँदा पनि उनले चिया खन्याउन रोकेनन्। त्यो देखेर प्राध्यापकले सचेत गराउँदै भने- भन्ते, कप भरिइसक्यो। अब त्यसमा थप चिया अट्दैन। हजुर किन चिया खन्याइरहनुभएको छ ? प्राध्यापकको कुरा सुनेपछि मुसुक्क हाँस्दै भिक्षुले भने- हो, तपाईंले एकदम ठिक भन्नुभयो। जसरी यो कप भरिइसकेपछि यसमा थप चिया अट्दैन, त्यसैगरी तपाईं पनि आफ्नो विचार र सोचले भरिनुभएको छ। तपाईंको दिमागमा नयाँ कुरा अट्ने ठाउँ छैन। त्यसैले, म तपाईंलाई कसरी बौद्ध दर्शनको ज्ञान दिन सकुँला र ? भिक्षुको प्रश्न सुनिसकेपछि प्राध्यापकलाई आफ्नो गल्तीको महसुस भयो। उनले भिक्षुसित क्षमा मागे।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

महानगरको स्वागतयोग्य कार्य

काठमाडौं महानगरपालिकाले जनस्वास्थ्यलाई ध्यानमा राख्दै विगतमा समेत मादक पदार्थ र सुर्तीजन्य पदार्थ बिक्री-वितरण गर्न र सार्वजनिक स्थलमा उपभोग गर्न नपाइने निर्णय गरेको थियो। यसलाई अझै फराकिलो बनाउँदै अब उप्रान्त सुर्तीजन्य पदार्थ सार्वजनिक स्थलमा उपभोग गर्न र पसलबाट बिक्री-वितरण गर्नसमेत नपाइने निर्णय गरेको सुन्न पाउँदा आमसर्वसाधारण हर्षित भएका छन्। यसलाई महानगरले प्रभावकारी अनुगमनसँगै नियमन पनि गर्नेछ भन्ने विश्वास छ। आफ्ना नागरिकलाई स्वस्थ राख्न लिइएको यस्तो निर्णय स्वागतयोग्य छ। यसको कार्यान्वयनमा महानगरलाई हामी सबैको साथ र सहयोग रहनेछ।

● **बलराम थापा,** क्षेत्रपाटी, काठमाडौं

साँच्चै क्षतिपूर्ति पाउँछ त नेपालले ?

दुबईमा आयोजित जलवायु सम्मेलनमा सहभागी भई फर्किएपछि प्रधानमन्त्री प्रचण्डले नेपालले क्षतिपूर्ति पाउने अवस्था बनेको दाबी गरेका रहेछन्। उनले दाबी गरेझैँ नेपालले जलवायु परिवर्तनबाट भएको क्षतिबापत विकसित राष्ट्रहरूले उपलब्ध गराउने बजेटबाट क्षतिपूर्ति पायो भने त्यसले नेपालको वातावरणीय परिवर्तनलाई न्यूनीकरण गर्न मद्दत पुग्नेछ। त्यसका लागि नेपालले भित्री मनैदेखि कूटनीतिक च्यानलमार्फत पहल गर्ने हो भने असम्भवचाहिँ छैन। त्यसैले, अब सरकारले भावी दिनमा यसबारे थप पहल जारी राखोस्।

● **वन्दना खाती**
गाबहाल, ललितपुर

विद्युत् महसुल तिर्ने कसले ?

स्थानीय तहहरूको विद्युत् महसुल बक्यौता ६ अर्बभन्दा बढी भएको समाचार पढियो। हाम्रो घरको विद्युत् महसुल तिर्न केही ढिलो भयो भने लाइन काटिन्छ। तर, स्थानीय तहहरूको विद्युत् महसुल यति धेरै बक्यौता रहँदा पनि किन तिर्न र तिराउन पहल गरिएन ? सडकमा बालिएको बत्तीको महसुलमा यति ठूलो गलफत्ती गरिरहनैपर्दैन। सडकमा गुड्ने हरेक वर्षको करमा थोरै रकम थप गरिदिए पनि सो रकम उठ्न सक्छ। यसबारे समयमै सोचौँ।

● **पूर्ण थापा**
अनामनगर, काठमाडौं

किन देखिएन त गणतन्त्रको मुकुट ?

कांग्रेस महामन्त्री गगन थापाले शनिबार बुटवलमा कांग्रेस प्रदेश सभा बैठकमा गणतन्त्रको मुकुट तीन पार्टीका तीन शीर्ष नेताले छोपिदिँदा नयाँ मतदाताले देख्न नपाएको र त्यसैले गर्दा उनीहरूले गणतन्त्रका राम्रा गुण बुझ्न र महसुस गर्न नपाएको बताएर एउटा नयाँ बहस उठान गरिदिएका छन्। गगनले विसं ०६० पछि जन्मेका नयाँ मतदाताले गणतन्त्रको त्यस्तो मुकुट आजसम्म नदेखेको हुँदा त्यसलाई उघारेर सबैलाई देखाउनुपर्ने वेला आएको बताएका छन्।

महामन्त्री गगनको भनाइ सही भए पनि त्यो मुकुट उघारेर देखाउनेचाहिँ कसले हो ? बिरालाको घाँटीमा घन्टी बाँध्ने कसले हो ? किनकि, देउवा, ओली र प्रचण्डले भित्री मनैदेखि सो मुकुट उघार्न चाहँदैनन्। यसैले त ०४६ यता उनीहरूको अनुहार आमजनताले चाहे पनि नचाहे पनि हेर्नुपरिरहेको छ। देउवाबाट गणतन्त्रको मुकुट खोस्न स्वयं गगनले नै संसदीय दलको चुनावमा प्रयास नगरेका होइनन्। तर, उनी सफल भएनन्। उता शेखर कोइरालाले पनि मुकुट खोस्न प्रतिस्पर्धा गरेकै हुन्। उनले पनि सकेनन्। उता ओलीसँग पनि गणतन्त्रको मुकुट खोस्न भीम रावलले साहस देखाएकै हुन्। तर, केवल १० प्रतिशतको साथ पाए। अनि प्रचण्डले लुकाएको मुकट खोस्न त आजसम्म सो पार्टीमा कुनै नेता जन्मेकै छैन।

यस्तो अवस्थामा कहाँबाट गणतन्त्रको मुकुट खोसेर देखाउन सकिएला ? महामन्त्री गगनले जनतालाई बताउन सक्नुपर्‍यो। गगनले खोसेर देखाउने त उद्घोष गरे, तर कसरी भन्ने उपायचाहिँ बताएनन्। आखिर किन ?

● **गोपाल देवकोटा,** जोरपाटी, काठमाडौं
gopaldevkota@gmail.com

देश/विदेश

अमेजन वर्षावन जोगाउने चुनौती

अमेजन वर्षावनमा हुने सम्भावित क्षतिले विश्वव्यापी प्रकोप निम्त्याउने खतरा छ भने यसबाट हुने क्षति 'पराकाष्ठाको बिन्दु'मा पुगिसकेको छ

अन्ततः ब्राजिलको अमेजन वर्षावन क्षेत्रबाट शुभ समाचार आइरहेका छन्। पछिल्लो पाँच महिनामा वनविनाशको गति अघिल्लो वर्षको तुलनामा झन्डै ५० प्रतिशतले घटेको छ। यो परिवर्तनले सरकार परिवर्तनको सार्थकता प्रतिबिम्बित गर्छ। सन् २०१९ देखि २०२२ सम्म ब्राजिलका राष्ट्रपति रहेका जायर बोल्सोनारोले अमेजन वर्षावनमा रुख काट्ने र डढेलो लगाउने काममा संलग्न काठ तस्कर र पशुपालकलाई खुलेर समर्थन गरेका थिए। वर्षावन फँडानी रोक्ने उपाय लागू गर्नुको सट्टा बोल्सोनारोले वातावरणीय कानुन एवं व्यवस्था लागू गर्न आवश्यक जिम्मेवार निकायलाई सक्रिय रूपमै कमजोर बनाएका थिए।

गत वर्ष मतदाताले बोल्सोनारोलाई हटाउने निर्णय वास्तवमा अमेजन संरक्षणका लागि अपरिहार्य काम थियो। वर्तमान राष्ट्रपति, लुइज इनासियो लुला दा सिल्भा अमेजन संरक्षणका लागि साँच्चै प्रतिबद्ध छन्। हालैको हाम्रो रिपोर्टमा जोड दिइएझैँ सशस्त्र संघीय बलले सक्रिय रूपमा अवैध खनन कार्य रोकिरहेको छ र त्यसैगरी बलले यी अवैध समूहका उपकरण जफत पनि गरिरहेको छ।

यद्यपि, सरकारको यो कार्यान्वयन प्रयासमा मात्रै भर पर्नु अपर्याप्त हुन्छ। अमेजन क्षेत्रमा कानुनी शासन लागू गर्न लुलाले भूमिको स्वामित्व परिभाषित गर्ने दिशातर्फ काम गरिरहेका छन्। वास्तवमा यो कदम धेरै पहिले चालिनुपर्थ्यो। हाल अमेजन क्षेत्रमा कम्तीमा २२ विभिन्न ब्राजिलियन एजेन्सी छन्, जसले भूमि दाबी दर्ता गर्ने काम गर्छन्। सञ्चार एवं संवादको कमीका कारण यी एजेन्सीले वर्षावनका विभिन्न हिस्सामा आउने विरोधाभाषी दाबीको सामना गर्छन्।

यसबाहेक ब्राजिलको अमेजन क्षेत्रको एक ठूलो हिस्सा अर्थात् २९ प्रतिशत भूमिलाई 'अनिर्धारित' भन्दै वर्गीकृत गरिएको छ। 'अनिर्धारित' भूमि सार्वजनिक भूमि हो, तर यो प्रकृति आरक्षित हुने, आदिवासी आरक्षित हुने वा अन्य कुनै नाममा जाने हो भन्नेमा कुनै निर्क्योल भएको छैन।

अस्पष्ट सम्पत्ति अधिकार भएका क्षेत्रमा वन विनाश सबैभन्दा गम्भीर देखिन्छ। वर्षावन क्षेत्रको स्पष्ट स्वामित्वको अभावले विनाशको मामिलालाई जटिल बनाएको छ। जब स्थानीय अधिकारीले ऐतिहासिक रूपमा भूमि अतिक्रमणलाई सहन्छन् भने यसले यस्तो संस्कृतिलाई प्रोत्साहन गर्छ, जसले थप अवैध गतिविधिलाई बढावा दिनेछ। पशुपालकले प्रायः रुख काटेर, वनस्पति जलाएर र गाईवस्तुलाई नयाँ बनाइएको चरनमा चराएर भूमि नियन्त्रणमा जोड दिने लक्ष्य राख्छन्। यी कार्य अवैध भए पनि धेरैले विगतका नजिरका आधारमा नियन्त्रणमा लिइएका जग्गाको स्वामित्वको दाबी समय क्रममा स्वीकार हुनेछ भन्ने आशा राख्छन्। लुलाले भूमि हडप्ने यसअघिका क्रम रोक्न अनिर्धारित भूमिलाई संरक्षित भूमिका रूपमा वर्गीकरण गर्ने र सबै सम्पत्ति अभिलेखलाई एकीकृत प्रणालीमा समेट्ने योजना बनाएका छन्। यो महत्त्वपूर्ण कामका लागि भूउपग्रह तथ्यांक र डिजिटल प्रविधिको प्रयोग गर्न आवश्यक छ। यसमा यी प्राविधिक चुनौती मात्रै छैनन्। राज्य र स्थानीय नेता एवं कृषि तथा खानी स्वार्थ समूहबीचको घनिष्ठ सम्बन्धलाई हेर्ने हो भने लुलाको योजना राजनीतिक रूपमा पनि संवेदनशील छ। यी प्रभावशाली व्यक्ति-समूहले भूमि बाँडफाँड परिवर्तनको प्रतिरोध गर्ने सम्भावना छ। तथापि,



तस्बिर : भिक्टर मोरियामा/न्युयोर्क टाइम्स

यो प्रयास ग्रहको सबैभन्दा महत्त्वपूर्ण पारिस्थितिक प्रणालीलाई सुचारु राखिराख्न महत्त्वपूर्ण छ। अमेजन वर्षावनले ठूलो कार्बन भण्डारण, जैविक विविधताको भण्डारण र दक्षिण अमेरिकालाई जीवन्त राख्ने वर्षाको महत्त्वपूर्ण नियामकका रूपमा काम गर्छ। व्यापक वन विनाशले वर्षावनलाई जीवन्त राख्ने जलचक्रमा पनि बाधा पुऱ्याउँछ। त्यसमाथि अमेजन वर्षावनमा हुने सम्भावित क्षतिले विश्वव्यापी प्रकोप निम्त्याउने र क्षति 'पराकाष्ठाको बिन्दु'मा पुगिसकको भन्दै विभिन्न वैज्ञानिक चिन्तित छन्। तसर्थ, अमेजन वर्षावनको संरक्षणमा अन्तर्राष्ट्रिय समुदायले आर्थिक सहयोग गर्नु अपरिहार्य छ। १ डिसेम्बरका दिन कोप बैठकमा लुलाले विकासोन्मुख मुलुकमा स्थानीय समुदायले वन विनाश गर्नुपर्ने अवस्थालाई निरुत्साहित गर्दै आर्थिक विकल्प उपलब्ध गराउन आर्थिक सहयोगका लागि अपिल गरेका छन्। उनका वातावरणमन्त्रीले एक महत्त्वाकांक्षी पहलकदमीको प्रस्ताव राखेका छन्। प्रस्तावमा प्रतिहेक्टर वनका लागि दुई खर्ब ५० अर्ब डलर कोषको माग गरिएको छ, जसले राष्ट्रहरूलाई सफलतापूर्वक वार्षिक वन विनाश रोक्न मद्दत गर्नेछ। ब्राजिलले सार्वभौम सम्पत्ति कोषमार्फत यो कोषको परिकल्पना गरेको छ। यस्तै प्रस्ताव केही अफ्रिकी नेताले पनि गरेका छन्, जहाँ प्रकृति संरक्षणका लागि ऋण राहतको माग गरिएको छ।

लुलाले दुई खर्ब ५० अर्ब डलरको कोष जुटाउन सक्ने सम्भावना छैन, किनभने यो रकम यसअघि प्रतिबद्धता जनाइएको रकमभन्दा बढी हो। यसबाहेक आर्थिक सहायता खोज्ने सबै सरकारले यो रकमलाई विवेकपूर्वक प्रयोग गर्न सक्दैनन्। यद्यपि, ब्राजिलले भने बाह्य वित्त लगानीलाई सदुपयोग गर्नेछ। यदि वैकल्पिक जीविकोपार्जनको व्यवस्था हुँदैन भने सख्त कानुनले मात्र मानिसलाई वन विनाशको बाटोमा जानबाट रोक्न सक्दैन। उदाहरणका लागि वातावरणीय प्रहरी कारबाहीबाट विस्थापित अवैध उत्खननकर्ता अमेजन वर्षावन नै अतिक्रमण गर्ने गरी गाईवस्तु चराउँछन्। यसबाहेक यदि लुलाको संरक्षण प्रयासका क्रममा विकल्प नदिई दण्डात्मक उपायमा मात्र ध्यान दिइन्छ भने उनी अर्को चुनावमा बोल्सोनारोजस्ता नेतासँग पराजित हुन सक्छन्। तसर्थ, धनी राष्ट्रले योगदान गर्नुपर्छ र ब्राजिलले पनि विदेशी मार्गदर्शन, विशेषज्ञता र सहयोगका लागि पह

संयमित कूटनीतिका पर्याय हेनरी किसिन्जर

किसिन्जरको कूटनीतिक पहलले अमेरिका र चीनबीच दशकौँदेखिको शत्रुता अन्त्य मात्र गरेन, ताइबानमाथिको मतभेदलाई चिर्ने सूत्र पनि तयार गऱ्यो



● रिचार्ड हास

अमेरिकाको विदेश सम्बन्ध परिषद्का प्रेसिडेन्ट हास अमेरिकी विदेश विभाग (२००१-०३)मा नीति योजना निर्देशकका रूपमा सेवा गरेका व्यक्ति हुन्

हेनरी किसिन्जरविनाको विश्वको कल्पना गर्न कठिन हुन्छ। किसिन्जरविनाको विश्वको कल्पना गर्न कठिन भएको उनी पूरै एक शताब्दी लामो सुदीर्घ आयु बाँचेका कारण होइन, अमेरिकी विदेश नीति एवं अन्तर्राष्ट्रिय सम्बन्धमा उनले आधा शताब्दीभन्दा बढी समय प्रभावशाली स्थान ओगटेको र कतिपय अवस्थामा हाबी नै भएकाले हो।

सन् १९२३ मा जर्मनीमा जन्मिएका किसिन्जर सन् १९३८ मा संयुक्त राज्य अमेरिका बसाइँ सरे। अमेरिकी सेनामा छँदा जर्मनी गए। त्यसपछि हार्वर्ड विश्वविद्यालयमा विद्यार्थी हुँदै फ्याकल्टी मेम्बर पनि भए। उनले राष्ट्रपति रिचर्ड निक्सन र जेराल्ड फोर्डको कार्यकालमा पहिले सन् १९७३ मा राष्ट्रिय सुरक्षा सल्लाहकारको रूपमा र त्यसपछि सन् १९७५ बाट विदेशमन्त्रीको रूपमा आठ वर्ष अमेरिकी सरकारको सेवा गरे।

आफ्नो कार्यकालमा उनले हासिल गरेका उपलब्धि थुप्रा र उल्लेखनीय थिए। पहिलो, चीन-सोभियतबीच विभाजनले सिर्जना गरेको अवसरलाई चिनेर त्यसलाई तत्कालीन रूपमा अमेरिकाको मुख्य प्रतिद्वन्द्वी सोभियत संघमाथि हाबी हुन उपयोग गरे। त्यस कूटनीतिक पहलले अमेरिका र चीनबीच दशकौँदेखिको शत्रुताको अन्त्य मात्र गरेन, ताइवानमाथिको मतभेदलाई चिर्ने एउटा सूत्र पनि तयार गऱ्यो। चीनको आर्थिक रूपान्तरणको जग बसाल्यो, स्थायी र महत्त्वपूर्ण सम्बन्ध स्थापित गऱ्यो।

विदेश सम्बन्धमा सुधारहरू भए। सोभियत संघसँगको तनाव घटाउने काम भयो। किसिन्जर र निक्सन (उनीहरूबीचको घनिष्ठता किसिन्जरको प्रभावको एउटा प्रमाण हो)बीचको सम्बन्धले आणविक हतियार नियन्त्रणसम्बन्धी वार्ताहरू, आ-आफ्ना सहयोगी सम्मिलित द्वन्द्व व्यवस्थापनका नियम र नियमित शिखर सम्मेलनका लागि मार्ग प्रशस्त गऱ्यो। अझ तातिन र खराब हुँदै आणविक युद्धसम्म पुग्ने सम्भावनाबीच शीतयुद्धलाई चिसो राख्न महत्त गऱ्यो।

अर्को सफलता मध्यपूर्वमा देखिन्छ। अक्टोबर ७ मा हमासले आक्रमण गरेको ठीक ५० वर्षअघि इजिप्ट र सिरियाले इजरायललाई अचानक आक्रमण गरेका थिए। सो बखत किसिन्जर र निक्सनले इजरायललाई आवश्यक सैन्य सहयोग सुनिश्चित गरे। साथै, इजरायलीलाई सैन्यबलको अत्यधिक प्रयोग नगर्न दबाबमा पनि राख्ने काम गरे। अन्यथा यसले सोभियत संघलाई युद्धमा तान्न सक्थ्यो वा युद्धपछिको कूटनीतिक समाधानको सम्भावनालाई समाप्त गर्न सक्थ्यो। किसिन्जरको सुक्ष्म कूटनीति (प्रत्यक्ष वार्ताका लागि अनिच्छुक पक्षहरूबीच मध्यस्थताको कूटनीति) ले युद्धविरामलाई सघाउ पुऱ्यायो, विरोधी सशस्त्र शक्तिलाई अलग गर्न मद्दत पुऱ्यायो, जसले राष्ट्रपति जिमी कार्टरको पहलमा भएको इजिप्ट-इजरायल शान्ति सम्झौताका लागि आधार तयार गऱ्यो।

यी उपलब्धि एउटा विदेशमन्त्रीका लागि महत्त्वपूर्ण विरासत निर्माण हो। यो विरासतले विश्व मामिलामा किसिन्जरको दृष्टिकोणको केन्द्रीय तत्त्वहरू उजागर गर्छ। पक्कै पनि,



किसिन्जरले कूटनीतिलाई अँगालेका थिए, तर त्यो शक्तिको अनुकूल सन्तुलनको पृष्ठभूमिमा सञ्चालित कूटनीति थियो। यो कूटनीति मात्र थिएन, संयमित कूटनीति पनि थियो।

किसिन्जरको झुकाव कन्जर्भेटिभतर्फ थियो। उनले व्यवस्थालाई प्राथमिकता दिए, जसका कारण मुलुकलाई रूपान्तरण गर्ने वा न्यायसहितको शान्ति ल्याउन चाहनेहरूका महत्त्वाकांक्षी लक्ष्यभन्दा युद्ध पन्छाउने उनको प्रयासले प्राथमिकता पायो। उनको जोड देशहरूबीचको राजनीतिमा भन्दा पनि दुई देशबीचको सम्बन्धमा बढी थियो। उनले भनेझैँ अमेरिकी विदेशनीतिको मुख्य काम अरूको विदेश नीतिलाई आकार दिनु थियो।

यी कुरा उनका विद्यावारिधिको शोधग्रन्थदेखि आर्णविक हतियार, गठबन्धन, कूटनीति र पछिल्लो समय विश्व व्यवस्था, चीन र एआईमाथिका उनका विचार र लेखमा प्रतिबिम्बित पाइन्छन्। किसिन्जर अमेरिकी सरकारमा विदेशमन्त्री हुन्थेनन् भने पनि उनले आफ्नो विचारको शक्ति र आफ्नो लेखनको वाक् पटुतामार्फत अमेरिकी विदेश नीतिमा गहिरो प्रभाव पार्ने थिए।

निःसन्देह, अमेरिकी विदेशमन्त्रीमा जर्ज मार्सल, डिन एचेसन एवं जेम्स बेकरजस्ता अन्य महान् हस्ती पनि छन्। तर, जब कर्ता र विश्लेषक दुवैको कुरा आउँछ, उनीहरूको पनि किसिन्जरसँग तुलना हुन सक्दैन। उनी आफ्नो युगका एउटा सुविख्यात विद्वान् एवं अभ्यासकर्ता दुवै थिए। तर, यसको अर्थ यो होइन, किसिन्जरले केही कुरा गलत नै गरेनन्। उनीबाट निश्चित रूपमा गल्ती भएको छ। उनका आलोचक र समीक्षकहरूले त्यसको गणना गरेका छन्।

उनी जोडिएका सबैभन्दा विवादास्पद नीति भियतनाम युद्धसँग सम्बन्धित छन्। यो युद्धका आलोचकहरूले भियतनाम युद्धलाई लम्ब्याउन र कम्बोडियामा विस्तार गर्नमा किसिन्जरलाई दोषी ठहऱ्याउँछन्, जसमध्ये धेरैले यो युद्धलाई जित्न नसकिने र लड्नलायक नरहेको ठानेका थिए। तर, युद्ध टुंग्याउन वार्ताका लागि भूमिका खेलेका कारण उनले युद्ध समर्थकबाट समेत आलोचनाको सामना गर्नुपऱ्यो। 'शान्ति'का लागि लामो समय लाग्दा त्यसले उत्तर भियतनामलाई दक्षिणमाथि विजय हासिल गर्न अनुमति दिएको थियो।

सन् १९७१ को घटनामा पनि किसिन्जरको भूमिका विवादास्पद रह्यो। वर्तमान बंगलादेशमा पाकिस्तान सरकारले दमनको ठूलो अभियान चलाइरहेको, अझ नरसंहार नै मच्चाइरहेको रिपोर्टहरूका बाबजुद उनी पाकिस्तान (चीनसँगको सम्बन्ध सुधारमा सहयोग गरेको सहयोगी मुलुक)को पक्षमा उभिन पुगेका थिए। उनको अन्तिम गल्ती, किसिन्जरले चिलीको साल्भाडोर एलेन्डेको प्रजातान्त्रिक तरिकाले निर्वाचित सरकारलाई अपदस्थ गर्न खेलेको भूमिकाका लागि अझै पनि तीव्र आलोचना हुने गर्छ।

हुन त, किसिन्जरले आफ्ना नीति र अन्य आरोपबारे खण्डन गर्ने प्रयास पनि गरे। तर, उनका यी प्रयास पूर्णतया विश्वासयोग्य ठहरिन सकेनन्, किनकि केही आलोचना विश्वासयोग्य थिए।

प्रोजेक्ट सिन्डिकेटबाट

इतिहासमा आज



सन् १९३३ : अमेरिकामा पहिलोपटक सन् १९२० मा मदिरामाथि लगाइएको राष्ट्रिय प्रतिबन्ध आजकै दिन फुकुवा भयो। सन् १९३३ मा संविधानको २१औँ संशोधनपछि प्रतिबन्ध फुकुवा भएको हो।

१९७७ : इजिप्टद्वारा अरब देशसँग सम्बन्ध तोडेको घोषणा। त्रिपोलीको घोषणामा हस्ताक्षर गरेको विरोधमा इजिप्टका तत्कालीन राष्ट्रपति अनवर अल सादतले सिरिया, लिबिया, अल्जेरिया, दक्षिणी यमन र प्यालेस्टाइन स्वतन्त्र संगठनसँग सम्बन्ध तोडे।

सन् १९७८ : सोभियत युनियनद्वारा अफगानिस्तानसँग २० वर्षे मैत्रीसन्धिमा हस्ताक्षर।

सन् २००६ : फिजीमा नौसेनाका कमान्डर फ्रान्क बैनिमारामाद्वारा तत्कालीन सरकार अपदस्थ।

सन् २०१३ : दक्षिण अफ्रिकाका पूर्वराष्ट्रपति तथा रंगभेदविरोधी नेता नेल्सन मन्डेलाको ९५ वर्षको उमेरमा निधन।

■ भारतमा विधान सभा निर्वाचन

मिजोरममा जेडपिएमको प्रस्ट बहुमत



नयाँदिल्ली/ भारतीय राज्य मिजोरमको विधान सभा निर्वाचनमा जोरम पिपुल्स मुभमेन्ट (जेडपिएम)ले सरकार गठन गर्ने भएको छ। कुल ४० सिट रहेको यस राज्यमा जेडपिएमले २५ सिट जितेको छ भने दुई स्थानमा अगाडि छ। मिजोरममा सरकार बनाउन २१ सिट आवश्यक पर्छ।जेडपिएम सन् २०१७ मा स्थापना भएको ६ दलीय नयाँ राजनीतिक मोर्चा हो।

२. रोहित बहादुर खड्काको बुहारी, शिव बहादुर खड्काको पत्नी, रामेछाप जिल्ला, साविक बेताली गा.वि.स./न.पा. वडा नं. १ स्थायी ठेगाना भई हाल रामेछाप जिल्ला, गोकुलगंगा गा.पा. वडा नं. ४, बेताली बस्ने **अनिता खड्का** (ना.प्र.नं. २११०१०/२२०३२, जारी मिति २०६७/१२/३०, जि.प्र.का. रामेछाप) ।
३. चन्द्र बहादुर खड्काको नाति, केशर बहादुर खड्काको छोरा, रामेछाप जिल्ला, साविक बेताली गा.वि.स./न.पा. वडा नं. १ स्थायी ठेगाना भई हाल रामेछाप जिल्ला, गोकुलगंगा गा.पा. वडा नं. ४, बेताली बस्ने **रोहित बहादुर खड्का** (ना.प्र.नं. २११०१०/१४३९२/४९२३, जारी मिति २०४५/०९/११, जि.प्र.का. रामेछाप) ।
४. केशर बहादुर खड्काको बुहारी, रोहित बहादुर खड्काको पत्नी, रामेछाप जिल्ला, साविक बेताली गा.वि.स./न.पा. वडा नं. १ स्थायी ठेगाना भई हाल रामेछाप जिल्ला, गोकुलगंगा गा.पा. वडा नं. ४, बेताली बस्ने **टिका माया खड्का** (ना.प्र.नं. ४५०६, जारी मिति २०४३/१०/१६, जि.प्र.का. रामेछाप) ।
५. केशर बहादुर खड्काको नाति, रोहित बहादुर खड्काको छोरा, रामेछाप जिल्ला, बेताली गा.वि.स./न.पा. वडा न. ४ बस्ने **शिव बहादुर खड्का** (ना.प्र.नं. ७४७८०-२११०१०, जारी मिति २०६२/०८/२२, जि.प्र.का. रामेछाप) ।
धितोको विवरण
१. केशर बहादुर खड्काको नाति, रोहित बहादुर खड्काको छोरा, रामेछाप जिल्ला, बेताली गा.वि.स./न.पा. वडा न. ४ बस्ने शिव बहादुर खड्का (ना.प्र.नं. ७४७८०-२११०१०, जारी मिति २०६२/०८/२२, जि.प्र.का. रामेछाप) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको रामेछाप जिल्ला, साविक बेताली गा.वि.स./न.पा. वडा नं. १ ग हाल रामेछाप जिल्ला, गोकुलगंगा गा.पा. वडा नं. ४ स्थित कि.नं. २५१, २५२, २५३, २५४, २६८, २६९, २७०, २७२ र २७५ को क्षेत्रफल क्रमशः १-११-०-३, १-७-२-१, २-९-०-१, १-९-२-०, २-१३-०-०, १-८-२-३, १-१२-१-१, ०-५-१-२ र ३-१-३-२ (रोपनि) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत । २. रामेछाप जिल्ला, गोकुलगंगा गा.पा. वडा नं. ३ स्थित रजिष्टर्ड कार्यालय रही, कम्पनी ऐन २०६३ को दफा ५ को उपदफा (१) बमोजिम नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७७ साल श्रावण महिना १६ गते रोज ६ मा दर्ता नं. २३९४२०/०७७/०७८ तथा आन्तरिक राजश्व कार्यालय, धुलिखेलमा मिति २०७७/०४/१९ मा स्थायी लेखा नं. ९एब्८० ६०९७७१९८१ अन्तर्गत दर्ता कायम भएको बि एण्ड एस प्रेस प्रा.लि. को स्वामित्वमा रहेको मालसामान तथा आयप्राप्ती (Goods and Assignment of Bills And Receivables) उपर हाईपोथिकेशन सुरक्षण ।

Siddhartha Bank

शाखा कार्यालय : गोकुलगंगा, रामेछाप
फोन नं. ९७४२४४४२२१
Website : www.siddharthabank.com

बैंकदर १% विन्दुले घटाउन सिबिफिनको सुझाव

नयाँ पत्रिका

बैंक तथा वित्तीय संस्था परिसंघ (सिबिफिन)ले मौद्रिक नीतिको पहिलो त्रैमासिक समीक्षामार्फत बैंकदर १ प्रतिशत विन्दुका दरले घटाउन नेपाल राष्ट्र बैंकलाई सुझाव दिएको छ । सिबिफिनले आफ्नो सुझाव पेस गर्दै हाल कायम ७.५ प्रतिशतको बैंकदर घटाएर ६.५ प्रतिशत बनाउन सुझाव दिएको हो ।

सुझावमा भनिएको छ, 'यसले नेपाल राष्ट्र बैंक र बैंक तथा वित्तीय संस्थाहरूमाथि परेको दबाबलाई कम गर्न र चौतर्फी आक्रमणलाई निस्तेज पार्न सघाउ पुग्नेछ ।'

अहिले राष्ट्र बैंक मौद्रिक नीतिको त्रैमासिक समीक्षामा जुटिरहेको छ । बाह्य अर्थतन्त्रको अवस्थामा क्रमशः सुधार हुँदै गरेको देखिएको भए पनि आर्थिक गतिविधि, उत्पादनमूलक क्षेत्रमा लगानी विस्तार, आन्तरिक उत्पादन, रोजगारी, आयात-निर्यात, पुँजीगत खर्च प्रणाली, मुद्रास्फीतिलगायतका क्षेत्रहरूमा अपेक्षित सुधार नदेखिएको भन्दै सिबिफिनले चिन्ता व्यक्त गरेको छ ।

परिसंघले सुझाव दिँदै भनेको छ, 'संस्थापक सेयर र साधारण सेयरको बजार मूल्यमा एक रूपता कायम गरिनुका साथै संस्थापक सेयर कर्जाको हकमा समेत साधारण सेयर कर्जाजस्तै नेपाल स्टक एक्सचेन्ज लिमिटेडबाट प्रकाशित पछिल्लो १८० कार्यदिनको औसत मूल्य वा सेयरको प्रचलित बजार मूल्यमध्ये जुन कम हुन्छ, सो मूल्यको बढीमा ७० प्रतिशत रकमसम्म मात्र सेयर धितो कर्जा प्रवाह गर्न सकिने प्रावधान राखिनुपर्छ ।'

दोहोरो ब्याजदर प्रणाली लागू गरिनुपर्ने सुझावलाई परिसंघले निरन्तरता दिएको छ । व्यापारिक क्षेत्रमा प्रवाह हुने कर्जाको ब्याजदरमा भन्दा उत्पादनमूलक, रोजगारमूलक एवं निर्यातमूलक क्षेत्रमा प्रवाह हुने कर्जाको ब्याजदर सस्तो हुने गरी दुई प्रकारको ब्याजदर निर्धारण गरिनुपर्ने परिसंघको भनाइ छ ।

सिबिफिनले ०८१ असार मसान्तसम्ममा ०.५ प्रतिशत काउन्टर साइक्लिक बफरको व्यवस्थालाई स्थगन तथा एक वर्षभन्दा छोटो अवधिको निक्षेपलाई मुद्दतीमा गणना गर्न नपाउने व्यवस्था लागू गरिनुपर्ने सुझावमा उल्लेख छ ।

Nepal Government
Ministry of Water Supply
Department of Water Supply and Sewerage Management
Central Water Supply Project (CWSP)
Panipokhari, Kathmandu.

Notice for EXPRESSION OF INTEREST (EOI)

Published Date: 5th December, 2023 (2080/08/19)

The Central Water Supply Project under DWSSM invites Expression of Interest (EOI) from eligible consulting firms ("consultant") to provide the following consulting services for the Fiscal year 2080/81 at the national level through electronic means. Interested eligible consultants may obtain further information and EOI document from the website of Public Procurement Monitoring Office: www.bolpatra.gov.np/egp

Details

SN	Description	IFB No
	Survey, Estimate and Preparation of Detailed Engineering Design Report of	
1.	1. Indrenipokhari Warre Pumping WSP, Khotang 2. Barahapokhari RM 2,3 & 4 WSP, Khotang 3. Sotang1,3,4 & 5 Large WSP, Solukhumbu	*CWSP/CS/DPR/ 02/2080-81*
2.	1. Arun Ga.Pa. 1 & 2 Water Supply Project, Bhojpur 2. Beldandi Water Supply Project, Nuwakot 3. Tribeni Lifting Water Supply Project, Nawalpur	*CWSP/CS/DPR/ 03/2080-81*
3.	1. Chhedagaon Water Supply Project, Bajhang 2. Dawi Water Supply Project, Bajhang 3. Shankarapur Large Water Supply Project, Kathmandu	*CWSP/CS/DPR/ 04/2080-81*

कुमारी बैंक लिमिटेड शाखा कार्यालय हेटौंडा, मकवानपुरको धितोमा रहेको सम्पति पुनः लिलाम बिकीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रकाशित मिति २०८०/०८/१९ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेडको शाखा कार्यालय हेटौंडा, मकवानपुरबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋण कर्जाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंक संग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋण कर्जाहरुको सुरक्षण वापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न १५ दिने धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरीएको छ । यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८० मंसिर २६ गते मंगलबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा शाखा कार्यालय हेटौंडा, मकवानपुरमा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको चल अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

तपसिल

ऋणीको विवरण:

नेपाल सरकार उद्योग मन्त्रालय नगर कार्यपालिकाको कार्यालय, उद्योग विकास शाखा हेटौंडामा मकवानपुर, प्राइभेट फर्म रजिस्ट्रेसन ऐन २०१४ अर्न्तगत मिति २०७४/०६/०२ मा प्रा.फ.र.न. ७०६५/२८७/२०७४/२०७५ मा दर्ता कायम भई करदाता सेवा कार्यालय आन्तरीक राजस्व कार्यालय हेटौंडा, मकवानपुरबाट स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६०६९७९७५७ को प्रमाणपत्र प्राप्त मकवानपुर जिल्ला हेटौंडा उ.म.न.पा वडा नं. ४ मा रजिस्टर्ड कार्यालय रहेको **भ्वाइस मार्ट** (प्रोप्राईटर गंज बहादुर कार्कीको नाति, राम बहादुर कार्कीको छोरा, मकवानपुर जिल्ला, हेटौंडा न.पा वडा नं. ०६ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म न.पा., वडा नं. ०६ बस्ने **पुजन कार्की**, ना.प्र.नं. ३१-०१-७०-०२०६९, जारी मिति २०७०/०२/२२, जिल्ला प्रशासन कार्यालय मकवानपुर) ।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. गंज बहादुर कार्कीको नाति, राम बहादुर कार्कीको छोरा, मकवानपुर जिल्ला, हेटौंडा न.पा वडा नं. ०६ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म न.पा., वडा नं. ०६ बस्ने **पुजन कार्की** (ना.प्र.नं. ३१-०१-७०-०२०६९, जारी मिति २०७०/०२/२२, जिल्ला प्रशासन कार्यालय मकवानपुर) ।

२. बल बहादुर कार्कीको नाति, गंज बहादुर कार्कीको छोरा, शान्ती कुमारी कार्कीको पति, मकवानपुर जिल्ला, हेटौंडा उ.म न.पा., वडा नं. ०६ (साबिक मकवानपुर जिल्ला, हेटौंडा न.पा वडा नं. ०६) बस्ने **राम बहादुर कार्की** (ना.प्र.नं. ३२९७, जारी मिति २०४२/११/१६, जिल्ला प्रशासन कार्यालय मकवानपुर) ।

३. गंज बहादुर कार्कीको बुहारी, भक्त बहादुर नेपालको छोरी, राम बहादुर कार्कीको पत्नी मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा., वडा नं. ०६ (साबिक मकवानपुर जिल्ला, हेटौंडा न.पा वडा नं. ०६) बस्ने **शान्ती कुमारी कार्की** (ना.प्र.नं. २५९०५, जारी मिति २०५०/०५/२०, जिल्ला प्रशासन कार्यालय मकवानपुर) ।

लिलाम हुने सम्पत्तिको विवरण:

१. **राम बहादुर कार्की**को नाममा मालपोत कार्यालय, मकवानपुरमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं. ०६ स्थित कित्ता नं. १४६७ र ५२९४ को क्षेत्रफल क्रमश ०-३-० र ०-१-१.५(बि.क.धु) जग्गा र सो जग्गामा निर्माण भएको घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

२. **शान्ती कुमारी कार्की**को नाममा मालपोत कार्यालय, मकवानपुरमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, हेटौंडा न.पा.वडा नं. ०७ स्थित कित्ता नं. ११०९ को क्षेत्रफल ०-६-० (बि.क.धु) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

शर्तबन्देजहरु:

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले ७ औं दिन अर्थात मिति २०८० मंसिर २५ गते** भित्र बैंकको शाखा कार्यालय हेटौंडा, मकवानपुर स्थित कर्जा विभागमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ ।

२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय हेटौंडा, मकवानपुरबाट रु.५००/- तिरी प्राप्त गर्न सकिनेछ । उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ ।

३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी वापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि.को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन ।

४. यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८० मंसिर २६ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा कार्यालय हेटौंडा, मकवानपुर स्थित कर्जा विभागमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधापुग्ने छैन ।

५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ ।

६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ । अन्यथा धरौटी वापत जम्मा भएको रकम जफत हुनेछ ।

८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ ।

९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय हेटौंडा, मकवानपुर स्थित कर्जा विभागमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।

१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ ।

११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।

१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ ।

१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ ।

बोलपत्र खोलिने मिति २०८० मंसिर २६ गते मंगलबार अपरान्ह ३:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि

शाखा कार्यालय हेटौंडा, मकवानपुर फोन नं. ०५७-५२४१४३

सौर्य सिमेन्टले सुरु गऱ्यो क्लिंकर निर्यात

काठमाडौं/ सौर्य सिमेन्ट इन्डस्ट्रिज लिमिटेडले आफ्नो क्लिंकर उत्पादनलाई भारतमा निर्यात सुरु गरेको छ । उद्योगपरिसरमा पहिलो निर्यात गर्ने कार्यक्रम आयोजना गर्दै औपचारिक रूपमा क्लिंकर निर्यात सुरु गरेको हो ।

कम्पनीका प्लान्ट हेड गुरुदयाल सिंह तथा सहायक महाप्रबन्धक विकास खड्काले संयुक्त रूपमा रिबन काटी निर्यातको सुरुवात गरेको कम्पनीले जनाएको छ । उदयपुरको चुनढुंगाबाट उत्पादन गरिएको यस क्लिंकर तथा सिमेन्टमा न्युन म्याग्नेसियम अक्साइड तथा उच्चस्तरीय चुनढुंगा सम्मिश्रण रहेकाले भारतमा अवस्थित सिमेन्ट उद्योगमा सफल परीक्षणबाट स्वीकृति भई निर्यात गर्न सफल भएको कम्पनीले उल्लेख गरेको छ ।

०७८ सालबाट व्यावसायिक उत्पादन सुरुवात गरको उद्योगको क्षमता तीन हजार मेट्रिकटन क्षमता रहेको जनाइएको छ । व्यावसायिक घराना शंकर ग्रुप, गोल्छा ग्रुप तथा अम्बे ग्रुपको संयुक्त लगानीमा सिरा

अध्ययनपछि मात्रै...

पृष्ठ १ बाट क्रमशः

'क्रेता र बिक्रेता कम्पनीको मात्रै कुरा मिलेर हुँदैन । हाम्रा कानुन छन्, दूरसञ्चारसहितका नियामक निकायहरूको पनि चासो छ,' सोमबार सम्पादकहरूसँगको छलफलमा प्रधानमन्त्री प्रचण्डले भने, 'मैले आज मात्रै मुख्यसचिवलाई यस विषयमा विस्तृत अध्ययन गर्न भनेको छु । अध्ययनको निष्कर्षअनुसार गरिन्छ । कम्पनीले भन्दैमा हुँदैन ।' यसअघि पनि एनसेलबाट ठूलो परिमाणमा कर असुली गरिएको उनको भनाइ छ ।

लेखा समितिले आइतबार नियामक निकायहरू दूरसञ्चार प्राधिकरण, कम्पनी रजिस्ट्रारको कार्यालय र आन्तरिक राजस्व विभागलाई पत्र लेख्दै नौवटा प्रश्नको जवाफ मागेकोमा अन्य समितिका सदस्यहरूले पनि छलफलको प्रस्ताव गरेका हुन् ।

शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समिति सदस्य रास्वपा सहमहामन्त्री सुमना श्रेष्ठले विशेष छलफलसहित सरकारले जवाफ दिने वातावरण निर्माणका लागि समिति सभापतिलाई पत्राचार गरेकी छिन् । एनसेलमा रहेको आजियाटा समूहको सेयर खरिद-बिक्री वा स्वामित्व हस्तान्तरण भएको विषयमा उनले छलफलको माग गरेकी हुन् । शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिअन्तर्गत सञ्चार तथा सूचना प्रविधि मन्त्रालय पर्ने भएकाले यो विषयमाथि छलफल हुनुपर्ने उनको भनाइ छ ।

उनले पाँच बुँदामा प्रश्नसमेत राखेकी छिन् । 'नेपाल दूरसञ्चार प्राधिकरणबाट पूर्वस्वीकृति नलिई प्रमुख सेयर धनी आजियाटा बाहिरिँदा परिणाम के हुन्छ ? आजियाटाले व्यहोर्नुपर्ने कुनै जरिवाना वा सजाय हुन्छ ? यदि हुन्छ भने कसरी संकलन प्रक्रिया हुन्छ ?' उनको प्रश्न छ । टेलिया सोनेराले आजियाटालाई एनसेल बिक्री गर्दा निर्धारण गरेको र आजियाटाले कबोल गरेको पुँजीगत लाभकर पूर्ण भुक्तानी गरेको वा नगरेको विषयमा जानकारी खोज्नुपर्ने उनको भनाइ छ । उनले भनेकी छिन्, 'यसबाहेक ठूला करदाता कार्यालयले थप निर्धारण गरेको कर बक्यौता कति छ र आजियाटा बाहिरिएको अवस्थामा तिर्ने जिम्मा कसको हुन्छ ?'

चलिरहेको व्यवसाय किनेको रकमभन्दा ९६ प्रतिशत कम रकममा बेच्नु अस्वाभाविक देखिएको उनले बताइन् । 'यसमाथि आगामी ६ वर्षसम्मको मुनाफामा भने आजियाटाकै हक लाग्ने भनेर सम्झौता भएको सुनिन्छ । यो सम्झौता २५ प्रतिशत पुँजीगत लाभकरको सट्टा ५ प्रतिशत लाभांश कर तिर्न रचिएको प्रपञ्च त होइन ? यति कम मूल्यमा बिक्री भैरहँदा खरिदकर्ता र बिक्रीकर्ताबीच अन्य देशमा रहेको सम्पत्ति सट्टापट्टा गरी दुवै देशमा कर छल्ने योजना त होइन भनेर खोज गर्नुपर्ने हो कि ?'

उनले नेपालमा दूरसञ्चार प्रदायक संस्थाले सेवा लाइसेन्स नवीकरण गर्दा लाग्ने दस्तुरबारे जानकारी माग्न पनि आग्रह गरेकी छिन् । यस सम्बन्धमा समितिमा सञ्चारमन्त्री रेखा शर्मा, विगतमा टेलियासोनरा आजियाटा प्रकरण मुद्दामा नेपालको पक्षमा बहस गरेका अधिवक्ताद्वय सुरेन्द्र भण्डारी र बालकृष्ण न्यौपाने, उद्योग सञ्चालनमा भएका चुनौतीहरू र स्थिति सुधारका लागि लगानी बोर्ड नेपाल तथा दोहोरो करबारे बुझ्नका लागि आन्तरिक राजस्व विभागका प्रतिनिधिलाई बोलाएर कुराकानी गर्नुपर्ने उनको माग छ ।

उद्योग, वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिमा पनि यस सम्बन्धमा छलफल गर्नुपर्ने माग उठेको छ । रास्वपा सांसद गणेश पराजुलीले एनसेलको स्वामित्व परिवर्तन सन्दर्भमा आधारित भएर नीतिगत छलफल चलाउन समितिका सभापतिलाई पत्राचार गरेका छन् । उनले उद्योगमन्त्री रमेश रिजाललाई समेत बोलाउनुपर्ने माग राखेका छन् ।

राज्य व्यवस्था समितिका सभापति रामहरि खतिवडाले एनसेलको सेयर बिक्रीमा तुरुन्त छानबिन गर्नुपर्ने बताएका छन् । उनले भने, 'कर छल्न पल्केका कम्पनीहरू यस्ता काम विभिन्न तरिकाबाट गर्छन्, सरकार किन छानबिन गर्न ढिलो गर्दै छ ?'

मौद्रिक नीतिको जानकारी लिनका लागि बोलाइएको अर्थ समितिको बुधबार बस्ने बैठकमा रास्वपा उपसभापति एवं सांसद स्वर्णिम वाग्ले र संसदीय दलका उपनेता विराजभक्त श्रेष्ठले पनि जवाफ माग्ने रास्वपाले जनाएको छ ।

'सत्तागठबन्धन टुट्दैन'

प्रधानमन्त्री प्रचण्डले अहिलेको सत्तागठबन्धन नटुट्ने दाबी पनि गरे । 'अहिले विभिन्न कोणबाट गठबन्धन टुट्न लागेको त होइन भन्ने प्रश्न आउने गरेको छ । तर, यो गठबन्धन टुट्दैन र टुट्नेवाला पनि छैन,' उनले सम्पादकहरूसँग भने । संसद्को अंकगणितमा आफ्नो दलसँग ३२ सिट मात्रै हुँदा पनि लक्की भएकाले प्रधानमन्त्री बनेको उनको भनाइ छ ।

लोकतान्त्रिक गणतन्त्रको विकल्प निरंकुशतन्त्र हुन सक्दैन

प्रधानमन्त्री प्रचण्डले लोकतान्त्रिक गणतन्त्रको विकल्प नरहेकाले लोकतन्त्रविरोधी आवाज र गतिविधिको कुनै तुक नरहेको बताए । 'लोकतान्त्रिक गणतन्त्र संसारमा सबैभन्दा वैज्ञानिक व्यवस्था भएकोमा कुनै शंका छ र ? जतिसुकै कमजोरी भए पनि यसको विकल्प निरंकुशतन्त्र होइन । गणतन्त्रको जग बलियो बनाउन सबैले आ-आफ्नो ठाउँबाट भूमिका खेल्नुपर्छ,' उनले भने । यसका लागि सरकार र गणतन्त्र पक्षधर शक्तिहरू एकमत रहेको उनको भनाइ छ ।

संविधानविरुद्धमा जाने छुट कसैलाई पनि नरहेको उनले बताए । 'लोकतान्त्रिक गणतन्त्रको विरुद्धमा जान खोज्नेहरूलाई 'ट्याकल' गर्ने विषयमा आवश्यक रणनीति बनाएर बसेका छौं,' प्रधानमन्त्री प्रचण्डले भने । नागरिकको धार्मिक स्वतन्त्रताको सरकारले सम्मान गर्ने, तर संविधानको व्यवस्थाभन्दा तलमाथि नहुने उनले बताए । 'यस विषयमा कांग्रेस, एमालेलगायतका दलहरू प्रतिबद्ध छन् र सरकार पनि स्पष्ट छ,' प्रधानमन्त्री प्रचण्डले भने, 'अहिले धर्मलाई संविधानबाट चलाइयो भने त्यहाँ गणतन्त्र पनि चल्छ भन्नेमा गणतन्त्र पक्षधर सबै दलहरू स्पष्ट छन् । हिन्दू राज्य घोषणा गर्ने रे भनेर ल्याएका नाराहरूको कुनै तुक छैन ।'

सरकार आर्थिक संकट समाधानमा केन्द्रित

प्रधानमन्त्री प्रचण्डले सरकार आर्थिक संकट समाधानमा केन्द्रित भएको पनि बताए । त्यसका लागि राष्ट्रिय स्तरको छलफलको तयारी भइरहेको उनले बताए । 'एकपटक आर्थिक 'एजेन्डा'मा धक्का दिएर अर्थतन्त्रमा सुधार ल्याउन सकियो भने मुलुक राम्रोसँग अघि बढ्छ भन्ने मेरो आत्मविश्वास छ, यसका लागि सरकारले सरोकारवालासँग लगातार छलफल गरिरहेको छ,' उनले भने ।

बाहिर हेर्दा आर्थिक संकट हट्दै गएजस्तो देखिने, तर भित्र अवस्था ठीकठाक नदेखिने प्रधानमन्त्रीको भनाइ छ । 'वैदेशिक मुद्राको सञ्चिति राम्रो देखिन्छ, पर्यटक इतिहासमै धेरै आए भन्ने छ, रेमिट्यान्स अवस्था पनि राम्रै देखिन्छ,' उनले भने, 'तर, सटर बन्द भएकाभयै छन, त्यसैले एकपटक फेरि गम्भीर रूपमा छलफल गर्दै छौं ।' यद्यपि, लघुवित्त, सहकारीसम्बन्धी नीति, बैंकको ब्याजलगायतमा सरकारले धेरै राम्रा निर्णय गरेको उनको भनाइ छ ।

लुम्बिनीमा...

पृष्ठ १ बाट क्रमशः

बुटवलका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक होमबहादुर थापाका अनुसार क्षमताभन्दा बढी भार बोकेका सवारीसाधनदेखि तीव्र गतिमा चलाइएका र मादक पदार्थ सेवन गरी चलाएका सवारीसाधन बढी दुर्घटनामा परेका छन् ।

सबैभन्दा धेरै दुर्घटना हुने जिल्लामा रुपन्देही देखिएको छ । रुपन्देहीमा ९० वटा सवारीसाधन दुर्घटना हुँदा २३ जनाले ज्यान गुमाएका छन् । यहाँ पाँच चौपायाको मृत्यु भएको छ । बाँकेमा ५३ सवारी दुर्घटनामा परी २२ जनाले ज्यान गुमाएका छन् । बाँकेमा ६ चौपायको पनि मृत्यु भएको छ । त्यस्तै, दाङमा ६४ सवारीसाधन दुर्घटना हुँदा १९ जनाको मृत्यु भएको छ । कपिलवस्तुमा ९० वटा सवारीसाधन दुर्घटना हुँदा ११ जनाको ज्यान गएको छ । यहाँ १३ चौपाया मरेका छन् ।

डिएसपी थापाका अनुसार नवलपरासी पश्चिममा ३७ सवारीसाधन दुर्घटना हुँदा ११ जनाको मृत्यु भएको छ । यहाँ एक चौपायाको समेत ज्यान गएको छ । पाल्पामा १४ सवारी दुर्घटनामा परी ११ जनाले ज्यान गुमाएका छन् भने बर्दियामा २८ सवारी दुर्घटनामा ६ जनाको मृत्यु भएको छ ।

यस अवधिमा गुल्मीमा एउटा मात्रै दुर्घटनामा भएको छ भने एकजनाले ज्यान गुमाएका छन् । रुकुम पूर्वमा भने तीनवटा सवारीसाधन दुर्घटना हुँदा एकजनाको मृत्यु भएको छ । प्युठान र रोल्पामा ६-६ वटा दुर्घटना भएका छन् । प्युठानमा एक र रोल्पामा ६ जनाले ज्यान गुमाएका छन् । त्यस्तै, अर्घाखाँचीमा १२ वटा सवारी दुर्घटना हुँदा तीनजनाको ज्यान गएको छ ।

८६ हजार सवारीसाधन कारबाहीमा

लुम्बिनी प्रदेशमा चार महिनाको अवधिमा ८५ हजार नौ सय ६० सवारीसाधन कारबाहीमा परेका छन् । चालू आर्थिक वर्षको साउनदेखि कात्तिक मसान्तसम्ममा ट्राफिक नियम उल्लंघन गर्नेहरूबाट ६ करोड २ ९ लाख १७ हजार दुई रुपैयाँ राजस्व संकलन भएको राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय बुटवलका सूचना अधिकारी डिएसपी होमबहादुर थापाले जानकारी दिए ।

सबैभन्दा धेरै रुपन्देहीमा १९ हजार चार सय २२ सवारीसाधन कारबाहीमा परेका छन् । त्यसबाट एक करोड ७९ लाख १६ हजार राजस्व संकलन भएको छ । कपिलवस्तुमा १४ हजार दुई सय ३२ सवारीसाधन कारबाहीमा पर्दा एक करोड सात लाख ११ हजार पाँच सय राजस्व संकलन भएको छ । नवलपरासी पश्चिममा १२ हजार तीन सय कारबाहीबाट ७६ लाख ६८ हजार पाँच सय रुपैयाँ संकलन भएको छ ।

बाँकेमा आठ हजार आठ सय ७२ कारबाहीबाट ६८ लाख १८ हजार संकलन भएको छ भने दाङमा सात हजार पाँच सय ८० कारबाहीबाट ५१ लाख ८७ हजार पाँच सय दुई रुपैयाँ राजस्व संकलन गरिएको छ । पाल्पामा पाँच हजार सात सय ७९ सवारीसाधन कारबाहीमा परेका छन् । यहाँ ३८ लाख ७७ हजार राजस्व संकलन भएको छ । बर्दियामा ६ हजार ६ सय आठ सवारीसाधनबाट ३८ लाख ६३ हजार राजस्व संकलन भएको छ । प्युठानमा तीन हजार पाँच सय ५०, गुल्मीमा तीन हजार ५०, अर्घाखाँचीमा दुई हजार ५०, रोल्पामा एक हजार आठ सय र रुकुम पूर्वमा सात सय १७ सवारी कारबाहीमा परेका छन् ।

प्युठानमा २१ लाख एक हजार पाँच सय, गुल्मीमा १८ लाख ६९ हजार पाँच सय, अर्घाखाँचीमा १२ लाख १७ हजार पाँच सय, रोल्पामा ११ लाख ९१ हजार पाँच सय र रुकुम पूर्वमा चार लाख ९५ हजार पाँच सय रुपैयाँ राजस्व संकलन भएको छ । लुम्बिनीमा अघिल्लो आर्थिक वर्षको सोहीअवधिमा ८१ हजार चार सय ५२ सवारी कारबाहीमा परेका थिए । त्यसबाट पाँच करोड ४३ लाख तीन हजार राजस्व संकलन भएको थियो ।

ट्राफिक सचेतना कार्यक्रम

लुम्बिनी प्रदेशमा बढ्दो सवारी दुर्घटना न्यूनीकरण गर्न तथा ट्राफिक नियमको पालना गराउन सचेतना कार्यक्रम पनि निरन्तर सञ्चालन भइरहेका छन् । राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय बुटवलका अनुसार यो आर्थिक वर्षको चार महिनामा चार हजार ४५७ वटा कार्यक्रम गरिएका छन् । यस्ता कार्यक्रम अघिल्लो वर्षको सोही अवधिमा जम्मा पाँच सय ६७ वटा भएका थिए । यी कार्यक्रमबाट यो वर्षको चार महिनामा एक लाख ८७ हजार चार सय ९७ जना लाभान्वित भएको दाबी छ । अघिल्लो वर्ष सोही अवधिमा लाभान्वित हुनेको संख्या ३५ हजार एक सय ७० रहेको थियो । सूचना अधिकारी डिएसपी थापाले सचेतना कार्यक्रमहरू प्रभावकारी बन्दै गएको बताए ।



लुम्बिनी सांस्कृतिक नगरपालिका- ४ महुवारीमा १६ मंसिरमा स्कुलबसको ठक्करबाट दुईजनाको ज्यान गएपछि स्थानीयले स्कुलबसमा आगो लगाइदिए । तस्बिर : **दीपेश पछाई**/नयाँ पत्रिका

रुसी सेनामा...

पृष्ठ १ बाट क्रमशः

अनुसार रुसी सेनामा कार्यरत गोरखाका सन्दीप थपलिया, कपिलवस्तुका रूपक कार्की, कास्कीका देवान राई, स्याङ्जाका पितम कार्की, दोलखाका राजकुमार रोका र इलामका गंगाराज मोक्तानको मृत्यु भएको छ ।

'उहाँहरूको आइडी कार्ड र पासपोर्ट नम्बरका आधारमा नेपाली हुन् भन्ने भएपछि हामीलाई रुसी सेनाले जानकारी दिएको छ । रुसी सेनाले नेपाली राजदूतावासलाई मृतकहरूको मृत्यु प्रमाणपत्रसमेत पठाएको छ,' रुसका लागि नेपाली राजदूत डा. मिलनराज तुलाधरले नयाँ पत्रिकासँग टेलिफोनमा भने, 'उहाँहरू रुसी सैनिकमा भर्ती भएर युक्रेनसँगको युद्धका क्रममा मारिनुभएको जानकारी आएको छ । तर, मृतकको शवको अवस्थाबारे पनि हामीलाई जानकारी छैन, हामीले रुससँग विस्तृत जानकारी मागेका छौं ।'

नेपाल सरकारले उनीहरूको शव नेपाल पठाउन र परिवारलाई क्षतिपूर्ति उपलब्ध गराउन माग गरेको छ । 'रुसी सरकारलाई निजहरूको शव यथाशीघ्र नेपाल पठाउन तथा पीडित परिवारहरूलाई क्षतिपूर्ति उपलब्ध गराउन अनुरोध गरेको छ,' परराष्ट्रद्वारा जारी विज्ञप्तिमा छ ।

नेपाल सरकारले नेपाली नागरिकलाई रुसी सेनामा भर्ना नगर्न पनि रुस सरकारलाई आग्रह गरेको छ । 'कुनै नेपाली नागरिकलाई भर्ना गरेको भए त्यस्ता नागरिकलाई तत्काल नेपाल फर्काउनसमेत नेपाल सरकारले रुसी सरकारलाई अनुरोध गरेको छ,' परराष्ट्रले विज्ञप्तिमा भनेको छ । परराष्ट्र मन्त्रालयले कसैको प्रलोभनमा परी वा गलत सूचनाको आधारमा युद्धग्रस्त मुलुकहरूको सेनामा भर्ना नहुन अनुरोध गरेको छ ।

सरकारले सरकारी कामकाज, रुसी सरकारको छात्रवृत्ति तथा पेसा-व्यवसायमा संलग्न भएकालाई बाहेक अन्य सर्वसाधारण नागरिकलाई रुस यात्रा गर्नुपरे जानकारी दिएर मात्र यात्रा गर्न अनुरोध गरेको छ । 'परराष्ट्र मन्त्रालयअन्तर्गतको कन्सुलर सेवा विभाग, त्रिपुरेश्वरबाट जारी गरिने नो अब्जेक्सन सर्टिफिकेट (एनओसी) लिएर मात्र यात्रा गर्नुहुन सर्वसाधारण सबैमा यस मन्त्रालय हार्दिक अपिल गर्दछ,' परराष्ट्रले भनेको छ ।

परराष्ट्रले गत साउन १६ गते विज्ञप्तिमार्फत विदेशी सेनामा नेपाली नागरिकहरू भर्ना सम्बन्धमा भारत र बेलायतबाहेक अन्य विदेशी सेनामा नेपाली नागरिक भर्ना हुन अनुमति दिने नेपाल सरकारको नीति नरहेको जानकारी गराइसकेको पनि पुनः स्मरण गराएको छ । सरकारको यही नीतिबारे नेपाली राजदूतावासले रुसी विदेश मन्त्रालयलाई औपचारिक जानकारी दिइसकेको राजदूत तुलाधरले बताए ।

'हामीले जानकारी पाएसम्म रोकेका छौं । नेपाल सरकारले आग्रह गरिरहे पनि दलालहरूको फन्दामा परेर नेपाली नागरिक रुसको सेनामा भर्ती हुन गएको जानकारी छ । हामीसँग सोध्न आएकाहरूलाई हामीले सम्झाइबुझाई गरेर स्वदेश फर्काउने गरेका छौं,' राजदूत तुलाधरले भने । उनले ६ जनाको मृत्यु एकैपटक नभएको जानकारी दिए ।

उनले रुसी सेनामा नेपालीको भर्ती गर्ने नेपाल सरकारको नीति नभएको भन्दै सेनामा रहेका नेपालीको संख्याबारे रुससँग जानकारी मागिएको पनि बताए । 'कूटनीतिक च्यानलमार्फत हामीले हाम्रा नागरिकको विषयमा पर्याप्त चासो राखेका छौं, संवादमै छौं,' तुलाधरले भने ।

परराष्ट्र मन्त्रालयका एक अधिकारीले नयाँ पत्रिकासँग भने, 'भारत र बेलायतबाहेक अन्य देशको सेनामा नागरिकको भर्ती गर्ने नीति नेपाल सरकारको छैन । यो विषय रुस र युक्रेन दुवैलाई जानकारी गराइसकिएको छ ।'

कानुनीलगायतका...

पृष्ठ १ बाट क्रमशः

बढीको न्यून भए र सात वा सातभन्दा बढी मध्यम वा न्यून भए त्यो निगरानी वा कालोसूचीमा जान्छ । नेपालको हालको अवस्था चारवटा सूचकमा मध्यम र बाँकी सातमा न्यून छ । यसले नेपाल निगरानी वा कालोसूचीमा पर्ने कुरा एपिजीको प्रारम्भिक प्रतिवेदनले नै औंल्याएको छ ।

त्यस्तै, प्राविधिक परिपालना (टेक्निकल कम्प्लायन्स)को पनि अर्को मूल्यांकन हुन्छ । प्राविधिक परिपालनातर्फ कानुन, व्यवस्था, नीतिगत संरचनालगायतका विषय हेरिन्छ । यसतर्फ पनि अवस्था हेरेर लार्जली कम्प्लायन्स, पार्सिअल्ली कम्प्लायन्स र नन्-कम्प्लायन्सको रेटिङ गरिन्छ । निगरानी वा ग्रे वा ब्ल्याकलिस्टमा नपर्न लार्जली कम्प्लायन्सको रेटिङ आवश्यक हुन्छ ।

प्राविधिक परिपालनातर्फ पनि नेपालको अवस्था कमजोर छ । प्रभावकारिता र प्राविधिक परिपालनाको समग्र अवस्थाको मूल्यांकन गरेर एफएटिएफले मूल्यांकनको अन्तिम नतिजा दिन्छ ।

'ग्रे लिस्ट'बाट जोगिन ऐन नै निर्णायक, तर ल्याउन आनाकानी

गत असारमा क्यानडामा भएको पारस्परिक मूल्यांकनबाट नेपाललाई सम्पत्ति शुद्धीकरणको निगरानीमा राख्ने निर्णय एपिजीले गरेपछि एफएटिएफले अन्तिम मूल्यांकनको तयारी गरिरहेको छ । अन्तिम मूल्यांकनको चरणमा एफएटिएफले विषयहरू औंल्याएर सुधारका लागि भनेको छ ।

एफएटिएफले उपयुक्त कानुनी व्यवस्थाको प्रबन्धलगायतका विषयहरूलाई मूलभूत रूपमा उठाएको छ । सम्पत्ति शुद्धीकरणको मूल्यांकन प्रक्रियामा लागेका अधिकारीहरूका अनुसार नेपालका लागि अहिले ऐन संशोधन गर्ने प्रक्रिया नै महत्त्वपूर्ण छ । तर, सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धनसम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७९ संसद्बाट पारित हुन सकेको छैन । २७ माघ ०७९ मा प्रतिनिधिसभामा दर्ता भएको यो जरुरी विधेयक साढे १० महिनासम्म पनि पारित भएको छैन । प्रतिनिधिसभाको कानुन समितिले गत वैशाखमै दफावार छलफल गरेर सुझावसहित पारित गरेको थियो । समितिको सुझावसहितको विधेयक प्रतिनिधिसभाले छलफल गरेर टुंग्याई राष्ट्रिय सभाबाट समेत पारित भएपछि ऐन बन्छ । 'अहिलेका लागि ऐन संशोधन हुन सके नेपाललाई ग्रे वा ब्ल्याकलिस्टेट हुनबाट जोगाउन सकिने अवस्था हुन्थ्यो,' स्रोतले भन्यो ।

लेकतिर...

पृष्ठ १ बाट क्रमशः

अधिकांश भू-भागमा हिमपात भएको छ भने हुम्लाकै दक्षिणी भेग सर्केगाड, चंखेली, ताजाकोट र अदानचुली गाउँपालिकामा हल्का वर्षा भएको छ । मुगुका यार्सा पाटनहरू, कोइकी



हिमाल, डोल्फु, घुच्ची, बुलबुले, सातताल, दुधताल, बाम, ऋणीमोक्ष, खेस्मालिका, सोरुकोटलगायत क्षेत्रमा पनि हिमपात भएको छ । डोल्फु गाउँका नेम्मा सेराव लामाका अनुसार आइतबार रातिबाट बदली भएकामा सोमबार बिहानै हिमपात भएको हो । मुगु सदरमुकाम गमगढीमा भने वर्षा भएको छ । हिमपातका कारण सोमबार नेपालगन्ज र सुर्खेतबाट सिमकोट विमानस्थलमा उडानसमेत हुन सकेन ।

मनाङ र बागलुङको ढोरपाटन सिकार आरक्ष क्षेत्रमा पनि हिमपात भएको छ । आरक्ष कार्यालयका प्रमुख वीरेन्द्र कँडेलका अनुसार यहाँ यस सिजनको पहिलो हिमपात भएको हो । हिमपातले ढोरपाटन उपत्यका सेतामय भएको छ ।

हाल नेपालमा पश्चिमी वायुको साथै भारतको उत्तर प्रदेशको आसपासमा रहेको न्यूनचापीय क्षेत्रको प्रभाव रहेको मौसमविद् अधिकारीले बताए । हिउँदमा पश्चिमी वायुले तराई र पहाडी क्षेत्रमा वर्षा गराउँछ भने उच्च पहाडी तथा हिमाली क्षेत्रमा हिमपात गराउँछ ।

बदलीसँगै काठमाडौंमा चिसो, तराईमा हुस्सु

पश्चिमबाट पूर्व सर्दै गएको बादलले सोमबार दिनभर काठमाडौंको आकाश ढाक्दा उपत्यकामा चिसो बढेको छ । आइतबारको तुलनामा सोमबार काठमाडौंको अधिकतम तापक्रम ४ डिग्री सेल्सियसले झरेको थियो । सोमबार अधिकतम तापक्रम १७.६ डिग्री सेल्सियस र न्यूनतम तापक्रम ७.७ डिग्री सेल्सियस मापन भयो । आइतबार अधिकतम तापक्रम २१.२ डिग्री सेल्सियस थियो ।

मौसमविद् सञ्जीव अधिकारीका अनुसार मंगलबार भने काठमाडौंको मौसममा केही सुधार आउन सक्छ । 'काठमाडौंमा तत्काल वर्षाको सम्भावना छैन, आकाश बादलले ढाकेर चिसो भएको हो । आकाश खुल्दै पश्चिमी वायुको असर पूर्व सर्दै जाँदा काठमाडौंमा घाम लाग्न सक्छ,' उनले भने, 'मंगलबार कोशी र मधेश प्रदेशमा बदलीको सम्भावना छ ।'

हाल नेपालमा पश्चिमी वायुको प्रभावसँगै भारतको उत्तर प्रदेशको आसपासमा रहेको न्यूनचापीय क्षेत्रको असर छ । यसबाहेक बंगालमा बनिरहेको चक्रवातको असरका कारण पनि मंगलबार र बुधबार मधेशसँगै कोशीमा बदली हुन सक्ने अनुमान छ । मंगलबार कोशी, बागमती र गण्डकी प्रदेशका पहाडी भूभागका एक-दुई स्थानमा हल्का वर्षाको सम्भावना छ भने उच्च पहाडी तथा हिमाली भूभागका एक-दुई स्थानमा हल्का हिमपातको आकलन गरिएको छ ।

बदलीसँगै तराईमा भने हुस्सु लाग्न थालेको छ । सोमबार बिहान सुदूरपश्चिम, लुम्बिनी, गण्डकी र बागमतीका तराईमा सामान्य बदली थियो भने धनगढी, नेपालगन्ज, भैरहवा, जनकपुर र विराटनगरमा हुस्सु लागेको थियो । हुस्सुका कारण भिजिबिलिटी (पारदर्शिता) पनि घट्न थालेको मौसमविद् अधिकारीले बताए ।

भावपूर्ण श्रद्धाञ्जली



जन्मः २०२५/०३/१३

स्वर्गारोहणः २०८०/०८/१३

स्व. पुष्प राज शाक्य

यस संस्थाका सचिव **स्व. पुष्प राज शाक्य**को असामयिक स्वर्गारोहणले हामीलाई स्तब्ध बनाएको छ । उहाँको दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं । साथै यस दुःखद घडीमा शोकाकुल परिवारमा धैर्यधारण गर्न शक्ति प्रदान गरुन् भनी ईश्वरसँग प्रार्थना गर्दछौं ।

तपाई हाम्रो बचत तथा ऋण सहकारी संस्था लि.
ललितपुर-१३, जावलाखेल

हार्दिक श्रद्धाञ्जली



जन्मः वि.सं. २०२४ फागुन २४ गते

स्वर्गारोहणः वि.सं. २०८० मंसिर ७ गते

स्व. विजया घिमिरे

हाम्रा सहकर्मी श्री शैलाजा घिमिरेकी ममतामयी माता **श्री विजया घिमिरे**को स्वर्गारोहण भएको आज १३औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

सानिमा बैंक www.sanimabank.com

पो.ब.नं: २०३९४, 'अलकापुरी', नक्साल, काठमाडौं फोनः +९७७-१-५९७००३३
फ्याक्सः +९७७-१-४४२८९६९ ईमेलः sanima@sanimabank.com

नेपाल सरकार
नेपाल कृषि अनुसन्धान परिषद
राष्ट्रिय कृषि आनुवंशिक स्रोत केन्द्र
खुमलटार, ललितपुर

Real Time PCR मेशिन विद्युतीय बोलपत्र माध्यमबाट खरिद गर्ने सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति : २०८०/०८/१९

यस केन्द्रको बार्षिक बजेट कार्यक्रम अनुसार Real Time PCR मेशिन थान १ बिद्युतिय बोलपत्र माध्यमद्वारा खरिद गर्नुपर्ने भएकोले ईच्छुक सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सूचनाको विस्तृत विवरण कार्यालयको सूचना पाटीमा टाँस गरिएको व्यहोरा अनुरोध छ ।

तपसिलः

ठेक्का नं.	कामको विवरण	लागत अनुमान (भ्याट समेत)	विड जमानत रकम	बोलपत्र दस्तुर	बोलपत्र फाराम खरिद गर्ने अन्तिम मिति	बोलपत्र फाराम दाखिला गर्ने अन्तिम मिति	बोलपत्र खोल्ने मिति समय र स्थान
NAGRC/NCB/GOODS/01-2080/81	Supply and Delivery of Real-Time polymerase chain reaction (RT-PCR Machine- Unit 1 खरिद कार्य	३०,२४,०००/००	७६,०००/००	३०००/००	२०८०/०९/१८	२०८०/०९/१९ मध्यान्ह १२ बजे सम्म	२०८०/०९/१९ दिनको २:०० बजे राष्ट्रिय कृषि आनुवंशिक स्रोत केन्द्र, खुमलटार

लालबन्दी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लालबन्दी, सर्लाही
मधेश प्रदेश, नेपाल

आन्तरिक आय संकलनका लागि बोलपत्र आह्वान

(दोश्रो पटक प्रकासित मिति : २०८०/०८/१५)

यस नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने देहाय बमोजिमको आन्तरिक आयका ठेक्का बन्दोबस्त गर्नुपर्ने भएको हुँदा ईच्छुक फर्म वा कम्पनीहरुबाट शिलबन्दी बोलपत्र आह्वान गरिएको छ ।

आय ठेक्का नं.	ठेक्काको नाम	न्यूनतम अंक (मु.अ.कर सहित)	वोलपत्र फाराम दस्तुर	ठेक्का कायम र हने अवधी
आ.आ. १३ - ०८०/०८१	गोरु बजार, नवलपुर, लालबन्दी १	रु.२५,००,०००।- (पच्चीस लाखमात्र)	रु.३,०००।-	१(एक) बर्ष
आ.आ. १४- ०८०/०८१	नगर कम्प्लेक्स भवन, लालबन्दी ७	रु.४,५०,०००।- (मासिक छ लाख, पचास हजारमात्र)	रु.३,०००।-	१०(दश) बर्ष
आ.आ. १५- ०८०/०८१	व्यवसायिक भवन (र ष्ट्रिय वाणिज्य बैंक वसे को भवनको भुइतल्ला) लालबन्दी ७	रु.१,२१,०००।- (मासिक एक लाख, एक्काईस हजार मात्र)	रु.१,०००।-	१०(दश) बर्ष

ठेक्काको शर्तहरु, विस्तृत जानकारी तथा बोलपत्र फारम र सोसँग सम्बन्धित जानकारी कार्यालयको वेबसाइट www.lalbandimun.gov.np मा राखिएको छ ।

नेपाल सुपर लिग

झापा र काठमाडौंले अंक बाँडे

खेलपछि काठमाडौंले शीर्ष स्थान उक्लने अवसर गुमायो

नयाँ पत्रिका

नयाँ टोली झापा एफसीले नेपाल सुपर लिग (एनएसएल) को साबिक विजेता काठमाडौं रेजर्ससँग गोलरहित बराबरी खेलेको छ। त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा सोमबार सम्पन्न खेलमा दुवै टोली बराबरी खेल्दै अंक बाँडेका हुन्। खेलमा दुवै टोलीले गोलका अवसर बनाए पनि सदुपयोग गर्न सकेनन्। दोस्रोपटक आयोजना भएको प्रतियोगिताको १३औँ खेलमा दुवै टोलीले आशाअनुसारको प्रदर्शनसमेत गर्न सकेनन्। बराबरीपछि काठमाडौंले शीर्ष स्थान उक्लने अवसर गुमायो।

काठमाडौंको यो लगातार दोस्रो बराबरी हो। काठमाडौंको तीन खेलबाट पाँच अंक छ। काठमाडौंले उद्घाटन खेलमा स्पोर्टिङ इलाम एफसीलाई १-० ले हरायो। दोस्रो खेलमा उसले एफसी चितवनसँग १-१ गोलको बराबरी खेलेको थियो। यता, समान तीन खेलबाट दुई अंक जोडेको झापा सातौँ स्थानमा छ। झापा पहिलो खेलमा स्पोर्टिङ इलामसँग १-० ले पराजित भएको थियो। दोस्रो खेलमा पोखरा थन्डर्ससँग १-१ को बराबरी रोकिएको थियो।

काठमाडौंका प्रशिक्षक बालगोपाल महर्जनले झापालाई हराउँदै तालिकाको शीर्षस्थानमा पुग्ने लक्ष्य राखे पनि खेलाडीबीच तालमेल नमिलेको र महत्त्वपूर्ण खेलाडी चल्न नसकेको आरोप लगाए। 'जुन लक्ष्यसहित आएका थियौँ त्यो पूरा भएन। यदि भएको भए हामी तालिकाको शीर्षस्थानमा पुग्ने थियौँ,' महर्जनले भने, 'महत्त्वपूर्ण खेलाडीले नै वान भर्सेस वान गुमाएका छन्। टिम गेम नहुँदा समस्या भयो।'

झापाका स्पेनिस प्रशिक्षक ओरिओल मेहदानो सेगुराले लगातार खेल्दा खेलाडी घाइते भएको बताए। उनी तेस्रो खेलमा समेत रेफ्रीसँग सन्तुष्ट हुन सकेनन्। 'लगातार खेलिरहनुपर्दा खेलाडी घाइते छन्। हामीले यस्तो प्रतियोगितामा लामो समय पाउनुपर्छ,' सेगुराले भने, 'आज पनि रेफ्रीले निर्णय सन्तोषजनक छैन। म उनीहरूको विषयमा धेरै बोल्दिनँ।'

दुवै टोली फिनिसिङमा चुके

खेलमा झापाले तीन विदेशी र काठमाडौंले पाँच मैदानमा उतारेका थिए। तर, दुवै टोली फिनिसिङमा चुक्दा अंक बाँड्न बाध्य भए। खेलको १४औँ मिनेटमा काठमाडौंका मार्की खेलाडी हिसुब थपलियाको फितलो प्रहार झापाका गोलकिपर स्टेफन क्युपिकले बचाए। २८औँ मिनेटमा झापाले गोल गरेको थियो। तर, रेफ्री नवीन्द्र महर्जनले त्यसलाई मान्यता दिएनन्। झापाका समिराज थोकरले काठमाडौंका गोलकिपर अभिषेक बराललाई धकेलेपछि बल फुत्किएर लाइन पार गरेको थियो। झापाका जोर्ज सान्चेजले दोस्रो हाफको सुरुवातमै गरेको प्रहार गोलकिपर अभिषेकले नियन्त्रणमा लिए। ६४औँ मिनेटमा झापाका समान्डार ओचिलोभको प्रहार अभिषेकले बचाउँदा काठमाडौंको खतरा टर्‍यो। दोस्रो हाफमा काठमाडौंका रक्षक अञ्जन राईले झापाको केही प्रहार रोक्दै टोलीको हार टारेका थिए।



काठमाडौं रेजर्स (रातो) र झापा एफसीका खेलाडी बलका लागि प्रतिस्पर्धा गर्दै। तस्बिर : ज्ञानेन्द्र कार्की/नयाँ पत्रिका

अंक तालिका					
क्लब	खेल	जित	बराबर	हार	अंक
धनगढी	३	२	१	०	७
ललितपुर	३	१	२	०	५
पोखरा	३	१	२	०	५
काठमाडौं	३	१	२	०	५
चितवन	३	१	१	१	४
इलाम	३	१	०	२	३
बुटवल	३	१	०	२	३
झापा	३	०	२	१	२
वीरगन्ज	२	०	०	२	०

झापाको गुनासो- खेलाडीलाई विश्राम समय कम

झापाका स्पेनिस प्रशिक्षक सेगुराले प्रतियोगितामा कम विश्राम हुँदा खेलाडी घाइते भएको बताएका छन्। उनले खेलाडी घाइते हुँदा समस्या भएको भन्दै प्रतियोगिता लामो समयका लागि आयोजना गर्न अनुरोध गरेका हुन्। 'हामीले ४८ घन्टामै खेल खेलिरहेका छौं। खेलाडीले कम विश्राम पाएका छन्। जसले गर्दा धेरै खेलाडी घाइते भए,' सेगुराले भने, 'यस्ता प्रतियोगिता हुँदा लामो समय लिनुपर्छ। जसले प्रतियोगिताको चाम बढाउनेछ।'

झापाले तेस्रो खेलमा आइपुग्दा महत्त्वपूर्ण तीन खेलाडी गुमाएको छ। अक्सनमा सहभागी नौ टोलीको नजरमा परेका लोकन लिम्बू प्रतियोगिताअघि नै गुमाउन पुग्यो। दोस्रो खेलमा मार्की तथा कप्तान अञ्जन विष्ट घाइते हुँदा तेस्रो खेलमा उपलब्ध भएनन्। उनी पोखरा थन्डर्सविरुद्ध हेड गर्ने क्रममा लडेका थिए। तेस्रो खेलमा काठमाडौंविरुद्ध आइकोनिक खेलाडी आभाष लामिछाने घाइते भए। लाकेनले प्रतियोगिता नै गुमाउनेछन् भने अञ्जन र आभाषको टुंगो छैन। उनले प्रतियोगिता दौरान पनि राम्रो तयारी गर्न नपाएको दुखेसो पोखे। 'प्रतियोगिता हुँदै गर्दा खेलाडी राष्ट्रिय टोलीसँगै थिए। लगातार खेल्दा खेलाडीले विश्राम पाएका छैनन्। हामी चाहन्छौं खेलाडीले धेरै विश्राम पाऊन्।'

खेल संक्षेप

उषाले माल्दिभ्समा खेल्ने

काठमाडौं/ राष्ट्रिय भलिबल टोलीकी ओपन स्पाइकर उषा भण्डारीले माल्दिभ्सबाट क्लब लिग खेल्ने भएकी छिन्। उषाले डिसेम्बर ८ देखि २८ तारिखसम्म हुने भिएएम कप एन्ड नेसनल च्याम्पियनसिप खेल्ने पक्का भएको जानकारी गराइन्। उषाले तेस्रोपटक माल्दिभ्सको लिग खेल्न लागेकी हुन्। यो सिजनमा न्यु जेनेरेसन क्लबबाट खेल्ने पक्का भएको छ। न्यु जेनेरेसनबाट भने उनी पहिलोपटक लिग खेल्न लागेकी हुन्। यसअघि आर्मी क्लब एमएनडिएफबाट खेलेकी उषाले दोस्रोपटक खेल्दा क्लब इगल्सबाट खेलेकी हुन्। इगल्सबाट खेल्दा भण्डारीको क्लब सेमिफाइनलसम्म पुग्न सफल भएको थियो।

ज्ञानोदयको दोहोरो जित

काठमाडौं/ आयोजक ज्ञानोदयले २९औँ ज्ञान कार्निभलअन्तर्गत अन्तरविद्यालय बास्केटबल प्रतियोगितामा सोमबार दोहोरो जित हात पारेको छ। बुडमतीस्थित घरेलु कोर्टमा भएको पुरुषतर्फको प्रतिस्पर्धामा ज्ञानोदयले ग्रेस एकेडेमीलाई ४८-१२ ले पराजित गर्‍यो। ज्ञानोदयको जित रिजन अधिकारीले २५ अंक योगदान गरे। महिलातर्फ रिस्ता तिलिजाको ६ अंक सहयोगमा ज्ञानोदयले ग्रेसलाई ३१-१४ ले हरायो। पुरुषतर्फ अर्को खेलमा पुष्पसदनले एलआरआईलाई ३८-११ ले पाखा लगायो। पुष्पसदनका मनीष गुरुङले १३ अंक जोडे। महिलातर्फ बूढानीलकण्ठले एलआरआई १७-१२ ले पन्छायो। विजेता टोलीकी सराहले १० स्कोर गरिन्।

फेका कप बिहीबारदेखि

काठमाडौं/ स्वच्छ शैक्षिक प्रतिस्पर्धीहरूको संगठन (फेका)को आयोजनामा १६औँ फेका कप अन्तरविद्यालय छात्र फुटबल प्रतियोगिता बिहीबारदेखि हुने भएको छ। प्रतियोगितामा २४ टिमले प्रतिस्पर्धा गर्ने फेकाका सहसचिव एवं कार्यक्रम संयोजक राजु दाहालले जनाएका छन्। विजेताले ३० हजार, उपविजेताले २० हजार, तेस्रोले १० हजार र चौथो हुने टोलीले पाँच हजार नगद पुरस्कार पाउने छन्। प्रत्येक खेलको 'म्यान अफ दी म्याच'का साथै उत्कृष्ट गोलरक्षक, रक्षक, मिडफिल्डर, स्ट्राइकर र प्रशिक्षकलाई ट्रफी प्रदान गरिनेछ। पुस १ गतेसम्म चल्ने प्रतियोगिताका खेल मूलपानी चौर खेलमैदानमा हुनेछ।

हिमरश्मिलाई सफलता

काठमाडौं/ हिमरश्मिले दोस्रो तार्केश्वर मेयर रनिङ सिल्ड खेलकुद प्रतियोगिताअन्तर्गत बास्केटबलमा सोमबार दोहोरो सफलता प्राप्त गरेको छ। मनमैजुस्थित लालीगुराँस नेसनल एकेडेमी (एलएनए)मा भइरहेको प्रतियोगिताको महिलातर्फ हिमरश्मीले प्रारम्भ वर्ल्डलाई १८-१२ ले पराजित गर्‍यो। हिमरश्मिकी खुसी चौधरीले ७ स्कोर गरिन्।

किन्डरगार्टेनको वर्चस्व

काठमाडौं/ दोस्रो तार्केश्वर मेयर रनिङ सिल्ड खेलकुदको उसुमा किन्डरगार्टेनको वर्चस्व रहेको छ। १८ स्पर्धामा प्रतिस्पर्धा भएकोमा किन्डरगार्टेनले १४ स्वर्णमाथि कब्जा जमायो। एन्जल्स हार्टले २ तथा हिमरश्मी र कालीदेवीले १-१ स्वर्ण हात पारेका छन्। मनमैजुस्थित अजिमा हलमा भएको प्रतियोगिताको थाउलोतर्फ नानछ्वानको पुरुषमा हिमरश्मिका सार्थक आचार्य र महिलामा किन्डरगार्टेनकी करिना बोहरा, छाङछ्वानको पुरुषमा किन्डरगार्टेनका विजन रोक्का क्षेत्री र महिलामा कालिदेवीकी यर्मिया तामाङ तथा थाइची छ्वानको पुरुषमा किन्डरगार्टेनका एनेक्स महर्जन र महिलामा किन्डरगार्टेनकी विपना तामाङले स्वर्ण जिते।

नुनढाकीमा खेलकुद महोत्सव हुने

संखुवासभा/ संखुवासभाको चैनपुर नगरपालिका- १ स्थित धार्मिक तथा पर्यटकीय क्षेत्र नुनढाकीमा बालाचर्तुदशीको अवसरमा खेलकुद तथा बृहत् सांगीतिक कार्यक्रम हुने भएको छ। 'कला संस्कृतिको संरक्षण तथा पर्यटन पूर्वाधारको पहिचान, नुनढाकीको विकास समृद्धिका आधार' भन्ने नारासहित मंसिर २६ देखि २९ गते सम्म प्रतियोगिता सञ्चालन हुने जनाइएको छ।

धनगढी क्रिकेट एकेडेमी र स्पोर्टस् क्लब विजयी

धनगढी/ लिटल फ्लावर प्रिमियर लिग (एलपिएल)अन्तर्गत सोमबार भएको खेलमा धनगढी क्रिकेट एकेडेमी र धनगढी स्पोर्टस् क्लब विजयी भएका छन्। धनगढी क्रिकेट एकेडेमीले कैलाली बहुमुखी क्याम्पसलाई ४३ रनले हराउँदै प्रतियोगितामा विजयी सुरुवात गरेको छ। धनगढीस्थित फाप्ला क्रिकेट मैदानमा टस हारेर ब्याटिङ गरेको धनगढी क्रिकेट एकेडेमीले १५ ओभरमा ६ विकेट गुमाएर एक सय २४ रन बनाएको थियो। धनगढीका लागि कप्तान विजय रानाले सर्वाधिक ४१ रन र ऋतिक थापाले अविजित ३७ रनको योगदान गरे। कैलाली बहुमुखीका अभिषेक कुँवर, लोकेन्द्र खनाल र दीप कपडेलले समान दुई विकेट हात पारे।

एक सय २५ रनको विजयी लक्ष्य पछ्याएको कैलाली बहुमुखी क्याम्पसले पूरै ओभर ब्याटिङ गरे पनि ९ विकेट गुमाएर मात्र ८१ रन बनाउन सक्यो। धनगढी क्रिकेट एकेडेमीका नीरज ऐरले ४ तथा अनिश अवस्थी र मान साउदले समान दुई विकेट लिए। कैलालीको इनिङ्समा गणेश ऐरले सर्वाधिक १७ तथा पंकज चौधरीले १४ रन जोडे।

दोस्रो खेलमा धनगढी स्पोर्टस् क्लबले कैलाली जिल्ला क्रिकेट क्लबलाई ७२ रनले पराजित गरेको छ। टस जितेर ब्याटिङ गरेको धनगढी स्पोर्टस् क्लबले निर्धारित २० ओभरमा ६ विकेट गुमाएर एक सय ६६ रन बनाएको हो। धनगढीका लागि ओपनर आयुष्मान बमले सर्वाधिक ४५ रन बनाए।

क्षीरेश्वरनाथ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
महेन्द्रनगर, धनुषा
मधेश प्रदेश, नेपाल

डाँक बडाबड गर्ने सम्बन्धमा ७(सात) दिने सूचना

प्रथम पटक प्रकाशित मिति : २०८०/०८/१५ गते

यस नगरपालिका स्थित पोखरीहरुको आ.व. २०८०/८१ को ठेक्का बन्दोबस्त भएको मिति देखि २०८५ अषाढ मसान्त सम्मको लागि ठेक्का बन्दोबस्त गर्न यस नगरपालिकाको मिति २०८०/०८/१४ गतेको निर्णय अनुसार उक्त पोखरीहरुको ठेक्का बन्दोबस्त डाँक बडाबड प्रकृयाबाट गरिने भएकोले देहायको शर्तको अधिनमा रही डाँक बडाबडमा भाग लिन हुन सम्बन्धित सबैको जानकारीको लागि पुनः ७ (सात) दिने यो सूचना प्रकाशित गरिएको छ।

क. सं.	ठेक्काको किसिम	न्यूनतम कवोल अंक	ठेक्का अवधि	डाँक बडाबड हुने स्थान	डाँक बडाबड हुने मिति	डाँक बडाबड हुने समय	कैफियत
१	बर्सनिया खोला वडा नं. ८ स्थित सितानगर पोखरी	२,००,०००।००	ठेक्का बन्दोबस्त भएको मिति देखि मिति २०८५ अषाढ मसान्तसम्म	नगरपालिकाको सभाहल	२०८०।०८।२५	दिनको १२:०० बजेदेखि २:०० बजे सम्म	
२	देवकोटा टोल पोखरी, क्षी.न.पा. ८	२,००,०००।००	ठेक्का बन्दोबस्त भएको मिति देखि मिति २०८५ अषाढ मसान्तसम्म	नगरपालिकाको सभाहल	२०८०।०८।२५	दिनको १२:०० बजेदेखि २:०० बजे सम्म	
३	मटकोरवा पोखरी, क्षी.न.पा. २	१,५०,०००।००	ठेक्का बन्दोबस्त भएको मिति देखि मिति २०८५ अषाढ मसान्तसम्म	नगरपालिकाको सभाहल	२०८०।०८।२५	दिनको १२:०० बजेदेखि २:०० बजे सम्म	
४	कुरी पोखरी, क्षी.न.पा. १	३,००,०००।००	ठेक्का बन्दोबस्त भएको मिति देखि मिति २०८५ अषाढ मसान्तसम्म	नगरपालिकाको सभाहल	२०८०।०८।२५	दिनको १२:०० बजेदेखि २:०० बजे सम्म	

१. डाँक बडाबडमा भाग लिने व्यक्तिले डाँक बडाबडा गर्ने बखतै कबोल रकमको ५% प्रतिशत नगद धरौटी जम्मा गर्नुपर्नेछ।
२. डाँक बडाबडमा भाग लिने व्यक्तिले नागरिकताको प्रमाण पत्र वा अन्य परिचय खुल्ने प्रमाण पत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ।
३. डाँक बडाबड सकिएपछि सबैभन्दा बढी कबोल गर्ने व्यक्तिसंग ठेक्का सम्झौताको पकृया अगाडी बढाईनेछ।
४. सबैभन्दा बढी कबोल गर्ने व्यक्तिले कारणबस तोकिएको समयमा सम्झौता गर्न नआएमा निजको धरौटी जफत् गरी सो भन्दा पछाडिको डाँक वाला व्यक्तिसंग सम्झौता प्रकृया बढाईनेछ।
५. डाँक स्वीकृत पशचात ७ (सात) दिन भित्र सम्झौता गर्न आउदा कबोल रकम वापतको सम्पूर्ण रकम एकमुष्ट रुपमा यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक, जनकपुर स्थित रहेको आन्तरीक श्रोतको खाता नं. १२४०१००३०१०१०००२ मा जम्मा गरेको सक्कल भौचर बुझाउनुपर्नेछ।
६. ठेक्का सम्झौता भईसकेपछि बन्द, हडताल वा कुनै कारण देखाई ठेक्का रकममा कुनै प्रकारको छुट र मिन्हा माफि दिईने छैन।
७. ठेकेदारले ठेक्का भोगचलन गर्दा यस कार्यालयको निर्देशन र सम्झौतामा उल्लेख शर्त बमोजिम काम गर्नुपर्नेछ।
८. ठेकेदार तथा नगरपालिका बीच कुनै किसिमको मत भिन्नता भएमा नगरपालिकाको निर्णयलाई अन्तिम निर्णय मानिनेछ।
९. यस सूचनामा उल्लेख भएका शर्तहरु यसै अनुसार र नभएको कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।
१०. अन्य जानकारीको लागि यस कार्यालय समय भित्र सम्पर्क राखी बझ्न सकिनेछ।

राम उदगार अधिकारी
प्रमुख प्रशासकिय अधिकृत

गजुरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गजुरी, धादिङ
वागमती प्रदेश, नेपाल

बोलपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०८०/०८/१५

यस गाउँपालिकाको निम्न योजना निर्माण कार्य यस आ.ब. २०८०/०८१ मा बोलपत्रद्वारा गर्नु पर्ने भएकोले योग्य, मान्यता प्राप्त तथा सम्बन्धित कार्यमा अनुभवी निर्माण व्यवसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वकको शिलबन्दी बोलपत्र आव्हान गरिएको छ।

१. बोलपत्र प्रथम पटक प्रकाशित मितिले ३० औं दिन सम्म यस कार्यालयमा तपशिलमा उल्लेख गरे बमोजिमको नगद रकम (पछि फिर्ता नहूने गरी) बुझाएको नगदी रसिद वा यस कार्यालयको खाता नं. १०५०१००३०१०१०००२ मा जम्मा गरेको भौचर, आ.व. ०८०/०८१ को लागि नविकरण भएको इजाजत पत्र र आयकर दर्ता प्रमाण पत्र, मूल्य अभिवृद्धि कर कार्यालयमा दर्ता भएको प्रमाण पत्र, आ.व.०७९/०८० सम्मको आयकर चुक्ताको प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपिहरु र स्वघोषणा पत्र संलग्न राखी इच्छुक इजाजत प्राप्त निर्माण व्यावसायीले तेकिएको समयभित्र रित पुर्वक e-bidding को माध्यमद्धारा बोलपत्र फारम खरिद गर्न सकिनेछ।
२. खरिद भएका बोलपत्रहरुको प्रत्येक आइटम प्रस्टसंग भरी, निर्माण व्यवसायीले सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२.०० बजे सम्म e-bidding को माध्यमद्धारा पेश गर्न सकिनेछ र सोहि दिन १२.१५ बजे ठेक्का खोलिने छ।
३. बोलपत्र फारमसाथ धरौटी वापत तल उल्लेखित जमानत वापतको रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक गजुरी शाखामा रहेको धरौटी खाता नं.१०५०१००३०३०००००२ मा रकम जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी भएको कम्तिमा शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति देखि ९० दिन म्याद भएको, मान्यता प्राप्त बैंकबाट बैंक ग्यारेन्टी (विड वण्ड) शर्त रहित पेश गर्नु पर्नेछ।
४. बोलपत्र खरिद वा दर्ता गर्ने फर्महरुले निर्माण स्थल र कामको सम्वन्धमा साम्रोसंग बुझी, हेरी साइट निरीक्षण गरी बोलपत्र भरेको मानिने छ।
५. बोलपत्रदाताले आफूले कबोल गरेको अंक मुल्य अभिवृद्धि कर वाहेकको हुनु पर्नेछ। मुल्य अभिवृद्धि करको रकम समेत एकमुष्ट भूक्तानी गरिने छ।
६. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएपछि नियमानुसार हुने रकम बराबरको नगद, बैंक भौचर वा सो बराबरको कम्तीमा योजना सम्पन्न भएको मितिबाट १३ थप समयावधि सम्म मान्य हुने बैंक जमानत (परफरमेन्स वण्ड) शर्त रहित पेश गर्नु पर्नेछ।
७. कार्यालयको हितलाई ध्यानमा राखी कुनै पनि कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने, नगर्ने, वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।
८. बोलपत्रमा आवश्यक कुनै संशोधन गर्नु परेमा यस कार्यालयको सूचनापाटीमा सूचित गरिनुको साथै गा.पा.को web site: www.gajurimun.gov.np मा समेत हेर्न सकिनेछ।
९. प्रचलित ऐन नियम अनुसार लाग्ने सम्पुर्ण करहरु बोलपत्रदाता स्वयंले व्यहोर्नु पर्नेछ।
१०. सुचनामा उल्लेख नभएका अन्य विषयहरुको हकमा सार्वजनिक खरीद ऐन, २०६३ तथा सार्वजनिक खरीद नियमावली, २०६४ एवं अन्य प्रचलित कानुन बमोजिम हुनेछ। संयुक्त उपक्रम (Joint Venture) मा काम गर्ने व्यवसायीको सम्वन्धमा सार्वजनिक खरिद नियमावली २०६४ वमोजिम हुनेछ।
१२. बोलपत्र खोल्ने दिन विदा परेमा सो पछि कार्यालय खोलेको दिन माथि उल्लेख भएका समयमा बोलपत्र खोलिनेछ।
१३. यसमा लेखिएको हकमा यसै अनुसार र यस सुचनामा उल्लेख नभएका अन्य विषयहरुको हकमा सार्वजनिक खरीद ऐन, २०६३ तथा सार्वजनिक खरीद नियमावली, २०६४ एवं अन्य प्रचलित कानुन बमोजिम हुनेछ।
१४. बोलपत्र दाताहरुले e-bidding (PPMO को web site: http:/bolpatra.gov.np) को माध्यमबाट मात्र यस प्रकि्यामा भाग लिन सकिने छ।

कामको विवरण

सि.न.	ठेक्का नं.	कामको विवरण	ल.ई रकम (मू.अ.कर र कन्टिन्जेन्सी बाहेक)	धरौटी रकम रु.	बोलपत्र फाराम दस्तुर रु.
१.	GRM/W/NCB-08/080/081	मरणघाट निर्माण	४३,०७,०१७.३४	१,२५,०००।००	३०००।०

प्रमुख प्रशासकीय अधिकृत

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com